# परिच्छेद - एक

# शोध परिचय

## १.१ विषय परिचय

प्रस्तुत शोधकार्यको विषय 'शीतल गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' रहेको छ । नेपाली साहित्य जगत्का एक उत्कृष्ट प्रतिभा भएका शीतल गिरीको जन्म वि.सं. २०१३ चैत्र ३ गते महाकाली अञ्चलको कञ्चनपुर जिल्लाको बेलौरीमा भएको हो । यिनका पिता स्व. कमलबहादुर गिरी र स्व. माता धनदेवी गिरी हुन् । वि.सं. २०३८ मा 'मृत्यु' शीर्षकको कविता प्रकाशित गरी नेपाली साहित्यका क्षेत्रमा देखा परेका हुन् । उनले नेपाली साहित्यमा कविता, निबन्ध, कथा, उपन्यास लगायत विधामा कलम चलाएर महत्त्वपूर्ण योगदान दिएका छन् । निबन्धकार व्यक्तित्व, कवि व्यक्तित्व र लोक साहित्यका अध्येता व्यक्तित्व नै उनको प्रमुख व्यक्तित्व हो ।

शीतल गिरीले साहित्य र साहित्येतर गरी थुप्रै विधामा कलम चलाएका छन् । कविता विधाबाट नेपाली साहित्यमा उदाएका भए पनि पछिल्लो समयमा प्राग्ऐतिहासिक निबन्ध, लोक संस्कृति अन्वेषण लेखनमा बढी सफलता प्राप्त गरेका छन् । उनका 'महाकाली' कविता सङ्ग्रह (२०४५), 'पत्रमित्रता युगको आवश्यकता' निबन्ध सङ्ग्रह (२०५५), 'प्रसङ्गवश' निबन्ध सङ्ग्रह (२०६३), 'बज्जि र बज्जिका' लोक साहित्य (२०७०) जस्ता चारवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । यसका अतिरिक्त थुप्रै पत्रपत्रिकाहरूमा जीवनको लागि वातावरण सम्बन्धी समसामयिक लेख रचनाहरू प्रकाशित छन् । उनले 'बीणा', 'रौतहट रश्मि' साहित्यिक त्रैमासिक जस्ता पत्रपत्रिकाहरूमा सम्पादकको रूपमा आफ्नो संलग्नता देखाएका छन् । अहिले 'शब्द-संयोजन' मासिकको सम्पादनको रूपमा सक्रिय छन् । नेपाली साहित्यका क्षेत्रमा अत्यन्त सक्रिय र जागरुक भई गिरीले गरिमामय पुरस्कार, सम्मान पनि प्राप्त गरेका छन् । यसरी साहित्यिक र साहित्येतर कृतिहरूका लेखक शीतल गिरीका जीवनी, व्यक्तित्व र कृतित्व बारे समग्र अध्ययन, समालोचना, विश्लेषण हुन बाँकी भएकोले यस शोधकार्यमा उनको योगदानको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

शीतल गिरी नेपाली साहित्यको श्रीवृद्धिका लागि निरन्तर यात्रारत व्यक्तित्व हुन् । उनले नेपाली साहित्यका विभिन्न विधाहरूमा कलम चलाए तापनि शीतल गिरीको जीवनी, व्यक्तित्व र कृतित्व तथा प्रकृति जस्ता विषयमा गहन अध्ययन नभएको हुँदा नै समस्याको रूपमा लिएर चयन गरिएको हो । यही समस्यासँग सम्बद्ध अन्य केही उपसमस्या यस प्रकार रहेका छन् :

(क) शीतल गिरीको जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?

(ख) शीतल गिरीका कविता के कस्ता रहेका छन् ?

(ग) शीतल गिरीका निबन्ध के कस्ता छन् ?

(घ) शीतल गिरीको बज्जि र बज्जिका कृति के कस्तो छ ?

उल्लेखित समस्याहरूमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ । त्यसैले यस शोधकार्यमा शीतल गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

उपर्युक्त शोध समस्यामा प्रस्तुत गरिएका मूलभूत समस्यामा केन्द्रित रही प्रस्तुत शोधपत्रमा निम्नलिखित उद्देश्यहरू राखिएका छन् :

(क) शीतल गिरीको जीवनी र व्यक्तित्वको अध्ययन गर्नु,

(ख) शीतल गिरीका कविताको विश्लेषण गर्नु

(ग) शीतल गिरीका निबन्धको विश्लेषण गर्नु,

(घ) शीतल गिरीको बज्जि र बज्जिकाको विवेचना गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

शीतल गिरी नेपाली साहित्यमा मूलतः प्रग्ऐतिहासिक र पौराणिक साथै सांस्कृतिक विषयका निबन्धमा सक्रिय रूपमा लागेका सर्जक हुन् । उनी निरन्तर साधनारत छन् । आजसम्म शीतल गिरीको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धमा विभिन्न पुस्तक तथा पत्रपत्रिकामा टिकाटिप्पणी भए पनि व्यवस्थित र वैज्ञानिक रूपले गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको विषयमा विस्तृत अध्ययन भएको छैन । यद्यपि हालसम्म उनका बारेमा जे जस्ता समीक्षा/समालोचना भएका छन् । तिनको कालक्रमिक विवरण यस प्रकार छ :

घनश्याम न्यौपाने 'परिश्रमी' (२०५६) ले 'पत्रमित्रता युगको आवश्यकताको प्राक्कथन' शीर्षकको लेखमा स्वभाविक तर्क र ऐतिहासिक तथ्यले यिनका निबन्धमा जीवन पाएको दृष्टिगोचर हुन्छ । हरेक निबन्धमा निबन्धकार गिरीले आफ्नो विचार र धारणालाई सुपाच्य ढङ्गले पेश गरेका छन् । शैलीका दृष्टिले पनि यिनका निबन्धमा निजत्व प्रतिबिम्बित भएको देखिन्छ । तथ्य र तर्कद्वारा स्वच्छन्दतापूर्वक यथार्थ वस्तुस्थितिको बोध गराउँदै ऐतिहासिक र सांस्कृतिक महत्त्वका विषयवस्तुलाई निबन्धमा रूपान्तरण गर्ने कलालाई निबन्धकार गिरी प्रयासरत देखिन्छन् । स्वाध्यवसायलाई नैरन्तर्य दिँदै, अध्ययनलाई खार्दै र सपार्दै तथा लेखनीलाई तिखार्दै लाने दिशामा सचेतता र प्रतिबद्धतापूर्वक राख्दै गरेका खण्डमा गिरी भित्रको निबन्धकारले भविष्यमा राम्रै साफल्य प्राप्त गर्न सम्भावना प्रबल देखिन्छ भनी उल्लेख गरेका छन् ।

रमेशहरि ढकाल 'समर्थन' (२०५६) ले **पत्रमित्रता युगको आवश्यकता निबन्धको 'मन्तव्य'** लेखको शीर्षकमा भाषालाई व्याकरणको जटिलतामा गाँजेर बोझिल बनाउनु हुँदैन भन्ने स्वतन्त्र मान्यता राख्नु हुने श्री शीतल गिरीज्यूले साँच्चिकै आफूलाई व्याकरणतर्फ नअल्झाएर विचारको प्रवाहमा छाडी दिनुभएको छ । सूत्रका रूपमा फेला पर्ने प्रागैतिहासिक सङ्केतलाई टिपेर आफ्नै ढाँचा र विचार अनुसार व्याख्या गरी जीवन दिने प्रयास साँच्चिएकै उत्साहप्रद छ । हाम्रो पुस्तामा यस्तो अभिरुचि जाग्नु निश्चय पनि शुभ सङ्केत हो भनी उल्लेख गरेका छन् ।

मदनमणि दीक्षित (२०६२) ले प्रसङ्गवसको 'आशीर्वचन' शीर्षकको लेखमा प्राग्इतिहास र पुराइतिहासप्रति मित्र शीतल गिरीको बढ्दो रुचि स्वागत योग्य र सह्रानीय छ भनी उल्लेख गरेका छन् ।

कृष्ण धराबासी (२०६२) ले **प्रसङ्गवस** निबन्धको 'भूमिका' शीर्षक लेखमा यो कृति पढेपछि बौद्ध, हिन्दु, जैन, दर्शनहरू अध्ययन, प्राग्इतिहासको अन्वेषण र खोजी तथा त्यसलाई बुझ्ने र बुझाउने शैलीको विकास भएको छ । समयले कहाँ कहाँ छोडेर फालेको युगलाई उठाएर हाम्रो आँखामा पस्किने जुन काम भएको छ, त्यो नै ज्ञानको क्षेत्रमा निरन्तर लागिरहने पाठकका निम्ति यो एउटा 'मखन' हो जसमा गिरीजीले आफ्नो बौद्धिक तथा काल्पनिक मथिङ्गलमा मथेर निकाल्नु भएको छ भनी उल्लेख गरेका छन् ।

नगेन्द्रराज शर्मा (२०६२) ले **प्रसङ्गवस** निबन्धको 'मन्तव्य' शीर्षक लेखमा महत्त्वपूर्ण सन्दर्भहरूको खोज अनुसन्धान र विवेचना तर्फ उन्मुख श्री शीतल गिरीको प्रयासको सराहना गर्दै ऐतिहासिक तथ्यको प्रमाणिकता तर्फ अझ सचेत/ सतर्क बन्दै उहाँको कलम झन सक्रिय हुँदै जाओस् भन्ने हार्दिक कामना अभिव्यक्त गरेका छन् ।

गङ्गाप्रसाद उप्रेतीले **प्रकाशकीय भूमिका** (२०७०) शीर्षकको लेखमा बज्जि र बज्जिका नामक यो पुस्तक नेपाल प्रज्ञा प्रतिष्ठानको लोकवार्ता विभागद्वारा प्रदान गरिएको लघु अनुसन्धान परियोजना अन्तर्गत तयार पारिएको अनुसन्धान प्रतिवेदनको परिमार्जित रूप हो । नेपालका विभिन्न भागमा रहेका जातजाति र जनजातिका लोक जीवनसँग सम्बन्धित लोकगाथाको अध्ययन र अनुसन्धान गर्न लागिपरेको प्रज्ञा प्रतिष्ठानको लोकवार्ता विभागले विशेष गरी नेपालका लोपोन्मुख जातिका लोकजीवन, लोकसंस्कार र संस्कृतिको अध्ययन गराई सार्वजनिक गर्न उल्लेख्य काम गर्दै आएको छ । अहिलेसम्म त्यति अध्ययन नगरिएका मध्ये तराई क्षेत्रमा उल्लेख्य सङ्ख्यामा रहेका बज्जि जातिको लोकनाट्यकलासँग सम्बन्धित रोचक सूचना प्रवाह गर्न यो पुस्तक सक्षम रहेको छ भनी उल्लेख गरेका छन् ।

सञ्जय साह 'मित्र' (२०७१) ले **बज्जि र बज्जिका** शीर्षकको लेखमा बज्जि लोक जीवनको चिनारी प्राग्ऐतिहासिक विषयमा आफ्नै दृष्टिकोणसहित खोजमूलक निबन्ध लेख्ने र गिरीको खोजमूलक र अनुसन्धानमूलक प्रवृत्तिलाई अझ औपचारिक रूपमा आधिकारिक र फराकिलो बनाउने काम गरेको छ । दक्षिण नेपालका जिल्ला बारादेखि महोत्तरीसम्मको लोक जीवनमा शताब्दी औंदेखि कथ्य भाषाको रूपमा रहेको बज्जिकाको सम्बन्ध भारतको प्राचीन वैशाली गणराज्यसित रहेको छ ।

यही नेपाली भूभागको बज्जिका भाषी सबै बज्जि हुन् । सबै बज्जिकाको मातृभाषा बज्जिका हो । यही बज्जिका भाषी नेपाली नागरिकको संस्कृति, जीवनपद्धति तथा लोकइतिहास समेटिएको बज्जि र बज्जिका कृति हो भनी उल्लेख गरेका छन् ।

माथि प्रस्तुत गरिएका विभिन्न व्यक्तित्वका टीकाटिप्पणी बाहेक उनको जीवनी, व्यक्तित्व र कृतित्वलाई समेट्ने गरी कुनै किसिमको अध्ययन अनुसन्धान अहिलेसम्म भएको पाइँदैन । यस्ता प्रभावशाली साहित्यकारको बारेमा अध्ययन अनुसन्धान नहुनु अवश्य दुःखको कुरा हो । त्यसैले उनको जीवनको सर्वाङ्गीण पक्षलाई समेटेर जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन र विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

शीतल गिरी लामो समयदेखि नेपाली साहित्यको सेवा गर्दै आएका साहित्य साधक गिरीका बारेमा विभिन्न पत्रपत्रिकामा सामान्य छिटफुट रूपमा टिप्पणी र चर्चा परिचर्चा गरिनु बाहेक विस्तृत र सुव्यवस्थित अध्ययन-अनुसन्धान नभएको परिप्रेक्ष्यमा गरिने अध्ययन र अनुसन्धान स्वतः औचित्यपूर्ण देखिन्छ । समवर्ती र उत्तरवर्ती साहित्यिक व्यक्तित्वहरूका लागि उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन प्रेरणादायी बन्नुका साथै उनका बारेमा जिज्ञासु भएर पनि पूर्ण जानकारी नभएका व्यक्तिलाई पूर्ण रूपमा जानकारी गराउन यसले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ र एक साहित्य साधन व्यक्तित्वको समग्र चिनारीबाट त्यस्ता व्यक्तित्वप्रति सच्चा सम्मान र राष्ट्रलाई साहित्य मार्फत लगाएको गुणको मूल्याङ्कन हुन सक्छ । यसै सन्दर्भमा यस शोधकार्यको औचित्य र महत्त्व स्पष्टिन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यको क्षेत्र शीतल गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन एवं विश्लेषण हो । शीतल गिरीका जीवनका विभिन्न पाटाहरूको चर्चा गर्दै उनका निबन्ध सङ्ग्रहको विश्लेषण र कविता सङ्ग्रहको विश्लेषण गरिएको तथा 'बज्जि र बज्जिका' को (लोक साहित्यको) सामान्य परिचयात्मक ढङ्गले उल्लेख गरिएको छ । उनका कथा, अन्तर्वार्ता, संस्मरण, इतिहास, कविता आदिको विवरणा मात्र दिइएको छ विश्लेषण गरिएको छैन । वि.सं. २०७० सम्ममा प्रकाशित भएका उनका कृतिहरूको अध्ययन गर्नु प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

यस शोधकार्यलाई विश्वसनीय, पूर्ण प्रमाणित बनाउनको लागि मूलतः पुस्तकालयीय विधि अनाइएको छ । यसका अतिरिक्त सामग्री सङ्कलनका लागि शोधनायक स्वयम् र उनका निकटतम व्यक्तिसँग पनि सम्पर्क गरिएको छ । यसका लागि अन्तर्वार्ता, प्रश्नावली आदिका माध्यमबाट शोधका लागि आवश्यक सामग्री सङ्कलन गरिएको छ । निबन्ध र कवितालाई विषयवस्तु, भाव वा विचार र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ । यस शोधकार्यमा वर्णनात्मक, विश्लेषणात्मक र निगमनात्मक विधि अपनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि मुख्य छ परिच्छेद र आवश्यकता अनुसार विभिन्न शीर्षक-उपशीर्षकमा विभाजन गरिएको प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

**परिच्छेद – एक** : शोध परिचय
**परिच्छेद – दुई** : शीतल गिरीको जीवनी र व्यक्तित्व
**परिच्छेद – तीन** : शीतल गिरीका कविता कृतिको विश्लेषण
**परिच्छेद – चार** : शीतल गिरीका निबन्ध कृतिको विश्लेषण
**परिच्छेद – पाँच** : शीतल गिरीको बज्जि र बज्जिका (लोक साहित्य) कृतिको संक्षिप्त विवेचना
**परिच्छेद – छ** : सारांश तथा निष्कर्ष
**परिशिष्ट** : प्रकाशित फुटकर रचनाहरू
**सन्दर्भ सामग्री सूची**

# परिच्छेद – दुई

# शीतल गिरीको जीवनी, व्यक्तित्व र कृतित्व

## २.१ विषय परिचय

शीतल गिरी साहित्य जगत्का क्रियाशील साहित्यकार हुन् । उनले नेपाली साहित्यमा कविता, आख्यान, निबन्ध, समीक्षा, लोकवार्ता जस्ता विधामा कलम चलाएर आफूलाई बहुमुखी साहित्यकारका रूपमा चिनाएका छन् । उनका साहित्य क्रमशः 'महाकाली' कविता सङ्ग्रह 'पत्रमित्रता युगको आवश्यता' निबन्ध सङ्ग्रह 'प्रसङ्गवस' निबन्ध सङ्ग्रह र 'बज्जि र बज्जिका (लोक साहित्य)' गरी चारवटा कृति प्रकाशित भइसकेका छन् । उनले कृतिकार प्रकाशन गरेर अस्तित्व साहित्य सम्मान, यति फाइनान्स साहित्य पुरस्कार, महाकवि देवकोटा शतवार्षिक सम्मान, नेपाली लोकवार्ता तेस्रो राष्ट्रिय सङ्गोष्ठी प्रमाणपत्र, प्रतीक रजत जयन्ती प्रशंसा जस्ता धेरै उनले आफ्ना जीवनमा साहित्य सम्मान पाइसकेका छन् । त्यस्तै गरी शीतल गिरीले आफ्ना व्यक्तित्वलाई विविध विषयमा चिनाएका छन् । उनका साहित्यिक व्यक्तित्व र साहित्येत्तर व्यक्तित्व रहेका छन् । कवि व्यक्तित्व, निबन्धकार व्यक्तित्व, अन्तर्वार्ताकार र सम्पादक व्यक्तित्व, कथाकार व्यक्तित्व र त्यसरी नै साहित्येत्तर व्यक्तित्वमा सामाजिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, संगठक व्यक्तित्व, कर्मचारी व्यक्तित्व जस्ता उनका व्यक्तित्वका पक्ष रहेका छन् । यस्ता सक्रिय साहित्यकार गिरीको समग्र जीवनीको अध्ययन पनि यस शोधकार्यको महत्त्वपूर्ण अध्ययन क्षेत्र हो । त्यसैले यस शोधकार्यमा विभिन्न शीर्षक तथा उपशीर्षकमा साहित्यकार शीतल गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण गरिएको छ ।

## २.२ जन्म र बाल्यकाल

नेपाली साहित्यमा क्रियाशील शीतल गिरीको जन्म वि.सं. २०१३ सालको फागुपूर्णिमा (वि.सं. २०१३ साल चैत्र ३ गते शनिबार तदनुसार इ.सं. १९५७ मार्च १७) मा महाकाली अञ्चल, कञ्चनपुर जिल्लाको पुरानो सदरमुकाम बेलौरीमा भएको हो । यिनका पिता कमलबहादुर गिरी र माता धनदेवी गिरीका तीन जना छोरा मध्येका शीतल गिरी जेष्ठ पुत्रको रूपमा जन्मिएका हुन् (शोधनायकबाट प्राप्त

जानकारी) । शीतल गिरीको न्वारनको नाम चित्रबहादुर गिरी हो । नेपाली साहित्यको फाँटमा शीतल गिरीको नामले प्रसिद्ध रूपमा चिनिएका छन् । शीतल गिरीका हजुरबुबा अगाडिका पूर्खा भक्तपुर गुण्डुका स्थायी बासिन्दा रहेको थाहा हुन्छ । यिनका बाबु कमलबहादुर गिरीका दुईवटी श्रीमती थिए, उनीहरूका चार जना छोरा छोरी छन् । उनका आमापट्टीका तीन जना दाजुभाइ र अर्की आमापट्टीका एक दिदी (तुलसी) छन् । शीतल गिरीका माहिला भाइ गणेश गिरी र कान्छा भाई हेम गिरी दुवै जना शिक्षकका रूपमा परिचित छन् (ऐजन, २०७२/८/८) ।

शीतल गिरीको सुरुको बाल्यावस्था आर्थिक दृष्टिले अभावग्रस्त थिएन । पिताको जागिरको साथै कषि गर्न खेत पनि प्रशस्त थियो । उनको बालककालमा आर्थिक दृष्टिले अभावग्रस्त नभए तापनि उनले स्कुल पढ्ने वातावरण पाउन सकेनन् र घरमा दिदीसँगै पढ्ने र अक्षर चिन्नेसम्म भयो (ऐजन) ।

शीतल गिरी बाल्यकालमा चञ्चल प्रकृतिको अलि चकचके उट्पट्याङ स्वभावका थिए । बाल्यकालमा सामान्य ग्रामीण परिवेशमा विताएका गिरी करिब १४ वर्षको हुँदा पिताको मृत्यु भयो । पिताको मृत्यु भएपछि शीतल गिरीले बाल्यकालमा सोभ्ठी गौ प्राणी आमा र नाबालक दुई साना भाइ सहितको परिवार पाल्न कहिले चिया पसल, कहिले सामान्य अन्य पसल चलाएर बाल्यकाल सङ्घर्षपूर्ण तरिकाबाट व्यतित भयो (ऐजन) ।

## २.३ शिक्षादीक्षा

शीतल गिरीको अक्षारम्भ घरमै भएको थियो । दिदी तुलसीबाट घरमा नै शीतलले अक्षर चिनेका हुन् । २०१९/२० सालतिर बेलौरीमा स्कुल थिएन । शिवालयमा एकजना लङ्गडो डोटेली मास्टरले १२/१२ जनालाई पढाउने गर्थ्यो र दिदी तुलसी त्यही डोटेली गुरुजी कहाँ पढ्न जान्थिन (गिरी, २०७२/८/८) । शीतल गिरी पनि अक्षर चिन्न थालेपछि दिदीको साथ लागेर पढ्न जान थाले । उनले काठको तख्तीको सीलेट रवरको कलम र कमेरो माटोको मसीदानी बोकेर कष्ठदायी रूपमा शिक्षा आर्जन गरेका हुन् ।

तत्कालीन सरकारले कञ्चनपुर जिल्लाको सदरमुकाम बेलौरीबाट उठाएर महेन्द्रनगरमा लैजाने निर्णय गऱ्यो । त्यसै समयमा दक्षिणी सिमानाको बेलौरीबाट

जिल्लाको सदरमुकाम २०१९ सालमा सारेपछि २०२२ सालतिर एउटा प्रा.वि. र सोही ठाउँमा वैद्यनाथ हाइस्कुल थियो । त्यही स्कुलमा शीतल गिरीले एकैचोटी कक्षा पाँचमा नाम लेखाइ अध्ययन गरेका हुन् । शीतलले सात कक्षा र आठ कक्षा नारायणी अञ्चल रौतहट जिल्लाको सदरमुकाम गौरको श्री जुद्ध हाई इङ्लिस स्कुलमा नियमित रूपमा पढेका थिए । पछि पिता कमलबहादुरको मृत्यु, घरको आर्थिक अवस्था निकै कमजोर सम्झाउन सक्ने अभिभावकको अभावको कारण गलत साथी संगतीमा फस्न पुगेपछि केही वर्ष निकै नराम्ररी बरालिएका र विग्रिएका थिए । समय वित्दै जाँदा पछि शीतल गिरीले २०३४ सालमा प्राइभेटबाट परीक्षा दिएर एस.एल.सी. उत्तीर्ण गरी २०४७ सालमा प्रविणता प्रमाण पत्र तहसम्मको प्रमाण पत्र भारत विहार विश्वविद्यालयबाट लिएका हुन् (ऐजन्) ।

## २.४ पेसा

शीतल गिरीको जन्म महाकाली अञ्चलको पुरानो सदरमुकाम बेलौरीमा भएको हो । उनी मध्यम वर्गीय किसान परिवारमा जन्मिएका हुन् । शीतल दशनामी (दशथर) सन्यासी समुदाय भित्रको गिरी थरका हुन् । उनलाई खान लाउनको कुनै अभाव थिएन । गिरीका पिता कमलबहादुर गिरीको देहान्त भएदेखि नै सामान्य पसल गरेर आय आर्जनमा लाग्न थालेका हुन् । २०३० सालमा रौतहट जिल्लामा प्र.जि.अ. को रूपमा चन्द्रिकानन्द खरेल एक दिन शीतललाई आफ्नो क्वाटरमा बोलाएर गौर कारागारमा बहिदारको लागि दरखास्त हाल्न भने, यदि जागि र नखाने हो भने कारागारमा थुनिदिन्छु भनेको हुँदा पहिलो जागिर त्यही खाएका हुन् । यसरी साहित्यकार शीतल गिरीको कर्मचारी व्यक्तित्वको प्रारम्भ २०३० सालबाट सुरु भएको हो । त्यसरी नै उनले १३ महिना कारागारमा, ६ महिना हुलाकमा बहिदारको रूपमा काम गरे पछि प्राइभेटबाट एस.एल.सी. दिए पछिको समयमा केही समय मालपोत कार्यालयमा मुखिया पदमा पनि जागिर खाए (गिरी, २०७२/८/१५) । त्यसपछि केही समय करिब डेढ दुई वर्ष लेखनदासको रूपमा पनि काम गरेका थिए । २०३४ सालदेखि २०६६ सालको असारसम्म गा.वि.स. सचिवको रूपमा जागिर गरी स्वेच्छिक अवकास लिएका छन् । शीतल गिरीको पत्नी कमला गिरीले २०४९ सालदेखि २०६६ सालसम्म पत्रिकाको पसल सञ्चालन गर्दै आएकी हुन् । अहिले शीतल गिरीको जेठी छोरी सन्ध्या गिरी नबिल बैंकमा जागिर गर्छिन् र सानी छोरी निशा गिरी पनि सानो तिनो प्राइभेट

जागिर गर्दैछिन्, यसैको भरमा परिवारको पालनपोषण हिजोआज हुने गरेको छ (ऐजन) । शीतल गिरी अहिले काँडाघारीमा बस्दै आएका छन् ।

## २.५ पारिवारिक स्थिति

शीतल गिरीको गुरुमुखी संस्कार (सन्यास जातिमा घर भित्र या उनका लागि भर्खर जन्मिएको बच्चा अथवा अन्य जातिहरूबाट आएकाहरूकालाई शुद्धीकरणका लागि संस्कार दिइन्छ गुरुले आफ्नो शिक्षा दिन्छ, त्यसलाई गुरुमुखी संस्कार भनिन्छ) घरैमा अरू भाइहरू र ठूला बाका छोराहरूका साथ २६ वर्षको उमेरमा भएको थियो । यिनले गुरुमुखी आफ्नो परम्परा अनुसार नै भएको थियो । वि.सं. २०४२ मंसिर २८ गते सन्तपुर बेतौला निवासी लालबहादुर भण्डारी र दिलमाया भण्डारीकी जेठी छोरी कमला भण्डारीका साथ गिरीको मागी विवाह भएको हो (गिरी, २०७२-८-१५) । त्यति बेला गिरी २८ वर्षका र कमला १८ वर्षकी थिइन् । कमला विवाह गर्दा एस.एल.सी. दिएकी थिइन् । गिरीको पहिलो सन्तानको रूपमा २०४६ साल जेठ ९ गते छोरी सन्ध्या र कान्छी छोरी २०५० साल चैत्र २ गते निशा गिरीको गौरमा जन्म भएको हो । यी दम्पतीका दुई छोरीहरूमा जेठी छोरी सन्ध्या बीबीए गरेर अहिले नबिल बैंकमा जागिर गर्छिन् भने कान्छी छोरी निशा प्रमाण पत्र तह पढेर एरोबिक्स र जुम्बाको टिचर ट्रेनिङ लिनुको साथै रिसप्सनिष्टमा जागिर पनि गर्दैछिन् । यसरी उनको पारिवारिक जीवन सुखी बनेको र आजसम्म बैवाहिक सम्बन्ध सुमधुर रहँदै आएको छ (ऐजन) । उनको अन्तजातिय विवाह भए पनि कुनै मनमुटाव भएको छैन र पत्नी श्रीमान्को काममा सहयोगी बनेका हुनाले उनीहरू बीच समझदारी राम्रो बनेको छ ।

## २.६ रुचि तथा स्वभाव

मानिस जुन किसिमको वातावरणमा हुर्किन्छ र बढ्छ उसको स्वभाव र बानी व्यवहार पनि सोही अनुरूप नै हुन्छ । मध्यम वर्गीय दशनामी सन्यासी परिवारमा जन्मिएका गिरीको स्वभाव शान्त र सौम्य किसिमको छ । उनी मृदुभाषी र शिष्ट प्रवृत्तिका छन् । आफू भन्दा ठूलालाई आदरसत्कार गर्ने स्वभाव गिरीको रहेको छ । मिठो बोली र नरम व्यवहारले उनी सबैलाई प्रभावित पार्न सफल छन् । सामान्य पहिरनमा रहने साथै बाह्य आकर्षण र तडकभडकबाट टाढै रहन खोज्ने

उनको स्वभाव रहेको छ । कर्ममा विश्वास गर्न उनी कर्तव्य र जिम्मेवारी पूरा गर्न सधै क्रियाशील रहने उनको स्वभाव छ । उनी साहित्य रचना गर्न र राम्रा पुस्तक अध्ययन गर्न पाउँदा आनन्द मान्ने स्वभाव रहेको छ (गिरी, २०७२-८-२५) ।

शीतल गिरीको रुचि विशेष गरी साहित्य साधनामा छ । हरेक व्यक्तिमा आ-आफ्नै खाले रुचि हुन्छन् । त्यसरी नै उनलाई साथीभाइसँग बसेर साहित्य र पुराना कुराहरूको सम्बन्धमा छलफल गर्न मन पर्छ । उनलाई भाषण भन्दा पनि व्याख्यान सुन्न मन पर्ने र गतिलो तर्क प्रस्तुत गरिएको व्याख्यान अति मन पराउने रुचि उनको रहेको छ । आफ्नो कुरा सुनाउन भन्दा पनि अरूको कुरा सुन्न बढी रुचि लिने उनको स्वभाव छ । चिनजान हुना साथ जो कोहीसँग पनि विश्वास गर्ने र आवश्यक पर्दा सहयोग गर्न लागि पर्ने निस्वार्थ, सरल र गम्भीर स्वभावका छन् । उनी जीवनवादी गीत र गजल सुन्न मन पराउँछन् । शीतल गिरी लोक साहित्य बारे जान्ने भोक सधै लागिरहने र यसको लागि अवलोकन भ्रमण गर्न र पुस्तकमा डुब्न मन पराउँछन् । आफूले नयाँ कुरा दिन सकिदैन भने त्यसबारे नलेख्ने उनको धारणा रहेको छ । सादा जीवन बिताउनमा सधै सन्तुष्ट रहने शीतल गिरी खानामा पनि सामान्य खाना नै मन पराउँछन् । सरल र सामान्य रूपमा नै जीवन यापन गर्न मन पराउँने गिरीमा कुनै ठूलो महत्त्वाकांक्षा भने छैन (ऐजन) । इतिहासमा मात्र तिथिमिति सही सत्य हुन्छ घटना भने काल्पनिक रहन्छ भन्दछन् र साहित्य तिथिमिति नभएको सत्य इतिहास हो भन्ने गरेका गिरी यसैलाई आफ्नो लेखनको मार्ग निर्देश बनाएका छन् ।

## २.७ शीतल गिरीको व्यक्तित्व

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक वातावरण र संस्कारका साथै समकालीन साथीहरूको सङ्गले उल्लेखनीय भूमिका खेलेको हुन्छ । उसमा रहेको सिर्जनशील प्रतिभा चिन्तन मनन् तथा उच्च महत्त्वाकांक्षा, शिक्षादीक्षाले पनि गम्भीर प्रभाव पारेको हुन्छ । कुनै व्यक्तिको व्यक्तित्व नै उसका विशेषताहरूको परिचायक हुन्छ । निरन्तर सक्रिय व्यक्तिका व्यक्तित्वका आधारमा उसमा निहित विशेषतालाई ठम्याउन सकिन्छ, सामान्यतया व्यक्तित्व दुई प्रकारको हुन्छ, बाह्य र आन्तरिक । बाह्य व्यक्तित्व शारीरिक बनोट, रूपरङ्ग आदिसँग सम्बन्धित हुन्छ भने आन्तरिक व्यक्तित्व व्यक्तिमा अन्तर्निहित गुण वा विशेषतासित सम्बन्धित हुन्छ ।

**शारीरिक व्यक्तित्व**

शीतल गिरीको शारीरिक स्वरूप मध्यम खालको उचाई देखिन्छ । गहुँगोरो रङ्, बाटुलो अनुहार, ठूलो निधार, बान्की परेको नामक, चम्किला आँखा, फुलेको कपाल भएका शीतल गिरी शारीरिक रूपमा हृष्टपुष्ट देखिन्छन् ।

सरल विनम्र, मिलनसार स्वभावका शीतल गिरी जीवनका जस्तै कठिन परिस्थितिमा पनि धैर्य, साहस र सन्तुलन नगुमाई जीवनमा सधै क्रियाशील रहिरहने साहसी र उच्च मनोबल भएका व्यक्तित्व हुन् । पहिरनमा भने उनी खास गरेर सर्ट पाइन्छ नै प्रयोग गर्दछन् ।

## २.८ व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै पनि मानिसको व्यक्तित्व उसका जीवनको विभिन्न आरोह अवरोह, क्रिया प्रतिक्रिया र त्यसको भोगाइमा नै उसको समग्र व्यक्तित्व रहने गर्दछ । व्यक्तिको समष्टि व्यक्तित्व निर्माणमा उसको आर्थिक, सामाजिक, सांस्कृतिक, पारिवारिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा र जीवनप्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा सहायक हुन्छ । यिनै कुराको आधारमा हेर्दा गिरीका व्यक्तित्वका विभिन्न पाटाहरू देखा पर्दछन् । तिनलाई यहाँ क्रमशः विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### २.८.१ साहित्यिक व्यक्तित्व

शीतल गिरी नेपाली साहित्यका विविध विधामा कलम चलाउने साहित्यिक स्रष्टा हुन् । उनले सबै भन्दा बढी कलम चलाएको नेपाली साहित्यको विधा निबन्ध हो । उनको ‘महाकाली’ कविता सङ्ग्रह लोक साहित्य, निबन्ध सङ्ग्रह जस्ता महत्त्वपूर्ण विधाहरू प्रकाशित भएका छन् । यिनै विभिन्न कृतिहरूलाई आधार मानेर शीतलको साहित्यिक व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

**(क) कवि व्यक्तित्व**

शीतल गिरीको साहित्यिक यात्रा कविता विधाबाट प्रारम्भ भएको पाइन्छ । वि.सं. २०३८ सालमा सागर साप्ताहिकमा प्रकाशित ‘मृत्यु’ कविता अमर गिरीको नामबाट भएको देखिन्छ । उनको अहिलेसम्म एउटा मात्र कविता सङ्ग्रह ‘महाकाली’

(कविता सङ्ग्रह, २०४५) सालमा प्रकाशित देखिन्छ । जीवनमा पहिलो पटक सहभागी भएको साहित्य गोष्ठिमा कविता वाचन गरी प्रथम स्थान हासिल गर्न उनी सफल भएका थिए । त्यसै गरी उनको 'नारी' शीर्षकको कविताबाट यस क्षेत्रमा सार्वजनिक भएका हुन् । यस 'नारी' कविता 'महाकाली' कविता सङ्ग्रहमा समावेश गरिएको छ । यस कविता सङ्ग्रहमा 'महाकाली', 'नारी', 'मजदुर', 'कविता', 'कान खोलेर सुन', 'व्यभिचारीहरू हो !', 'नदीको भनाई फर्केर हेर', 'म उपहार हुँ', 'जनताकी छोरी', 'किसान', 'आजका आवाज' र 'जनता परिवर्तन चाहन्छ' गरी १२ वटा कविता समाविष्ट छन् । यिनै कथाहरूले शीतलको कवि व्यक्तित्वलाई चिनाउने काम गरेका छन् (रिजाल, २०७२-९-५) । शीतल गिरीले कवितामा प्रायः सामाजिक सुधार, सांस्कृतिक परिवर्तन र जागरणका स्वरहरू बोल्ने खालका कविता लेखेका छन् । आयामको दृष्टिकोणले मध्यम आकारका कविताहरू सामान्य तथा एकदेखि चार पृष्ठसम्मका छन् ।

प्रस्तुत 'महाकाली' कविता सङ्ग्रहमा सङ्कलित बाह्रवटा कविताहरूमा 'महाकाली' पहिलो एवम् पुस्तकको समेत शीर्षक रहेको कविता छ । यस कवितामा सुगौली सन्धिमा नेपालले गुमाउनु परेको भूमिको महत्त्वलाई पृष्ठभूमिमा प्रस्तुत गरिएको छ । यस कवितामा इष्टइण्डिया कम्पनीको साम्राज्य विस्तारको नीति, दक्षिण एसियाबाट अङ्ग्रेजलाई भगाउन भीमसेन थापाले पञ्जावका राजा रणजित सिंहसँग गरेको एकताको प्रस्तावसँग सम्बन्धित ऐतिहासिकताको जानकारी दिएको देखिन्छ । दोस्रो कविता 'नारी' नारीमा नारीको आमा, दिदी, बहिनी, सङ्गीनि र छोरीको चित्रण गरिएको छ । त्यस्तै गरी तेस्रो कविता 'मजदुर' मजदुर भनेको देशको ऊर्जा हो, परिवर्तनको सम्बाहक हो र सब भन्दा चेतनशील र लडाकु सङ्गठिक समूह भएको प्रसङ्गलाई पृष्ठभूमिको रूपमा लिइएको देखिन्छ । समाजमा परिवर्तन आउन नसक्नुमा नेपालमा उद्योगको समुचित विकास हुन नसकेको कुराको विवेचना प्रस्तुत कवितामा पाइन्छ (ऐजन) ।

प्रस्तुत सङ्ग्रह भित्रको चौथो 'कविता' हो । यस शीर्षकको कविता समाजमा विद्यमान अन्धविश्वास, रुढिवाद आदिको विरोध गर्दै आफ्नोपन जीवित राखेर पनि वर्तमान समयमा नयाँ संस्कृतिको विकास गर्न शोषकको थाप्लोमा बज्र जस्तै कठोर भएर कविता बज्रिनुपर्छ र स्रमजीविको मुहार हँसिलो पार्न शीतलता छर्नु पर्छ भन्ने

धारणा औंल्याइएको देखिन्छ । यसरी नै पाँचौं कविता 'कान खोलेर सुन व्यभिचारीहरू हो !' । यसमा नारी हिंसाको पृष्ठभूमिमा लेखिएको कविता हो । अबका नारी कमजोर छैनन्, टुलुटुलु हेरेर अत्याचार सहेर बस्दैनन्, व्यभिचारीलाई उचित दण्ड दिन सक्छन् भन्ने विषयमा प्रष्ट पारिएको छ । त्यस्तै गरी छैटौं कविता 'नदीको भनाई' मा छिमेकी मुलुकसँग सन्धि सम्झौताको नाममा गण्डकी, कोशी सुम्पिएको विरोधमा विद्रोह बोलेका विषयमा प्रस्तुत गरिएको छ । नदी नालाले सम्पन्न भएर पनि असमान सन्धि गरेर देशलाई लाचार बनाएको हुँदा अब प्रलय बनेर त्यस्ता असमान सन्धि सम्झौता बगाउनु पर्छ, सीमामा बाँधेको बाँध भत्काउनु पर्छ भन्ने आम नेपालीलाई आग्रह गरिएको पाइन्छ । यसरी नै सातौं कविता हो 'फर्केर हेर !' यसमा आफ्नो देशमा खर्चिनु पर्ने युवा श्रम विदेशी भूमिमा खर्चेर बुढाखाडा काम नलाग्ने भएपछि स्वदेश फर्किनेहरूलाई स्वदेशमा नै काम गर्नु पर्छ भनेर प्रस्तुत कवितामा आह्वान गरिएको पाइन्छ (काफ्ले, २०७२-९-११) । त्यस्तै आठौं कविता 'म उपहार हुँ' मा नाजायज अथवा बाबुको ठेगान नभएका बालबालिकाहरूलाई विषयवस्तु बनाई प्रस्तुत गरिएको छ । कवितामा बालबालिका नारीलाई बाध्य पार्नेहरू विरुद्ध जाइलाग्ने प्रति उद्घोष गरिएको देखिन्छ । यसरी नै 'जनताकी छोरी' कवितामा २०४६ सालको जनआन्दोलनले नेपाली जनताको आवश्यकता चाहना पूरा गर्न नसकेको हुँदा क्रान्तिकारीहरू जनताका बीचमा छन् र सशक्त क्रान्तिको चेतना बोकेर जनता जगाइ रहेका छन् भन्ने कुरा उल्लेख गरिएको पाइन्छ । त्यस्तै गरी सङ्ग्रहको दसौं कविता 'किसान' मा नेपालका किसानको स्थितिलाई देखाइएको छ । यसरी नै एघारौं कविता हो 'आजको आवाज' भन्ने कवितामा क्रान्तिको तातो र यथार्थको विवरणलाई उल्लेख गरिएको छ । यस कवितामा अन्यायको विरुद्ध जुध्नै पर्ने प्रतिबद्धता जस्ता प्रसङ्ग प्रस्तुत गरिएको देखिन्छ । यसरी नै सङ्ग्रहको अन्तिम कविता 'जनता परिवर्तन चाहन्छ' मा नेपालका जनता सचेत बनिसकेको चित्रण प्रस्तुत भएको छ । त्यस्तै शीतल गिरीका अतिरिक्त विभिन्न फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरू अभिव्यक्ति, रचना, नवप्रत्रापन, रौतहट रश्मि, प्रतीक, शब्द संयोजन, जनमत, सूर्योदय लगायतका पत्रिकाहरूमा प्रकाशित भएका छन् । उनका कविताहरू गद्य भाषाशैलीमा लेखिएको र मौलिकता रहेकोले कविताहरू पठानीय बनेका छन् ।

**(ख) निबन्धकार व्यक्तित्व**

शीतल गिरीको साहित्यिक यात्राको प्रारम्भ कविताबाट भए पनि उनको सबै भन्दा उर्वर क्षेत्र निबन्धकार व्यक्तित्व रहेको पाइन्छ । शीतल गिरीले निबन्ध लेखनको यात्रा निरन्तर दिई अत्याधिक सङ्ख्यामा नेपाली निबन्ध साहित्यलाई प्रदान गरिसकेका छन् । लगभग दुई दशक लामो निबन्ध लेखनमा यिनले 'पत्रमित्रता युगको आवश्यकता' (२०५५) र 'प्रसङ्गवस' (२०६३) निबन्ध सङ्ग्रह प्रकाशित भइसकेका छन् । यस निबन्ध सङ्ग्रह भित्र 'मूर्तिया', 'जटजटिन', 'थारू समाजमा', 'नेपाली भाषामा उर्दू भाषाको प्रभाव', 'पत्रमित्रता युगको आवश्यकता', 'राजदेवी', 'अशोकवाटिका', 'आभीर', 'गोपाल', 'जनकवंशी राजाहरू' 'धर्मयात्रा' गरी जम्मा २१ वटा निबन्ध समावेश गरिएको छ । यिनै निबन्धहरूले शीतलको निबन्धकारिता व्यक्तित्वलाई चिनाउने काम गरेका छन् । शीतल गिरीले निबन्धमा तथ्यपरकता, स्थलगत अध्ययन, राष्ट्रियता, जातीय इतिहास, यथार्थ चेतना जस्तो कुरालाई प्रस्तुत गरेका छन् (राई, २०७२-९-१०) ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा सङ्कलित २१ वटा निबन्धहरूमा 'पत्रमित्रता युगको आवश्यकता' पहिलो एवम् पुस्तकको समेत शीर्षक रहेको निबन्ध हो । यस सङ्ग्रह भित्र रहेका निबन्धहरूमा स्थलगत अध्ययनमा आधारित धार्मिक र ऐतिहासिक महत्त्वको पृष्ठभूमिका केन्द्रित भएर उल्लेख गरेका छन् । शीतलले नियात्रात्मक शैलीमा 'मूर्तिया' र 'राजदेवी' निबन्धबाट सर्लाही जिल्लामा पर्ने मूर्तियाको वस्तुपक्ष र त्यससँगै सम्बन्धित ऐतिहासिक जानकारी गराएका छन् । परापूर्वकालदेखि तराई क्षेत्रमा बसोबास गर्दै आएका थारू जातिको सांस्कृतिक प्रकाश पार्दै जटजटिन गीतिनाटकको आरम्भ सन्दर्भलाई जटजटिन थारू समाज निबन्धमा उल्लेख गरिएको पाइन्छ । सोही थारू सम्प्रदायमा अत्यन्त लोकप्रिय सांस्कृतिक सुखान्त गीतिकथा सामाचकवा निबन्धमा विस्तृत अध्ययन गरिएको छ । त्यसरी नै भाषा र साहित्यसँग सम्बन्धित पुरातन ऐतिहासिक प्रसङ्ग कोट्याउँदै उर्दूको प्रभाव नेपाली भाषामा कसरी पर्‍यो र उर्दू साहित्यको लोकप्रिय विधा कसरी भित्रियो भन्ने कुराको प्रसङ्ग नेपाली भाषामा उर्दू भाषाको प्रभाव निबन्धमा प्रस्तुत भएको पाइन्छ (ऐजन) । त्यस्तै गरी 'पत्रमित्रता युगको आवश्यकता' निबन्ध सङ्ग्रहमा समाजमा विद्यमान अन्धविश्वास, रुढिवाद, तराईली समाजको पर्दा प्रथा

आदिको विरोध गर्दै आफ्नोपन जीवित राखेर युग अनुसार नयाँ संस्कृतिको विकास गर्नु पर्ने आवश्यकतालाई प्रस्तुत गरिएको छ ।

साहित्यकार शीतल गिरीको अर्को निबन्ध सङ्ग्रह 'प्रसङ्गवस' (२०६३) निबन्ध रहेको छ । यस निबन्ध सङ्ग्रहमा प्राग्ऐतिहासिक घटना परिघटनालाई निबन्धमा लेखिएको छ । त्यस्तै गरी 'अशोकवाटिका' निबन्धमा नेपाली व्यापारीले देश विदेशमा लगि बेच्ने गरेको राडी, पाखी, बख्खु, गलैचा र उनीका अन्य सामग्री असल भएको हुँदा कौटिल्यले अर्थशास्त्रमा समावेश गरेर नेपालको राष्ट्रियताको सम्मान गरेको सङ्केत यस निबन्धमा उल्लेख गरेका छन् । देश विदेशमा नेपाली व्यापारीले सम्मान पाउनु भनेको नेपाली राष्ट्रियताको सम्मान भएको कुरालाई व्यक्त गरेका छन् । शीतल गिरीले 'आभीर', 'गोपाल' र 'भेडापाल' जस्ता निबन्धमा नेपालको इतिहासमा देखा परेको तर खासै उल्लेखनीय रूपमा चर्चा नपाएका र सही किसिमबाट विश्लेषण नगरिएको भानी निबन्धमा उल्लेख गरेका छन् । त्यसै गरी भेडापाल जातिको इतिहास तथ्यपरक किसिमबाट चर्चा गरेका छन् । यिनको निबन्धमा प्रायः प्रागैतिहासिकता, जातियता, सामाजिक तथा सांस्कृतिक विषयवस्तु जुन लोप भइसकेको छ, त्यस्ताको खोजी गरी निबन्ध लेख्ने गरेको पाइन्छ । शीतल गिरीले निबन्धको माध्यमबाट हावादारी कुरामा रहेको इतिहासलाई चिर्ने प्रयत्न गरेको पाइन्छ (रिजाल, २०७२-९-१५) । त्यस्तै गरी 'गोपाल' निबन्धमा चोभारको डाँडो इ.पू. ११५० तिर गोपाल वंशको समयमा काटी वागमतीको पानी बगाएर जलमग्न उपत्यकाबाट जमिन निकालेको यथार्थ निबन्धमा उल्लेख गरेका छन् । धर्मको लेपनले इतिहास छोपिएको सम्पूर्ण झुटको लेपन उघार्ने गोपाल निबन्धमा प्रस्तुत गरेको पाइन्छ ।

शीतल गिरीको निबन्धमा महत्त्वपूर्ण पक्ष भनेको नेपाली समाजमा परम्परादेखि चल्दै आएको अन्धविश्वासलाई चिर्नु पर्छ र सत्यको आधारमा तथ्य खोजिनु पर्छ र खोज्ने काम निरन्तर चलिरहन्छ भन्ने भाव शीतल गिरीले व्यक्त गरेका छन् । उनका निबन्धहरू वस्तुपरक शैलीद्वारा प्रस्तुत भएका छन् । उनले सरल भाषाशैलीको माध्यमबाट मनका अनुभूतिलाई खुलस्त पारेका छन् । शीतल गिरीले निबन्धमा खास गरी अतितको गर्भमा भएका कुरालाई उधिनेर आफ्नो तर्कद्वारा विज्ञानसम्मत पुऱ्याउने काम गरेका छन् । यसरी उनले निबन्धहरू विवरणात्मक ढङ्गबाट टुङ्गोमा पुऱ्याउन सक्नु यिनको निबन्धात्मक व्यक्तित्व रहेको

छ (गिरी, २०७२-९-१५) । शीतल गिरीले आफ्नो निबन्धहरू मार्फत देशप्रतिको प्रेम र राष्ट्रको माया प्रत्येक नागरिकमा रहन्छ भनेर झल्काउने काम गरेका छन् ।

**(ग) कथाकार व्यक्तित्व**

शीतल गिरी कथाकार व्यक्तित्वको रूपमा पनि चिनिएका छन् । उनले कथाको पुस्तकाकार कृतिको रूपमा प्रकाशित नगरे तापनि फुटकर रूपमा प्रतीक, दैनिक, अभीव्यक्ति, रचना, समष्टि, गुञ्जन, नवप्रज्ञापन लगायतका पत्रिकामा प्रकाशित भएका छन् । उनका कथाहरू गुणात्मकता दृष्टिले राम्रा रहेका छन् । उनका कथाहरूको सबल पक्ष नै जीवन भोगाइको यथार्थबोध भएको पाइन्छ (रिजाल, २०७२-९-१५) । उनका कथाहरूले मानवीय जीवनको हाँसो, आँसु, सुख, दुःख, आपतविपत, आस्था, अनास्था, सङ्गति, विसङ्गति जस्ता मानिसले आत्मसात गर्नु पर्ने विषय भित्र रहेका छन् । कथाकार शीतल गिरीको कथात्मक भाषा सरल छ । सरल भाषाबाट गहन भावको संयोजन गरेको पाइन्छ ।

**(घ) साहित्यका अध्येता व्यक्तित्व**

शीतल गिरीको साहित्यका अध्येता व्यक्तित्व त्यत्तिकै लोकप्रिय रहेको पाइन्छ । शीतल गिरीले नेपाली लोकवार्ताको अध्ययनमा छाप छोडी साहित्य लेखन र प्रकाशनमा उनी लागि परेका छन् । वि.सं. २०७० मा नेपाल प्रज्ञा प्रतिष्ठानले उनको कृति बज्जि र बज्जिका नामक अनुसन्धान कृति प्रकाशित गरिसकेको देखिन्छ (राई, २०७२-९-१८) । यस कृतिमा उनले बज्जिको लोक संस्कृति, लोक संस्कार र लोक इतिहासको बारेका चर्चा गरेका छन् । यी बाहेक उनले २०७० सालमा धनगढीमा भएको नेपाली लोकवार्ता, तेस्रो राष्ट्रिय सङ्गोष्ठीमा आखयान तत्त्वको आधारमा बज्जि समाजको लेखियन लोकगाथा, २०७० सालमा घोराही दाङमा भएको चौथो राष्ट्रिय सङ्गोष्ठीमा बज्जि संस्कृति एक परिचय र २०७२ सालमा सुर्खेतमा भएको पाँचौं राष्ट्रिय सङ्गोष्ठीमा पनि संस्कार गीत विषयक गोष्ठीपत्र प्रस्तुत गरेका छन् (गिरी, २०७२-९-२०) । शीतलले वादी, थारू लगायत केही जात र समुदायको साङ्गोपाङ्गो अध्ययन गर्नुका साथै विभिन्न जातका संस्कृति र लोक इतिहासलाई केलाएर प्रज्ञा, गरीमा, मधुपर्क, अभिव्यक्ति, गोरखापत्र, नेपाल समाचार पत्र, प्रतीक लगायतका थुप्रै पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । विशेषतः लोकवर्ता अध्ययनलाई कसरी विशिष्ट

र प्रमाणिक बनाउन सकिन्छ भन्ने कुरामा शीतलको लोकवार्ताकार सबल र सक्षम भई साहित्यका अध्येता व्यक्तित्वको रूपमा चिनिएका छन् ।

### (ङ) सम्पादक र अन्तर्वार्ताकार व्यक्तित्व

शीतल गिरीले साहित्य लेखनका अतिरिक्त सम्पादन तथा सङ्कलनको कार्य पनि गरेका छन् । साहित्यकार शीतल गिरीले कलाकुञ्ज पुस्तकालय गौरको समसामयिक सङ्कलन वीणाबाट सम्पादन कार्य सुरु गरेका छन् । उनले सम्पादन गरेका पत्रिका लेखको सूची निम्नानुसार रहेका छन् :

(१) वीणा (समसायिक सङ्कलन), वि.सं. २०५६ ।

(२) रौतहट रश्मी (तीन महिने), वि.सं. २०५८-२०६१ ।

(३) भूमिकै भूमिकामा परशु प्रधान, वि.सं. २०७० ।

(४) शब्द संयोजन (मासिक), वि.सं. २०७१ देखि ।

त्यस्तै गरी शीतल गिरीलाई अन्तर्वार्ताकारका रूपमा पनि चिन्ने गरिन्छ । साक्षात्कार शैलीद्वारा नेपाली साहित्यका विशिष्ट साधकहरूसँगै अन्तर्वार्ता लिएका छन (गिरी, २०७२/९/२०) । उनले विशिष्ट साधकबाट लिएका अन्तर्वार्ताको सूची परिशिष्टमा उल्लेख गरिएको छ । शीतल गिरी व्यक्तिको प्रवृत्ति र कृतिको विषयलाई राम्ररी समातेर अन्तर्वार्ता लिनु यिनको विशेषता हो । यसरी नै उनी अन्तर्वार्ताकार व्यक्तित्वका रूपमा चिनिएका छन् ।

### (च) दर्शनका अध्येता व्यक्तित्व

शीतल गिरीको दर्शनका अध्येता व्यक्तित्व पनि सशक्त रूपमा आएको देखिन्छ । शीतल गिरीले नेपाल प्रज्ञा प्रतिष्ठानको दर्शन विभागबाट डा. भक्त राईको साथमा 'साङ्ख्य दर्शनदेखि सत्यहाङमा पन्थसम्म : एक विहङ्गावलोकन' शीर्षकमा वृहत् कार्य गर्दछन् । यस आ.व. २०७२/७३ मा 'साङ्ख्य दर्शन र यसको प्रभाव' शीर्षक जुन वृहत कार्यको पहिलो भाग हो, यसमा लेखन कार्य गरेर भरखर सकेका छन् र प्रज्ञामा बुझाउने तरखरमा लागेका छन् (गिरी, २०७२/८/२५) । उनले राजधानी दैनिकमा 'भारद्वाज' नामबाट दर्शन सम्बन्धी रचनाहरू गरेका छन् । उनी समाज अध्ययनलाई आधार बनाई द्वन्द्वात्मक भौतिकवादमा विश्वास राख्दछन् । उनका छिपुट रूपमा अन्य पत्रपत्रिकामा पनि दार्शनिक रचनाहरू छापिएका छन् । यसरी शीतल गिरी दर्शनका अध्येता व्यक्तित्वका रूपमा चिनिएका छन् ।

### (छ) समीक्षक तथा समालोचना व्यक्तित्व

शीतल गिरीले आफ्नो समीक्षक/समालोचना व्यक्तित्व पनि प्रदर्शन गरेका छन् । शीतलले गरेका समीक्षा गरिमा, शब्द संयोजन, अभिव्यक्ति, प्रतीक, ताजाखबर लगायत पत्रपत्रिकामा आएका छन् (ऐजन) । जुन उनको समीक्षा/सचलोचनाको सूची परिशिष्टमा उल्लेख गरिएको छ । यसरी उनले समीक्षक/समालोचना व्यक्तित्व देखाएका छन् ।

## २.८.२ साहित्येत्तर व्यक्तित्व

शीतल गिरीको साहित्येत्तर व्यक्तित्व साहित्यिक व्यक्तित्व जस्तै फराकिलो रहेको छ । साहित्यका अतिरिक्त यिनका साहित्येत्तर व्यक्तित्वका मुख्य पाटाहरूमा कर्मचारी व्यक्तित्व, संगठक व्यक्तित्व, सामाजिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व जस्ता महत्त्वपूर्ण साहित्येत्तर व्यक्तित्वका रूपमा रहेका छन् । कुनै पनि व्यक्तिका साहित्यिक व्यक्तित्वसँगै उसको साहित्येत्तर व्यक्तित्व पनि आएको हुन्छ । त्यसैले शोधनायक शीतल गिरीका साहित्येत्तर व्यक्तित्वहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

### (क) कर्मचारी व्यक्तित्व

शीतल गिरीको कर्मचारी व्यक्तित्व पनि महत्त्वपूर्ण देखिन्छ । उनले आठ कक्षा उत्तीर्ण गरेपछि पढाई छाडेर कर्मचारी भएर काम गरे । वि.सं. २०३०/३१ मा १३ महिना रौतहट कारागारमा बहिदार पदमा रही काम गरे (गिरी, २०७२-९-२५) । त्यसपति ६ महिना रौतहट जिल्ला हुलाकमा बहिदार र मालपोत कार्यालय गौरम मुखियामा अस्थायी रूपमा काम गरे । त्यसपछि शीतलले २०३४ सालदेखि निजामती सेवा गा.वि.स. सचिवको रूपमा २०६६ साल असारसम्म रही कार्य गरेका थिए ।

### (ख) संगठक व्यक्तित्व

शीतल गिरीको संगठक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको पाइन्छ । शीतल गिरी बाल्यकालदेखि नै अन्तर्मुखी स्वभावको रूपमा भएको हुँदा सामूहिक प्रयासमा केही गरौँ भन्ने भावना भएकाले शीतल गिरी आवश्यकता र चाहना अनुसार कुनै न कुनै संगठकमा आबद्ध भई काम गरेको पाइन्छ । जसमा शीतल गिरीको मनमा जुरर्मुराएको जोसमा तत्कालीन पञ्चायती शासन हटेपछि स्वत: स्फूर्त रूपमा नेपाल राजपत्र अनङ्कित स्वतन्त्र कर्मचारी संगठन, तदर्थ समिति गठन सफल भए (गिरी, २०७२, २०७२-१०-५) । सो समितिमा शीतल गिरीले सहसचिवको रूपमा काम गरे ।

यसै क्रममा शीतल गिरीको पहलमा नेपाल राजपत्र अनङ्कित कर्मचारी संगठन, तदर्थ समिति नामको संगठन निर्माण भयो । यसै गरी २०६३ सालमा पहाडी विरुद्ध मधेसमा विष छर्न थालेपछि उनले २०६४ सालमा परिवार सहित चन्द्रनिगाहपुरमा आई करीब दुई वर्ष बसेर गोपीकृष्ण खतीवडा, माधव काफ्ले, रमेश समर्थन, डा. शालीग्राम शर्मा लगायत अन्य व्यक्तिलाई समेत गोलबन्द गरी साहित्य सञ्जाल रौतहट गठन गरी प्रत्येक महिना कविगोष्ठी गर्ने तिथि बसालेका छन् ।

अहिले शीतल गिरी नेपाल जन साहित्यिक मञ्च नेपालको केन्द्रीय सदस्यको रूपमा लोकवार्ता विभागको जिम्मेवारी समाल्दै आएका छन् । यसैबाट पनि उनलाई संगठक व्यक्तित्वको रूपमा चिनिन्छ ।

### (ग) सामाजिक व्यक्तित्व

कुनै पनि मानिस समाज बिना बस्न सक्दैन त्यसैले ऊ समाजमा नै जन्मन्छ, हुर्कन्छ र मर्छ पनि । त्यस्तै गरी कुनै पनि व्यक्तिमा एउटा न एउटा गुण रहेको हुन्छ त्यो गुण नै सामाजिक परिचायक हो । यसरी शीतल गिरी स्वभावैले मिलनसार प्रकृतिको व्यक्ति भएकाले समाजका दुःखी, गरिब र असहायप्रति सहयोगी भावनाले काम गर्छन् । समाजमा विभिन्न किसिमका मानिसको स्वभाव र प्रकृति अनुसार व्यवहार गर्ने उनमा खुबी रहेको पाइन्छ (राई, २०७२-१०-८) । त्यसरी नै शीतल गिरी सहयोगको लागि चन्दा उठाउने, शिक्षा क्षेत्रमा प्रचार प्रसार गरी पुस्तकालय सञ्चालनमा ध्यान दिने, बाढी पीडितलाई सहयोग गर्ने जस्ता शीतल गिरीको मान्यता रहेको छ (गिरी, २०७२-१०-५) । समाजमा आइपर्ने सानाठुला कुनै पनि समस्या सुल्झाउन गिरी तन, मन र धनले लागि पर्दछन्, त्यसैले उनलाई सामाजिक व्यक्तित्वले चिनाएको छ ।

### (घ) राजनीतिक व्यक्तित्व

शीतल गिरीको राजनीतिक व्यक्तित्व पनि देखिन्छ । उनले २०३४ सालमा गा.वि.स. सचिवको जागिर खाएको बेला २०३५/३६ को ऐतिहासिक आन्दोलन सुरु भयो । त्यही समयमा गाउँका सचिवलाई स्थानीय बहुमुखी विकास कार्यकर्ता भनिन्थ्यो र सो काम प्र.जि.अ. ले पञ्चायत विरोधी बारे जानकारी लिने काममा लगाउँथे (गिरी, २०७२-१०-५) । त्यसै समयमा पञ्चायती विरोधी कांग्रेस र वामपन्थीको सामग्री खोजी खोजी अध्ययन गर्न थाल्यो र उनले त्यही क्रममा एउटा सानो समूह बनाएर गुप्त

रूपमा पर्चा, पम्प्लेट, पोस्टर आदिको माध्यमबाट पञ्चायती विरोधी भएर अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनमा संलग्न भएका थिए । यसै शिलशीलामा शीतल गिरीले काम गर्दै जाँदा २०३८ साल चैत्रमा पार्टी सदस्यता पाएका थिए । तर समय र दिनले गर्दा २०४३ सालमा उनको स्वास्थ्यको कारण केही समय विदा लिएपछि औपचारिक रूपमा पार्टीको जिम्मेवारी त्याग गरेको पाइन्छ ।

## २.९ साहित्य सृजना

कुनै पनि साहित्यकारको साहित्य लेखनमा विभिन्न साहित्यकारका साथै कुनै न कुनै लेख रचना तथा वातावरणले प्रभाव पारेको हुन्छ । शीतल गिरीलाइ साहित्य सृजनाको प्रेरणा चन्द्र निगाहापुरमा रहेको सूर्योदय पुस्तकालयबाट भएको हो । सो पुस्तकालय सम्भवतः २०३७ सालतिर सूर्योदय नामको पुस्तकालयको स्थापना भएको थियो । त्यही स्थापना कालदेखि नै सो पुस्तकालयले लक्ष्मी जयन्तीको अवसर पारेर प्रत्येक वर्ष साहित्यिक गतिविधि कार्यक्रम हुने गर्दथ्यो । सम्भवतः २०४३ सालतिर पहिलो पटक वृहद कवि गोष्ठी भएको बेला सो कवि गोष्ठीमा शीतल गिरी सहभागी भई 'नारी' शीर्षकको कविता प्रथम भएको थियो (गिरी, २०७२-१०-१०) । त्यसपछि उनी साहित्य फाँटमा सक्रिय भई आफ्नो उपस्थिति कुनै न कुनै रचनाबाट आए तापनि यो भन्दा पहिले नै उनको रचना २०३८ सालमा सागर, साप्ताहिकमा 'मृत्यु' कविता प्रकाशित भइसकेको थियो । उनका रचनामा प्रायः संस्कृति, इतिहास, सामाजिक यथार्थता जस्ता कुरा समेटिएको पाइन्छ । उनी मदनमणि दीक्षित, जनकलाल शर्मा, नयराज पन्त लगायत लेखनीबाट प्रभावित भएका छन् भने भारतीय लेखकबाट पनि राहुल सांस्कृत्यायन, अमृतलाल नागर, कमलेश्वर यशपाल, नागार्जुन, कन्हैयालाल माणिकलाल मुन्सी लगायत लेखकबाट प्रभाव परेको देखिन्छ (ऐजन) । शीतल गिरी २०४४ सालदेखि नै नियमित रूपमा साहित्य लेखनमा सक्रिय भई साहित्यको फाँटमा फराकिलो पारेको देखिन्छ ।

## २.१० संस्थागत संलग्नता

शीतल गिरीले विभिन्न सामाजिक तथा साहित्यिक संघ संस्थासँग आबद्ध भएर कार्य गरेका छन् । उनले विभिन्न संघ संस्थामा रहेर गरेका कार्यहरू निम्नानुसार प्रस्तुत गरिन्छ ।

(१) कलाकुञ्ज पुस्तकालय, गौर (आजीवन सदस्य)

(२) रौतहट रश्मि (संस्थापक)

(३) नारायणी वाङ्मय (सदस्य)

(४) साहित्य सञ्जाल रौतहट (संस्थापक)

(५) जनमत मासिक (आजीवन सदस्य)

(६) अभिव्यक्ति अक्षय कोष

(७) नेपाल रेडक्रस सोसाइटी (आजीवन सदस्य)

(८) नेपाल निजामती कर्मचारी संगठन (संस्थापना कालदेखि नोकरी गरुन्जेल कुनै न कुनै जिम्मेवारी पदमा संलग्न)

(९) जन साहित्यिक मञ्च नेपाल (कार्यकारी सदस्य, लोकवार्ता विभाग प्रमुख)

(१०) लोकवार्ता परिषद् (आजीवन सदस्य) र

(११) गजल मञ्च नेपाल (आजीवन सदस्य)

## २.११ सम्मान तथा पुरस्कार

शीतल गिरीले तीसको दशकदेखि साहित्य लेख्न थाले पनि चालिसको दशकदेखि भने साहित्य साधनामा निरन्तर लागेका छन् । उनको लेखन साहित्यका विभिन्न विधाहरूमा क्रियाशील देखिन्छन् । उनको क्रियाशीलताले नेपाली साहित्यमा योगदान पुऱ्याएको छ। शीतल गिरीको योगदानको कदर स्वरूप उनलाई विभिन्न संघ संस्थाहरूले मान सम्मान तथा पुरस्कार प्रदान गरेका छन्। जुन निम्नानुसार प्रस्तुत गरिन्छ :

(१) अस्तित्व साहित्य सम्मान, २०५६

(२) यति फाइनान्स साहित्य पुरस्कार, २०६५

(३) महाकवि देवकोटा शतवार्षिकी सम्मान, २०६६

(४) प्रतीक रजत जयन्ती प्रशंसा, २०६९

(५) सुदूर पश्चिमाञ्चल साहित्य सम्मान, २०७०

(६) नेपाली लोकवार्ता तेस्रो राष्ट्रिय सङ्गोष्ठी प्रमाण पत्र, २०७०, धनगढी

(७) श्री वैद्यनाथ क्षेत्र विकास संस्था, अछाम अभिनन्दन

(८) नेपाली लोकवार्ता चौथो राष्ट्रिय सङ्गोष्ठी प्रमाण पत्र, २०७१, दाङ

## २.१२ जीवनी, व्यक्तित्व र कतित्वका बीचको सम्बन्ध

शीतल गिरीको जन्म मध्यम वर्गीय परिवारमा भएको हो । उनले बालककालमा आर्थिक अभावको अनुभव गर्नु परेन तर अध्ययन गर्ने क्रममा भने

चाहिँ केही दुःख र सङ्घर्षको अनुभव गरेका छन् । उनले प्राइभेट परीक्षाबाट एस.एल.सी. उत्तीर्ण गरे लगत्तै जागिरे जीवन बिताएका थिए । जागिरे जीवन सँगसँगै आइ.ए. सम्मको अध्ययन गरेका छन् । शीतल गिरीले हालसम्मको अवधिमा कविता, आख्यान, निबन्ध र विभिन्न लेख रचनामा सक्रिय रूपमा कलम चलाएका छन् । यिनै कार्यले गिरीको जीवनी एक सामान्य व्यक्ति भन्दा भिन्न साहित्यिक व्यक्तित्वका रूपमा स्थापित बन्न पुग्यो । उनले समाजका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक आदि परिवेशलाई साहित्य लेखनको महत्त्वपूर्ण कारकका रूपमा लिएका छन् । यही परिवेशको आधारमा उनी भित्रको अथक परिश्रम, लगनशीलता र प्रतिभाले साहित्यको क्षेत्रमा उच्च देखिएको छ ।

शीतल गिरीले साहित्यमा कल्पना भन्दा सामाजिक यथार्थको चित्रण गरेका छन् । उनले समाजमा घटेका घटना, विकृति, पेसागत उत्तरदायित्व, सामाजिक भावना साथै साहित्यप्रतिको हार्दिक अभिरुचिले उनको लेखनमा ठूलो प्रभाव पारेको छ । उनले समाजमा विविध घटेका घटनालाई र उनको जीवन भोगाइलाई आफ्ना साहित्यिक कतिहरू मार्फत प्रस्तुत गरेका छन् । उनी समाज र स्वतन्त्रताका लागि आवाज उठाउने व्यक्ति हुन् । शीतलका कृतिमा गाउँ सहर सबैतिरका मानवीय जीवन भोगाइलाई उतारेका छन् । यसरी शीतल गिरीले आफ्ना जीवनमा भोगेका र देखेका कुरालाई 'चित्लाङ' निबन्धमा प्रस्तुत गरेका छन् । "२०५५ सालको चैत्र महिनामा चित्लाङ साहित्य परिवारको निम्तो पाएर रौतहटका माधव काफ्ले, यमकुमार श्रेष्ठ, रमेशमोहन अधिकारी, सञ्जय साह र म, बाराका राम पराजुली, राम खनाल, अच्युत खनाल, उमेश गौरी गाउँले र नियात्राकार दाजु निर्मोही व्यास, पर्साबाट गजलकार घनश्याम न्यौपाने 'परिश्रमी' अनि हेटौडाका आर.आर. चौलागाई बाई रोडको बाटो हुँदै बसमा कुच्छालसम्म गएका थियौँ" भनेर शीतलले जीवनमा घटित र परिघटनालाई कृतिमा उल्लेख गरेका छन् । यसरी उनले यात्रा गरेको ठाउँलाई निबन्धको शीर्षक दिएर जीवनका भोगाई, देखाईलाई विषयवस्तु बनाएर निबन्धमा प्रस्तुत गरेका छन् । यस्ता विविध प्रसङ्गले उनको निबन्धकार व्यक्तित्व नै प्रमुख देखिन्छ । सरल र स्पष्ट भाषाशैलीमा निबन्ध लेख्ने शीतल गिरी सम्पूर्ण पाठकहरूको मन जित्न सफल भएका छन् । राष्ट्रिय परिवेशसँग परिचित गिरी अझै जोस र उत्साहका साथ साधनारत देखिन्छन् ।

कुनै पनि साहित्यकारको वास्तविक मूल्य निर्धारणका लागि उसको जीवन जगतप्रतिको दृष्टिकोण र साहित्यिक दृष्टिकोणलाई बुझ्नु आवश्यक हुन्छ । यही दृष्टिकोण अनुसार शीतल गिरी निबन्धकार व्यक्तित्वमा नै प्रमुख देखिन्छन् । उनको लगनशीलता पनि यसै क्षेत्रमा बढी देखिन्छ । सरल स्पष्ट भाषाशैलीमा निबन्ध लेख्नु उनको एउटा सबल पक्ष रहेको छ । उनले प्रागैतिहासिक विषयवस्तु र सामाजिक मूल्य र मान्यतालाई वर्तमानसित जोडेर रचनालाई जीवन्तता बनाउनु नै उनको साहित्यमा सत्रिुयता देखाउनु हो । यसरी शीतल गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको बीच एक अर्काको अन्तः सम्बन्ध स्पष्ट रूपमा परिलक्षित भएको पाइन्छ ।

## २.१३ निष्कर्ष

शीतल गिरीको जन्म पिता कमलबहादुर र माता धनदेवी गिरीको कोखबाट वि.सं. २०१३ सालमा फागुपूर्णिमाका दिन कञ्चपुनपुर जिल्लाको वेलौरी भन्ने ठाउँमा भएको हो । शीतलको बाल्यकाल कञ्चनपुरको बेलौरी र महेन्द्रनगरमा वितेको हो । वि.सं. २०३० देखि निजामती सेवामा प्रवेश गरेका शीतलले आइ.ए. सम्मको औपचारिक अध्ययन गरेका छन् । मध्यम वर्गीय परिवारमा जन्मिए पनि पिताको मृत्युपछि विपन्न अवस्थामा हुर्केका शीतलको विवाह वि.सं. २०४२ मंसिर २८ मा कमला भण्डारीसँग भएको हो । वि.सं. २०३८ मा 'मृत्यु' शीर्षकको कविता छपाएर शीतल साहित्यमा प्रवेश गरेका हुन् । सामाजिक र साहित्यिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएवापत विभिन्न पुरस्कार, सम्मानले सम्मानित शीतलका एकल सिर्जनाको चारवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । हालसम्म उनको कलम साहित्य सिर्जनामा सक्रिय रूपमा चलिरहेको छ ।

शीतल गिरीको जीवनमा घटित र परिघटनाले यिनको व्यक्तित्वमा निकै प्रभाव पारेको देखिन्छ । समग्र जीवनका पक्षहरू महत्त्वपूर्ण कार्यहरू र तिनबाट बनेका उच्च व्यक्तित्वले साहित्यमा प्रभाव पार्नु स्वभाविकै हो । नेपाली साहित्यका विविध विधामा कलम चलाएर बनेको शीतलको साहित्यिक व्यक्तित्वले नेपाली साहित्यिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । शीतलले कार्य क्षेत्रमा निजामती कर्मचारी, राजनीतिक र सामाजिक व्यक्तित्वले लेखनमा

सहयोग पुऱ्याएको छ । अत्यन्त परिश्रमी, लगनशील र गहनविचारले शीतलको व्यक्तित्व कविताबाट आरम्भ भए पनि विषयवस्तु केलाउने निबन्धकार र समाज अध्ययन गर्न रुचाउने लोकवार्ताकार व्यक्तित्व र साहित्येत्तर व्यक्तित्व मध्ये निजामती कर्मचारी र सामाजिक व्यक्तित्व नै प्रमुख देखिन्छ । नेपाली साहित्य जगतमा उल्लेख्य योगदान दिन पुगेका शीतल नोकरीबाट अवकाश लिए पश्चात् पूरै समय लेखक/अनुसन्धाता भएर नेपाली साहित्यको भण्डारमा सक्रियताका साथ लागि परेका छन् ।

# परिच्छेद – तीन

# शीतल गिरीका कविताको विश्लेषण

## ३.१ विषय परिचय

साहित्यकार शीतल गिरी कवि व्यक्तित्वका रूपमा नेपाली साहित्यमा देखा परेका हुन् । उनले प्रथमतः वि.सं. २०३८ मा 'मृत्यु' शीर्षकको कविता सागर पत्रिकामा प्रकाशित गरी आफ्नो कविता सिर्जना यात्रा प्रारम्भ गरेका हुन् । यसरी वि.सं. २०३८ सालदेखि निरन्तर सिर्जना यात्रामा लागेका शीतलका विविध विधाहरू समेत छ वटा कृति प्रकाशित भइसकेका छन् भने धेरै रचनाहरू पत्रपत्रिकामा छरिएर रहेका छन् । साहित्यकार शीतल कवि व्यक्तित्वबाट उदाए तापनि उनको महाकाली कविता सङ्ग्रह एउटा मात्र रहेको छ, जसमा बाह्र वटा कविता छन् । उनका कविता सङ्ग्रह भित्रका कविताहरू क्रमागत रूपमा यस प्रकार रहेका छन् : 'महाकाली', 'नारी', 'मजदूर', 'कविता कानखोजेर सुन व्याभीचारीहरू हो', 'नदिको भनाई', 'फर्केर हेर', 'म उपहार हुँ', 'जनताकी छोरी', 'किसान', 'आजको आवाज', 'जनता परिवर्तन चाहन्छ' गरी बाह्रवटा रहेका छन् । उनले कवितामा देश, काल, परिवेश अनुरूप विविध सन्दर्भ र विषयलाई जोडेर आफ्ना रचनाको विषय बनाउने गरेको पाइन्छ ।

## ३.२ शीतल गिरीको काव्यकारिता

कवि शीतल गिरीको साहित्यिक यात्रा २०३८ सालदेखि भएको हो । उनको पहिलो कविता 'मत्यु' शीर्षक कविताबाट प्रारम्भ भएको हो । यसरी नै उनले कवितामा निरन्तरता दिएर २०४५ सालमा 'महाकाली' कविता सङ्ग्रह कमला भारद्वाज (रौतहट) प्रकाशनबाट प्रकाशित गरिएको पाइन्छ । यस 'महाकाली' कविता सङ्ग्रहमा जम्मा बाह्रवटा कविता समेटिएका छन् । यस कविता सङ्ग्रह आयामको दृष्टिकोणले मध्यम आकारका कविताहरू सामान्यतया एकदेखि चार पृष्ठसम्मका छन् । त्यसरी नै कविता सङ्ग्रहका कविताहरूमा समान खालको पङ्क्ति र हरफहरूमा एकरूपता पाइँदैन । शीतल गिरीको सिर्जना यात्रा कविताबाट भए तापनि उनको कविता सङ्ग्रह एउटा मात्र रहेको पाइन्छ । यस सङ्ग्रहका कविताहरूमा गिरीले परम्परा र व्यवस्थालाई चुनौती दिएर लेखेका छन् साथै समानताको पक्षमा शालीन आवाज उठाएका छन् ।

प्रस्तुत सङ्ग्रहमा सङ्कलित बाह्रवटा कतिवाहरूमा 'महाकाली' पहिलो एवं पुस्तकको समेत शीर्षक रहेको कविता सङ्ग्रह हो । शीतल गिरीले आफ्नो जन्मथलो महाकाली अञ्चल रहेकाले पनि 'महाकाली' नाम दिएर कविता लेखिएको हो (गिरी, २०७२/१२/२४) भनेका छन् । उनका धेरैवटा रचनाहरू राष्ट्रप्रतिको भक्तिभावले ओतप्रोत भएका छन् । उनले कवितामा देशका युवा शक्तिले देश छोड्न थाले पछि देश विदेशीहरूको अतिक्रमणमा परेको, आफ्नो संस्कृति भुलेर पश्चिमी संस्कृति भित्रदै गएको, मानिसहरू यन्त्र समान हुँदै गइरहेको चिन्ता व्यक्त गरेका छन् । यसरी नै उनी आफ्नो देशप्रति, आफ्नो राष्ट्रिय झण्डा र आफ्नो टोपीप्रति निकै गर्वका साथ कवितामा उल्लेख गरेका छन् । शीतल गिरीका कतिपय रचनाहरू प्रणय भावमा आधारित रहेर लेखिएका छन् । उनले आफ्ना रचनाहरूमा माया प्रेमका सम्झना र कल्पनाहरू व्यक्त गरेका छन् । शीतल गिरीले नेपालको संस्कृतिलाई जर्गेना गर्नु पर्छ भन्दै आफ्नै सिर्जनाहरू मार्फत जगेर्ना गर्ने प्रयत्न गरेका छन् । उनी नेपालीहरूलाई नेपालको पहिचान भनेकै विविधतामा एकताको संस्कृति हो, सबैले सबैको संस्कृति जोगउनु पर्छ भन्ने कुरालाई प्रस्ट पार्न खोजेका छन् । शीतल गिरीका रचनाहरूमा मानवतावादी सोच पाइन्छ । धनी, गरिब, सानो, ठूलो सबैले समान रूपमा कर्तव्य र अधिकारको प्रयोग गरी बाँच्न पाउनु पर्छ भन्ने उनको प्रवृत्ति रहेको छ । शीतल गिरी मानवतावादी चिन्तन भएकाले पीर, चिन्ता, निराशा त्यागेर स्वतन्त्र रूपमा बाँच्न पाउनु पर्छ र नारा जुलुस जस्ता कुराहरू कुनै दिन त्यतिकै हराएर जान्छन् भनी प्रकट गरेका छन् । आफ्नो देश वा आफूसँग जे जस्तो छ त्यसैको संरक्षण गरौं, सदुपयोग गरौं, बनेका संरचनाहरू नबिगारौं, नाश हुनबाट जोगाऔं र सदैव सकारात्मक सोच लिएर बाँचौं भन्ने उनको प्रकृति रहेको पाइन्छ ।

प्रस्तुत 'महाकाली' कविता सङ्ग्रह पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनर्बहाली भएको बेला प्रकाशित भएकाले शीतल गिरीका कविताले विकृति र विसङ्गतिप्रति विद्रोह र व्यङ्ग्यात्मक प्रवृत्ति पाइन्छ । विकासका नाममा हरेक क्षेत्रमा विकृति र विसङ्गति बढ्दै गइरहेको छ भन्दै उनी यस्तो विसङ्गत जीवन भोगाइका रूपमा यथार्थ चित्रण गरेका छन् । सुविधाको नाममा होस् वा आधुनिकताको नाममा होस् विकृति बढ्दै गइरहेको छ भनी यसको रोकथामका लागि कविता मार्फत व्यङ्ग्यात्मक प्रवृत्ति पाइन्छ । कतै पनि सङ्गति छैन तर जे

जस्तो बाध्यता र परिस्थिति भए तापनि मानिसले आफ्नो कर्तव्य भुल्न हुँदैन र कुनै र कसैको पनि प्रलोभनमा नफस्ने कुरा उल्लेखनीय रूपमा प्रकट भएको पाइन्छ । शीतल गिरीले रचना मार्फत नेपाली समाज वा जनताले परिवर्तनको चाहना प्रकट गरेका छन् भनी राज्यदेखि घरसम्म, शासकदेखि शासितसम्म, सानादेखि ठूलासम्म, धनीदेखि गरिबसम्म, शिक्षितदेखि अशिक्षितसम्म सबै परिवर्तन हुनु जरुरी छ भनेर आवाज उठाएको पाइन्छ । राम्रा कुराहरूको अनुशरण गर्दै नराम्रा कुराहरू त्याग्दै नयाँ सोच र विचारका साथ अगाडि बढ्न सके पक्कै पनि देशको सकारात्मक परिवर्तन हुन्छ भनी उनको कविताले सचेततापूर्वक देखाउन खोजिएको पाइन्छ । शीतल गिरीले सामन्तवादी संस्कृतिको उन्मुलन, जातीय भेदभावको उन्मुलन र स्थायी शान्ति कायम गर्न उनका रचनाले सबैलाई अभिप्रेरित गरेको देखिन्छ । उनका रचनामा राष्ट्रप्रेम, प्रणयभाव, सांस्कृतिक जागरण, मानवतावादी चिन्तन, विकृति र विसङ्गतिप्रति विरोध, परिवर्तनको चाहना जस्ता प्रवृत्तिहरू रहेका छन् ।

## ३.३ 'महाकाली' कविता सङ्ग्रह भित्रका कविताको विश्लेषण

### ३.३.१ 'महाकाली' कविताको विश्लेषण

#### (क) विषयवस्तु

प्रस्तुत कविता पृष्ठ एकमा पाँच पङ्क्तिमा संरचना गरिएको छ । यस कवितामा कवि गिरीले देशको नदीनाला, जलसम्पदा सम्झौताको नाममा छिमेकी मुलुकमा बन्धक राख्ने असमानतामूलक विषय बनाई मुख्य विषयवस्तु बनाइएका छन् । यस कवितामा नेपाली जनताले भोग्नु परेको असमानता बाध्य पारिएको सुगौली सन्धि जस्ता कुराको यथार्थ चित्रण गर्न खोजिएको देखिन्छ । यस कवितामा नेपालको राष्ट्रियता, दूरदर्शिता र नेपालले तत्कालीन पञ्जाव राज्यका राजा रणजित सिंह समक्ष दक्षिण एसियाबाट साम्राज्यवादी अङ्ग्रेजलाई लखेट्न मोर्चा बनाउने प्रस्ताव गरेको प्रसङ्ग उल्लेख गरिएको छ । कवि शीतलले चौथो पङ्क्तिमा भनेका छन्, जुन निम्नानुसार रहेको छ :

> साम्राज्य बढाउने लडाइँ थियो
> वीर नेपालीले रोकी दियो
> भीमसेन तिम्रो नीति बुझी हो या नबुझी
> रणजित सिंहले दगा दियो ।

यसरी पञ्चायती व्यवस्थाका पञ्चहरू आफ्ना आसेपासेहरू बीच रमाउने देशवासीको अवस्था र प्राकृतिक जलस्रोतको वास्ता नगरेको कुरालाई कवितामा प्रस्तुत गरिएको छ । यस किसिमले शीतल गिरीले हिजोको सुनौलो इतिहास सम्झदै पुर्खाहरूको वीरगाथा गाउँदै वर्तमानको विडम्बनापूर्ण विसङ्गतिहरूलाई विषयवस्तु बनाएर 'महाकाली' कविता लेखिएको पाइन्छ । कवि गिरीले यस कवितामा पञ्चायती व्यवस्थामा जनताको अधिकार नभएको जेनतेन आफ्नो जीवन गुजारा गरी बाँच्न बाध्य बनाएको र नेपालीको जीवन राजनीतिक र आर्थिक दुवै रूपबाट अभावग्रस्त भएको कुरा उल्लेख गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत कवितामा सुगौली सन्धिमा नेपालले गुमाउनु परेको भूमिको महत्वलाई मुख्य रूपमा प्रकट गरेको पाइन्छ । यस कवितामा इष्टण्डिया कम्पनीको साम्राज्य विस्तारको नीति, दक्षिण एसियाबाट अङ्ग्रेजलाई हटाउन वा भगाउने भीमसेन थापाले पञ्जावका राजा रणजित सिंहसँग गरेको एकताको प्रस्तावसँग सम्बन्धित ऐतिहासिकताको जानकारी दिएको अभिव्यक्त भएको छ । विशेष गरी महाकाली नदीको पानी भारतले पश्चिमतर्फ नहर बनाई दोहन गरी रहेको यथार्थलाई देखाएको छ ।

### ३.३.२ 'नारी' कविताको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत कविता पृष्ठ सङ्ख्या दुईमा पाँच पङ्क्तिमा संरचना गरिएको छ । कवि गिरीले 'महाकाली' कविता सङ्ग्रहको 'नारी' कवितामा आमा, दिदी, बहिनी, सङ्गिनी र छोरीको स्वरूपमा रहेर मुख्य विषयवस्तु बनाइएको छ । यस कवितामा आजका नारी सचेत हुँदै छन् । आजका नारी पुरुषको संगिनी बनी काँधमा काँध मिलाएर अगाडि बढ्ने छन् भनी कविले प्रस्तुत गर्न खोजेका छन् । कविले निम्न पङ्क्तिबाट देखाउने प्रयास गरिएको छ ।

> ए छोरी तिमी छोरी तिमी छोरी नै रहन
> नयाँ घरको मूल खम्बा नै बन्नु
> सारङ्गीको धुन जस्तै तिमी सधैं
> जनहृदयमा बजिरहने मिठो सङ्गीत बन्नु ।

यसरी कविले नारी पनि देशको लागि मूल खम्बा नै हुन् । नारी पुरुषको दासी नभएर सहधर्मिणी नै हुन् र आवश्यक पर्दा पुरुषलाई बाटो देखाउन सक्ने र विकासको बाटो लम्कन सहज हुने कुरालाई कविले कवितामा भन्न खोजेका छन् । खास गरेर नारीले परम्पराका कुरा वा नियमका अङ्कुस तोड्नु पर्ने र नारी पनि अन्धकार हटाउने भविष्यको उज्यालो दिने प्रकाश हुन् भनी आमा, छोरी, दिदी, बहिनी जस्ता प्रसङ्गलाई जोडेर कविले उल्लेख गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत कवितामा आजका नारी आन्तरिक रूपले वा बाह्य रूपले रुग्ण छैनन् अन्धकार हटाई परिवर्तन ल्याउने बाटोमा हिड्न आतुर भइरहेका छन् भन्ने भाव व्यक्त भएको छ । यसरी आज नारी र पुरुष एक अर्कामा पुरक हुन् र नारीको भविष्य उज्ज्वल रहेको छ भनी कवितामा छोरीको माध्यमबाट नारीलाई सन्देश दिएका छन् ।

### ३.३.३ 'मजदुर' कविताको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत कविता जम्मा सात पृष्ठमा रहेको र १८ पङ्क्तिमा संरचित गरिएको छ । यस कवितामा कविले कारखानामा मजदुरको जनजीवनलाई आधार बनाएर मुख्य विषयवस्तु बनाएका छन् । यस कवितामा विशेष गरेर पीछडिएका गाउँका गरिब दुःखी आफ्नो श्रम बेचेर बालबच्चाको भविष्य उज्ज्वल बनाउने आशाले कारखानामा काम गर्न आउने कामदारको बारेमा उल्लेख गरिएको छ । यस प्रसङ्गलाई निम्न पङ्क्तिबाट प्रस्ट पारिएको छ ।

> गरिबलाई काम चाहिन्छ तिनीहरूले बुझेका छन्
> भोको पेटमा माड हालेर दलाउँछन्
> परिश्रम खन्याएपछि बालबच्चाको पेट पनि भरिनुपर्छ
> विस्तारै विस्तारै यो रहस्य बुझ्न थाल्छन् ।

यसरी कवितामा मजदुरहरू कारखानामा श्रम बगाउँदछन् र कारखानामा मजदुर दलाउने दलाल पनि हुन्छन् भनी कविले उल्लेख गरेका छन् । उनले कविता मार्फत मजदुरको अस्तित्व माथि खेलवाड गर्नेहरूलाई व्यङ्ग्य गरेका छन् । मजदुरहरूको संरक्षण र संवर्द्धन गर्नुको बदला उनीहरू माथि नानाकिसिमका कुकृत्य रचेर चाहिँदो नचाहिँदो तरिकाले दमन गर्न पल्केका शासकहरूको यथार्थ चित्रण प्रस्तुत गर्न खोजिएको

छ । कवि शीतलले हाम्रो समाजमा नवधनाड्यहरूबाट हजारौँ मजदुरहरू पीडित भइरहेका छन्, उनीहरूको अलिकति पनि वास्ता नगरेर खुलेआम रूपमा दमन गर्ने कार्य भएको छ भन्दै कवितामा उल्लेख गरिएको छ । पूँजीपतीको हातमा बेचिएका मजदुरहरू बाध्यतावश कष्टकर जीवन भोगाइले गर्दा काम गर्न विवश देखिन्छन् । सहज जीवन यापन पाउन नसके पछि आफ्नो हक अधिकार प्राप्त गर्न संगठित हुन्छन्, न्याय खोज्दै आवाज घन्काएका मजदुरलाई शासकहरूले दमन गरेका छन् भन्ने कुरा कविले चर्चा गरेको पाइन्छ । मजदुरको अभावग्रस्त जीवनलाई हराभरा पारी खुशी तुल्याउनुको बदला उल्टै जेल र यातना दिने गरिएको छ भनी कविले प्रस्तुत गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत कवितामा मजदुर भनेको देशको उर्जा हो । परिवर्तनको संवाहक हो र सबभन्दा चेतनशील समूह हो भनी प्रस्तुत गरिएको छ । समाजमा परिवर्तन आउन नसक्नुमा नेपालमा उद्योगको समुचित विकास हुन नसकेको कुरा कवितामा प्रकट भएको छ । मजदुर जस्ता परिवर्तन गर्न सक्ने बलियो संगठित शक्ति हो, उनीहरूलाई सही किसिमबाट वर्गीय चेतना जगाउन सकेको खण्डमा त्यस्ता मजदुरहरूबाट अप्रजातान्त्रिक व्यवस्था परिवर्तन गर्न सक्छ भन्ने कुरा यस कविताको सन्देश रहेको छ ।

## ३.३.४ 'कविता' कविताको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत कविता पृष्ठ सङ्ख्या १० र ११ मा छ पङ्क्तिमा संरचित गरिएको कविता हो । यस कविता गद्य लयमा प्रस्तुत गरिएको छ । यस कवितामा कवि गिरीले विकृति र विसङ्गतिको खाडलमा कवितालाई धकेलेर आफ्नै मात्र दुनो सोझ्याउन पल्केका कविहरूको व्यङ्ग्य गरी कविताको अस्तित्व संकटमा परेको विचारलाई विषयवस्तु बनाइएको पाइन्छ । अज्ञान, अयोग्य र पथभ्रष्ट कविहरूले चाकरी गरेर खाइरहेका तर योग्य, सक्षम र राष्ट्रिय भावना भएका कविहरूले पाखा लाग्नु परेको तथ्यलाई देखाउने प्रयास गरिएको छ । केही पङ्क्तिहरू यस्ता रहेका छन् ।

परिश्रम गर्नेले पढ्दैन सौन्दर्यशास्त्र
बालकलाई सिकाउनु पर्दैन मुस्कुराउँन
अन्यायको विरुद्ध निस्केको आवाज

कोइलीको भन्दा मिठो हुन्छ
परिश्रमीको पक्षमा उभिएको कविता
शाश्वत काव्यिक स्पर्शले
अजेय बन्दछ
सिद्धान्त कविता हुँदै होइन
आजको समयमा कविता समानताको लडाइँ लड्दैछ ।

यसरी साहित्यमा निकृष्ट व्यक्तिहरूको हालीमुहाली भइरहेको दुरदराज, मोफसल र इमान्दारिता पछाडि परिरहेको यथार्थ यस कवितामा प्रस्तुत गरिएको छ । यस कवितामा विशेष गरेर पञ्चायती व्यवस्था ताका लेखिएकाले अयोग्य कविहरूको विरोध गरिएको छ । सो समयमा सोर्सफोर्स, नातावाद, कृपावाद भित्र कविहरूकै बोलवाला हुने गरेको र सक्षम तथा योग्य कविहरूको भने कुनै कदर नगरेको यथार्थलाई कलात्मक संरचनाद्वारा प्रस्तुत गरिएको छ । राम्रा सिर्जना गर्न सक्ने सीप भएकाहरूलाई निर्दलीय पञ्चायती व्यवस्थाले जेलमा थुन्ने गरेको र जनताका पक्षमा कलम चलाउने कविहरूलाई नचाहिँदो यातना दिने गरेको कुरा उल्लेख गरिएको छ ।

### (ख) भाव वा विचार

प्रस्तुत कवितामा समाजमा विद्यमान अन्धविश्वास, रुढीवादी आदिको विरोध गर्दै आफ्नोपन जीवित राखेर पनि वर्तमान समयमा नयाँ संस्कृतिको विकास गर्न शोषकको थाप्लोमा बज्र जस्तै कठोर भएर कविता बज्रिनु पर्छ र श्रमजीविको मुहार हसिलो पार्न शीतलता छर्नु पर्छ भन्ने भाव व्यक्त भएको छ । शब्द रूपी हतियारले जनचेतना जगाउन सक्छ र राष्ट्रियताको महत्व बुझाउन सक्छ भनी कवितामा प्रकट भएको छ ।

## ३.३.५ 'कान खोलेर सुन व्यभिचारीहरू हो !' कविताको विश्लेषण

### (क) विषयवस्तु

प्रस्तुत कविता १२, १३, १४ गरी तीन पृष्ठ सङ्ख्यामा पाँच पङक्तिमा संरचना गरिएको छ । यस कवितामा नारीसँग सम्बन्धित कुरालाई समेटेर मुख्य विषयवस्तु बनाइएको छ । कवि गिरीले समसामयिक यथार्थवादी विषयद्वारा कविता शीर्षक कान खोलेर सुन व्याभिचारीहरू हो भनी उल्लेख गरेका छन् । नारी माथि पुरुषले गरेको अन्याय र अत्याचार कुरालाई कविताबाट उदाङ्गो पार्न खोजिएको छ । निम्न पङक्तिहरू अनुसार देखाइएको छ ।

संकल्प
अन्याय मिटाउने संकल्प
यहाँ रोज रोज भइरहेछ अन्याय
विद्यालय गएकी
बालिकाहरू
शिक्षकबाटै बलात्कार भइरहेछ
मानवतालाई खण्ड खण्ड पारेर
हिजो आज अन्याय भइरहेछ ।

यसरी कविले कविताबाट विद्यार्थी बालिकाहरू माथि बलात्कार गर्ने शिक्षक, चेलीबेटी बेचविखन गर्ने दलाल र संरक्षण गर्ने सामाजिक पञ्चहरूलाई मानवीय धरातलमा उभ्याएर प्रस्तुत गरेका छन् । नारी माथि शोषणका केही तात्विक कवितामा चर्चा गरेका छन् । नारीहरूलाई न्यायकर्ता देखाउन नारी दिवसको मादल ठोके नारीको अवस्था के छ ? जीवन कसरी चलाउँदै छन् कुनै मतलव नगर्ने प्रसङ्गलाई देखाउन खोजिएको छ । सामन्तवादीहरूले नारीलाई ठगी विभिनन प्रलोभन देखाउने, मिठो मसिनो, राम्रो को सपना देखाई दलालले खोल्सीको पानी झैँ नारी हिंसा भइरहेको छ अब शोषित पीडित नारीहरूले न्याय पाउनका लागि कान खोलेर सुन व्याभिचारीहरू हो नारीहरूले कम्मर कसी सकेका छन् भनेर कविले कवितामा कलात्मक तरिकाले प्रस्तुत गरिएको छ ।

**(ख) भाव वा विचार**

प्रस्तुत कवितामा नारी हिंसाप्रति गरिएको व्यवहारलाई अबका नारी अत्याचार सहेर बस्दैनन्, विभिन्न प्रकारको प्रलोभनमा पर्दैनन्, अबका नारीहरू कमजोर छैनन् भनी भाव व्यक्त भएको पाइन्छ । यस कविताले नारीप्रति गरिएको हिंसा त्याग्नु पर्दछ, अबका नारीहरू सचेत भइसकेका छन् भनी वास्तविक यथार्थको सूचना प्रवाह गरिएको छ ।

### ३.३.६ 'नदिको भनाई' कविताको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत कविता १५ र १६ पृष्ठ सङ्ख्यामा चार पङक्तिमा संरचना गरिएको छ । यस कवितामा नदिलाई मानवीकरण गरेर राजनीतिक विकृतिलाई मुख्य विषयवस्तु बनाएको छ । छिमेकी मुलुक भारतसँग सन्धि सम्झौताको नाममा गण्डकी, कोशी सुम्पिएको विरोधमा यस कविताले आवाज उठाएको छ । यसमा आफ्नो देशको

जलसम्पदा नेपाली जनताको हक हितमा निर्वाध हुनु पर्ने तर आफ्नो सत्ता जोगाउन जुन र जसको सरकार बने पनि नदीनाला सुम्पने राजनीति खेलको चर्चा गरिएको छ । नेपालको नदीबाट नेपाली किसानले आफ्नो खेतमा पानी सिंचाई गर्न पाएका छैनन्, महाकाली, कोशी र गण्डकी जस्ता नदी नेपाली भूमिमा भएर पनि भारततिर पानी लगेको टुलुटुलु हेर्नु पर्ने बाध्यता छ यस्तो सन्धि सम्झौता गर्ने देश गद्दार हो भनी कविले निम्न पङक्तिमा देखाएको पाइन्छ ।

सोची रहेका छन् नदी
गद्दार व्यक्तिको स्वार्थको कारण
आफन्तको सहयोग गर्न सकिन
वारिका किसानको पेट चाउरिएकै छ
विकास पथमा लम्कन
मेरो उपयोग गर
विद्युत् बेच
किन मलाई बेचेर नपुङ्सक बनेको
कि दासीमा सधै रमाउने मन छ ?
मेरो सही उपयोग गर्न सके मात्र
टाउको उठाएर बाँच्न सक्नेछौ ।

यस किसिमले कविले कवितामा प्रस्तुत गरेका छन् । नेपालका किसानले खेतमा पानी लगाउन पाउँदैनन् भने राष्ट्रको हित नभएको कुरा प्रस्ट पार्न खोजिएको छ । हरेक नागरिकले प्राकृतिक सम्पदा राष्ट्रको कानुनको मातहतमा रही प्रयोग गर्नु उसको नैसर्गिक हक हो र राष्ट्रघातीको कारणले गर्दा नेपाली जलसम्पदा उपयोग गर्न नपाउनु दुःखको कुरा हो भनी कविले उल्लेख गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत कवितामा छिमेकी मुलुक भारतसँग सन्धि सम्झौताका कारण नेपालका कोशी, गण्डकी नदी सुम्पिएको विरोधमा नेपालीले आवाज घन्काउनु पर्दछ भनेर प्रस्तुत कविता प्रकट भएको पाइन्छ । यसरी हाम्रो देशमा नदीनालाले सम्पन्न भएर पनि असमान सन्धि गरेर देशलाई लाचार बनाएको हुँदा अब प्रलय बनेर त्यस्ता असमान सन्धि सम्झौता बगाउनु पर्दछ, सीमामा बाँधेको बाँध भत्काउनु पर्दछ भन्ने कुरा आम नेपालीलाई सन्देश दिएको छ ।

### ३.३.७ 'फर्केर हेर' कविताको विश्लेषण

#### (क) विषयवस्तु

प्रस्तुत कविता १७ पृष्ठ सङ्ख्यामा दुई पङक्तिमा संरचित गरिएको छ । सो कवितामा कविले वैदेशिक रोजगारको कारण देशमा युवा शक्ति कम भएको र देशमा विकास हुन नसकेको भनेर मुख्य विषयवस्तु बनाएका छन् । प्रस्तुत कवितामा निम्नि पङक्तिमा कविले प्रस्ट पार्न खोजेका छन् ।

विदेशबाट आएकोले भन्यो- ओहो सुख
नगएकालाई अचम्म लाग्यो
जान तम्सेकाले भन्यो- ओहो सुख
केहीले जाने मन बनाए
कुरो नयाँ त होइन
युगौं युगदेखि
विदेश जाँदै गरेका हौं
परम्परा हो
चलन हो
शोख हो
गौरव हो
बाध्यता हो ।

यसरी युवाहरू सुखको लागि विदेशिन्छन् । सोही मनोविज्ञानलाई यहाँ कविले देखाएका छन् । धन कमाउन र राम्रो जीवन यापनको लागि विदेश जाने चलन नयाँ होइन, मानव सभ्यता सुरुवातकै समयदेखिको हो भनी कविले कवित्व सीपशैलीद्वारा देखाएका छन् । यस कवितामा विदेशमा जवानी रित्याएर रोगले थलिए पछि नेपाल फिरेकाले वास्तविक सुख आफ्नो जन्मभूमिमा प्राप्त गरेको कुरा उल्लेख गरिएको छ । स्वदेशको रोजगार र विदेशको रोजगारको विषय भिन्ना भिन्नै हो, स्वदेशको रोजगारले आफ्नो देश विकास सक्षम बनाउँछ र विदशेको रोजगारले जीवन रित्याउँछ भन्ने कुरालाई उल्लेख गरिएको छ । युवा शक्ति भनेको राष्ट्रको शक्ति हो, विदेश पलायन हुनु भनेको देशमा उन्नति नहुनु हो भनेर विदेश जाने युवालाई आकर्षित गराउने आग्रह गरिएको छ ।

#### (ख) भाव वा विचार

प्रस्तुत कवितामा विदेश जाने युवालाई स्वदेशमा रोजगार दिनु पर्दछ, विदेशको सुख भन्दा स्वदेश सुख नै राम्रो हुन्छ भनेर सन्देश दिएको छ । व्यक्ति पैसा

कमाउने चाहनाले स्वदेशको सुख त्यागेर विदेशमा दुःख गर्न जाने यथार्थलाई यस कविताले स्वदेशमा फर्केर हेर भन्ने भाव देखाएको छ ।

### ३.३.८ 'म उपहार हुँ' कविताको विश्लेषण

#### (क) विषयवस्तु

प्रस्तुत कविता पृष्ठ सङ्ख्या १८ र १९ मा चार पङक्तिमा संरचना गरिएको छ । यस कवितामा कवि शीतलले नाजायज वा बाबुको ठेगाना नभएका बालबालिकाहरूलाई केन्द्रमा राखेर मुख्य विषयवस्तु बनाएका छन् । यस कवितामा 'म' पात्रको रूपमा बाबु परदेश गए पछि घरको व्यवहार टार्न कामको खोजिमा बाहिर निस्कदा बलात्कार हुन पऱ्यो र म को जन्म भएको कुरा देखाउन खोजिएको छ । समाजका ठुलाठालु भनाउँदाहरूले तुच्छ व्यवहार गरिँदा 'म' भन्ने व्यक्ति विरक्तिएको कुरालाई देखाउने प्रयास गरिएको छ जुन निम्नानुसार पङक्तिबाट पनि हेर्न सकिन्छ :

कसो आमा
म उपहार त हुँ नी
यही समाजको
बाबु परदेश लाग्दा
घरमा सामल सिद्धिदा
पेट भर्ने अन्नको खोजीमा निस्कदा
तिमीलाई अवला ठानी
यही समाजका ठुलाठालुहरूले
इज्जत लुटी दिदा
तिम्रो गर्भमा सल्बलाई
प्रसव वेदनाको पीडा दिएको
म उपहार त हुँ नी
यही समाजको ठालुहरूको ।

यसरी 'म' पात्रको दृढ मानसिकतालाई विषयवस्तु बनाई प्रस्तुत गरिएको छ । कामको आवश्यकता भएको नारीलाई यौन दुर्व्यहार उत्पन्न हुने विकृतिहरूको सेरोफेरो भित्र नै यस कवितामा कविले प्रस्तुत गरेका छन् । यौन विकृतिका माध्यमबाट बलात्कृत हुन पुगेकी अवलाको छोरी 'म' लाई यस कवितामा कलात्मक किसिमले उल्लेख गरिएको छ । समाजमा प्रतिष्ठित भनिएकाहरू नै नारीको बाध्यतालाई चारो बनाएर व्यभिचार गर्ने गर्दछन् । यस्तोबाट जन्मिएकी 'म' पात्र

यथार्थ बुझे पछि उनीहरूकै काल बनेर हुँकार भर्दछ । यसरी नै व्यभिचार गरेको महिला र व्यभिचारीबाट जन्मिएको समाजमा प्रतिष्ठा पाएका व्यभिचारीहरू माया गर्दैनन् भन्दै कविले कवितामा प्रस्तुत गरेका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत कवितामा असहाय, अवला अर्थात् बाबुको ठेगान नभएका नारीहरूलाई बाध्य पार्ने विरुद्ध जाइलाग्ने र उनीहरूले मजदुरीको फाइदा लिएर व्यभिचार गरी मानसिक र शारीरिक रूपले अशान्ति दिने ठुलाठालु व्यक्तिहरू सामाजिक अपराधी हुन् भन्ने कुरा प्रकट भएको छ । यस कारण यस कवितामा 'म' पात्र शोषक, उत्पीडितबाट माया खोसेर शोषित उत्पीडितलाई बाँड्ने र माया भनेको आत्मिय सम्मान हो भनी यस कविताले सन्देश दिएको छ ।

## ३.३.९ 'जनताकी छोरी' कविताको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत कविता पृष्ठ सङ्ख्या २० देखि २४ सम्म ७ पङक्तिमा संरचना गरिएको छ । यस कवितामा २०४६ सालको जनआन्दोलनले नेपाली जनताको आवश्यकता, चाहना पूरा गर्न नसकेको हुँदा क्रान्तिकारीहरू जनताका बीचमा छन् भनेर यसै विष्यालाई मुख्य विषयवस्तु बनाएको देखिन्छ । यस कवितामा नारी माथि हुने शोषण र घटनालाई आधार मानी कविता प्रस्तुत भएको पाइन्छ । निम्नानुसार पङक्तिलाई हेर्न सकिन्छ ।

सहपाठीको साजिसले
पहिलो पल्ट थाहा पाईन
पुरुष भनेको बलात्कारी हो ।

यसरी कविले सहपाठीबाटै नारी बलात्कृत हुने कुराको चिन्तालाई प्रस्तुत गरेका छन् । मानवता लत्याएर तल खसेका पुरुषको कारण सोह्र वर्षिया बालिकाको आँखामा अन्धविश्वास नाच्न थालेको छ । व्यभिचारीको ज्वालामा जलेकी नारीलाई कविले भेट्टाएर तिनको आँशु पुछ्दै वर्गीय चेतना भरेर एउटा योद्धा बनाएको यथार्थलाई कविले कवितामा विषयवस्तुको रूपमा प्रस्तुत गरेका छन् । यसरी यस कवितामा विचारको हतियार बोकी वर्गीय लडाइँ लड्न युद्ध मैदानमा ओर्लिएकी योद्धाले शोषित पीडित जनगोलबन्द गर्दै सङ्घर्षको राको बाल्दै सक्रिय रूपमा यस

कविताको माध्यमबाट देखाइएको छ । यस कविता अनुसार कविले प्रत्यक्ष अनुभव गरेको कुरालाई टपक्क उठाएर कविता सिर्जना गरेको हो की भन्ने कुरा पाठकमा आउन खोजेको देखिन्छ । कविताका श्लोक पढ्दा पाठकमा झल्कोको रूपमा प्रस्तुत गराएको छ ।

### (ख) भाव वा विचार

प्रस्तुत कवितामा २०४६ सालको आन्दोलनमा नेपाली जनताले भोग्नु परेको पीडा, क्रान्तिको चेतना बोकेर जनता जगाइरहेको कुरालाई प्रकट गरेको पाइन्छ । सोह्र वर्षिया बालिकाले दुःख भोगेकाले सक्रिय रूपमा चेतनाको राँको फैलाउने कुरालाई सूचना प्रवाह गरेको देखिन्छ ।

## ३.३.१० 'किसान' कविताको विश्लेषण

### (क) विषयवस्तु

प्रस्तुत कविता पृष्ठ सङ्ख्या २५ देखि २७ सम्म चार पङक्तिमा संरचना गरिएको छ । यस कवितामा कवि शीतलले पञ्चायती शासन कालमा पञ्चायतको विरोध गरेको बहानामा धनकुटामा छिन्ताङ्का किसानहरूको हत्या गरेको घटनालाई मुख्य विषयवस्तु बनाएर लेखेका छन् । यस कवितामा अन्न फलाउने किसानलाई राज्यले सुविधा उपलब्ध गराएर सम्मान नगरेर नरसंहार गरेको कुरालाई निम्नलिखित पङक्तिबाट प्रस्तुत गरेको पाइन्छ ।

निर्दोष रगतले भिजायो छिन्ताङ
पसिनाले भिज्नु पर्ने माटो
फुल्नु पर्ने हो किसानको परिश्रम
बग्यो रगत किसानको
पाताल घारीको पोथ्रामा
रगतले छपक्क भयो छिन्ताङ
घृणाको खेती गर्ने शासकले
शासकको भित्र बसिरहन्छ डर
किसानको आँशुले कहिले बगाउने हो
मार्न सकिन्छ संगिनले रोपेर किसान
र गोलीले भुट्न सकिन्छ
भुटियो निर्दोष किसान
आवाजमात्र साथमा भएका किसानलाई
रगतको भलमा बगायो
रगतले कसैको मेटिएको छैन प्यास ।

यसरी कवितामा धनकुटाको छिन्ताङमा पञ्चायती शासनको समयमा निकृष्टपन साथ घटाएको घटनालाई कविता मार्फत सार्वजनिक गरेको पाइन्छ । पञ्चायती शासनमा ठाउँ ठाउँमा यस्ता घटनाहरू घटेका कुराको चर्चा गरिएको छ । जनतालाई सुरक्षा गर्नु पर्ने शासकले आफ्नो कर्तव्य र जिम्मेवारी बिर्सिएर जनघाती पञ्चायती व्यवस्थालाई टिकाउने नाममा किसानको नरसंहार गर्ने कुरालाई यथार्थ रूपमा चित्रण गरिएको छ ।

**(ख) भाव वा विचार**

प्रस्तुत कवितामा पञ्चायती शासनको बेला किसानको परिश्रम खेर गएको र त्यस माथि कुनै मूल्याङ्कन नभएको उल्टै किसानको रगत बगाएको भनेर भाव व्यक्त भएको छ । किसानको परिश्रम लेखाजोखा नगरुन्जेल किसानले मुक्ति पाउँदैनन् भनेर यस कविताले सन्देश दिन खोजेको छ ।

### ३.३.११ 'आजको आवाज' कविताको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत कविता पृष्ठ सङ्ख्या २८ मा ३ पङ्क्तिमा संरचना गरिएको छ । यस कवितामा कवि गिरीले राष्ट्रवादमा आधारित रहेर मुख्य विषयवस्तु बनाएका छन् । यस कवितामा सहिदहरू प्रति लक्षित गरिएको र सहिदहरूले देखाएको बाटोमा हिड्ने प्रण गरिएको कुरालाई उल्लेख गरिएको छ । निम्नानुसारको पङ्क्तिबाट देखाउन खोजिएको छ ।

गोरेटोमा बढ्दा जनताले
सुनौलो भविष्य देखेको छ
मधुर मुस्कान छर्दै
सुनौलो भविष्यको लागि
अन्धकार नास्ने ज्योति प्रज्ज्वलित गर्दै
आजको आवाज एउटै छ
सहिदको सपना साकार पार्छौं
सहिदको सपना साकार पार्छौं ।

यसरी कविता मार्फत आफ्नो प्राणको माया मारेर देशको निम्ति लड्ने छौं भनी देशभक्त नै सहिद हो भनेर आवाज उठाएको प्रसङ्ग प्रस्तुत भएको छ ।

### (ख) भाव वा विचार

प्रस्तुत कवितामा सहिदको सपना पूरा गर्नको लागि जनता अघि बढ्नु पर्छ र क्रान्तिको तातो लिएर अन्यायको विरुद्ध जुध्नै पर्ने प्रतिबद्धता भावमा व्यक्त भएको छ । देशभक्तको लागि आफ्नो प्राण त्यागेर भए पनि देशका निम्ति लड्नु पर्ने सन्देश दिएको छ । यस कविताले आफै भाव बोकेर आएको छ ।

## ३.३.१२ 'जनता परिवर्तन चाहन्छ' कविताको विश्लेषण

### (क) विषयवस्तु

प्रस्तुत कविता पृष्ठ सङ्ख्या २९ र ३० मा ६ पङक्तिमा संरचना गरिएको छ । यस कवितामा कविले २०३५/०३६ सालमा जनता परिवर्तन ल्याउन आम जनता सडकमा ओर्लिएको प्रसङ्गलाई मुख्य विषयवस्तु बनाएको छ । पञ्चायती व्यवस्थामा विकृति र विसङ्गति व्याप्त थियो र त्यस समयमा नागरिकले मौलिक हकप्रति वञ्चित थिए भनी कविले कविताबाट प्रष्ट्याउन खोजेका छन् । केही कविताका कवितांसमा यसरी आएका छन् ।

घटनाको आधा घण्टा पछि
सडक शान्त थियो
भिजेको थियो रगतले
जुत्ता र चप्पल बेवारिसे बनेका थिए
जसरी देशमा न्याय बनेको छ
परिवर्तन चाहने जनताको हौसला
खस्कदै कहिले रगत झैं
सडकमा
तर आवाज दविएको जस्तो लाग्छ
जनता डराएको जस्तो लाग्छ
शान्त हुनुको अर्थ
शक्ति संचय गर्नु पनि हो ।

यसरी पञ्चायती शासकको तुच्छ क्रियाकलाप र बेइमानीपूर्ण व्यवहारले जनताको हक अधिकार खोसेर पङ्गु बनाएको विषयलाई यथार्थ चित्रण गरिएको देखिन्छ । जनता राजनैतिक परिवर्तन ल्याउन सडकमा ओर्लिएका विषयवस्तुलाई कविता मार्फत सार्वजनिक गरिएको छ । देशमा जताततै वेइमानी र अन्याय अत्याचार मञ्चिएको थियो । यस कुरालाई निर्मुल पार्नको लागि 'जनता परिवर्तन चाहन्छ' भनेर कविले कविता शीर्षक राखेर उजागर गरिएको छ ।

### (ख) भाव वा विचार

प्रस्तुत कवितामा २०३५/०३६ सालमा देशमा राजनीतिक परिवर्तन ल्याउनका लागि आन्दोलन मच्चिएको थियो र सो समयमा जनताले आफ्नो चाहना र इच्छा अनुसार बाँच्न कठिन थियो अब यसरी बाँच्न सकिदैन भनेर नेपाली जनता सचेत भई देशमा परिवर्तन ल्याउनु पर्दछ भनेर यस कविताले सन्देश दिएको छ ।

## ३.४ सबै कविताको भाषाशैली

भाषाशैलीका दृष्टिले प्रस्तुत महाकाली कवितामा सङ्ग्रह भित्रका कविताहरू सरल र स्वभाविक गद्य शैलीमा रचिएका छन् । यस सङ्ग्रहका कविताहरूमा नेपालीमा भएका तत्सम, तत्भव र आगन्तुक भाषाका शब्दहरूको पनि प्रयोग भएका छन् । तत्सम शब्दहरू शोषण, अधिकार, आक्रमण, आदेश, वर्गीय, परिश्रम, खेल, जनता, विश्वास, परिवर्तन, यताउती, अत्याचार, वाक्य, अक्षर, परिवार, परिणत, विकास, विद्यालय, कला, संसार, मानवता, सहयोग, उपयोग, इतिहास जस्ता प्रशस्त तत्सम भाषाका शब्दहरूको प्रयोग भएको पाइन्छ । त्यस्तै गरी खुशी, सरकार, इज्जत, बाज, बदला, जुलुस, पुलिस, जिल्ला, गल्ती, तागत, मुनाफा, कारखाना, मेसिन, जहान, समाज, आवाज जस्ता केही आगन्तुक शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । त्यसरी नै दिदी, बहिनी, आमा, क्रीया, पाउडर, छोरी जस्ता तत्भव शब्दहरूको प्रयोग पनि भएको छ । त्यसरी नै कविले प्रस्तुत कवितालाई जीवन्तता प्रदान गर्नका निम्ति प्रतीक र अलङ्कारको पनि केही प्रयोग गरेका छन् ।

“कुनै सूक्ष्म कुरा अभिव्यक्त गर्नका लागि कुनै स्थुल वस्तुको चयन गर्नु प्रतीक विधान हो । प्रतीकले अभिव्यक्तिको सङ्केत भन्ने अर्थ बुझाउँछ र यो कुनै वस्तुतत्वको प्रतिनिधित्व गर्ने साङ्केतिक प्रयोग हो । प्रतीकमा निश्चितता र निर्दिष्टता हुने भएकाले यसका एउटा भाव वा विचारको सङ्केत मात्र हुन्छ । प्रतीकहरू साङ्केतिक र सङ्केतक हुने भएकाले यी व्यञ्जनात्मक पनि हुन्छन् र सङ्केतक हुने भएकाले यी व्यञ्जनात्मक पनि हुन्छन् र यसमा सादृश्यद्वारा कुनै वस्तुको प्रतिनिधित्व गराइन्छ” (गौतम, २०६६) । यसरी कविले प्रस्तुत कविता सङ्ग्रहमा केही प्रतीकहरूको प्रयोग गरेका छन् । जुन निम्नानुसार प्रस्तुत गरिन्छ :

(१) नयाँ घरको मूल खम्बा नै बन्नु
सारंगीको धुन जस्तै तिमी सधैं
जनहृदयमा बजिरहने मिठो संगीत बन्नु । (नारी, पृ. २)

(२) कि पूर्वबाट रातो घाम उदाउँदै छ
एउटा चम्किलो विहानी देखिदैछ
धर्मको धूमिल बजेको इतिहास रचिदैछ । (मजदुर, पृ. १०)

उपर्युक्त हरफहरूका आधारमा कवितामा प्रतीकहरूको प्रयोग भएको पाइन्छ । हरफ नम्बर एकले आजका नारीहरू सचेत भइसकेका छन् । जसरी घरको मूल खम्बा हुन्छ, त्यसरी नै हाम्रो देशमा नारीहरूलाई खम्बा नै बन्नु भनेर कविले सङ्केत गरेका छन् । सारंगीको धुनको सङ्केतले नारीको सकारात्मक पक्षलाई कविले कवितामा प्रस्तुत गरेका छन् । त्यसरी नै कवितामा मजदुरहरूको परिश्रम भनेको परिवर्तनको संबाहक हो, बलियो संगठित शक्ति हो तर शोषक र सामन्तीहरूले छुत, अछुत, जाति, पाति भनेर कुकृत्य जाल गरी मजदुरको पसिना लुटिएको छ, यसको लागि मजदुरहरूले स्वतन्त्रताको आवाज उठाएर कि पूर्वबाट रातो घाम उदाउँदै छ, एउटा चम्किलो विहानी देखिँदैछ भन्ने कुराको सङ्केत दिएर अभिव्यक्त गरेका छन् भनी कविले प्रस्तुत गरेका छन् ।

त्यसरी नै कविले कवितामा केही अलङ्कारको प्रयोग पनि गरेका छछन् । "अलङ्कारको अर्थ सजाउनु हो र कविताको सौन्दर्यका लागि अलङ्कार आवश्यक मानिन्छ । अलङ्कार काव्यको शोभारक तत्व हो र पूर्वीय काव्यशास्त्रको अवधारणा भए पनि सार्वभौम रूपमा नै यसलाई कविताको तत्व मानिएको छ । कवितामा अलङ्कारले भाषा तथा अर्थको सौन्दर्यलाई प्रखर तुल्याइदिन्छ र शब्द एवम् अर्थमा चमत्कार उत्पन्न गर्न तथा कविताको सौन्दर्यलाई अभिवृद्धि गरी लयात्मकताको सिर्जना गर्न पनि अलङ्कारको विशेष भूमिका देखिन्छ" (गौतम, २०६६) । यसै अनुरूप कवितामा कविले केही अलङ्कारको प्रयोग गरेका छन् । जुन निम्नानुसार छन् :

(१) देशको अवस्था र राजनीति देखेर
मुखमा बुजो लगाएको जनता देखेर
नदी हाम्रै हो पानी अर्कैले लगेको देखेर
राती निद्रा लाग्दै लाग्दैन असमानता देखेर । (महाकाली, पृ. १)

उपर्युक्त हरफका आधारमा कविता अन्त्यानुप्रास अलङ्कारको प्रयोग गरिएको छ । हरेक क्रियाको अन्त्यमा देखेर, क्रियाको आवृत्तिमूलक प्रयोगले शब्दालङ्कारका रूपमा अन्त्यानुप्रास प्रयोगले कवितामा अलङ्कारको उल्लेख गरेका छन् ।

## ३.५ निष्कर्ष

कवि शीतल गिरी यथार्थवादी लेखक हुन् । उनका कविता सामाजिक यथार्थवादी रहेर लेखिएका छन् । सहज र सरल भाषाको प्रयोग गरेका छन् । प्रस्तुत कवितामा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग पनि गरेका छन् । सामन्तवादी संस्कृतिको उन्मुलन, वर्गीय भेदभावको उन्मुलन र स्थायी शान्ति कायम गर्न उनका रचनाले सबैलाई अभिप्रेरित गरेका छन् । उनका रचनाहरू गरिब दीन दुःखीदेखि सामन्तीसम्म, ठूलादेखि सानासम्म, शिक्षितदेखि अशिक्षितसम्मको पक्षमा रचिएको पाइन्छ । उनका रचनामा राष्ट्रप्रेम, प्रणय भाव, सांस्कृतिक जागरण, मानवतावादी चिन्तन, विकृति र विसङ्गतिप्रति विरोध, परिवर्तनको चाहना जस्ता प्रकृतिहरू रहेका छन् । भावना र कल्पनामा पौड्दै परिवर्तनप्रति सचेत भएर लेखिएको प्रस्तुत कविता सङ्ग्रहको भाषा अत्यन्त सरल र प्रवाहमय रहेको छ । प्रस्तुत कविता सङ्ग्रह कृति भित्रकै कविताको शीर्षकलाई कृतिको शीर्षक बनाइएकोले शीर्षक सार्थक छ ।

# परिच्छेद - चार

## शीतल गिरीका निबन्ध कृतिको विश्लेषण

### ४.१ विषय परिचय

शीतल गिरीद्वारा लिखित 'पत्रमित्रता युगको आवश्यकता' २०५५ सालमा प्रतीक प्रकाशन समूह (विरगंज) प्रकाशनबाट भएको सामाजिक यथार्थलाई उजागर गरी लेखिएको निबन्ध सङ्ग्रह हो । यसको आवरण पृष्ठमा चिठी पठाउने खामको नमुना दिएको कलात्मक गाता भएको यस कृतिको पछिल्लो गातामा निबनधकारको फोटोसहित परिचय दिएको र रमेशहरि ढकालले भाषालाई व्याकरणको जटिलतामा गाँजेर बोझिल बनाउनु हुँदैन भनी एक अनुच्छेदमा उल्लेख गरिएको छ । यो निबन्ध आकार प्रकारको दृष्टिले सानो कृतिको रूपमा छापिएको र उक्त निबन्धमा ३० पृष्ठमा संरचित छ । घनश्याम न्यौपानेको सशक्त भूमिका रहेको यो निबन्ध सङ्ग्रहमा विभिन्न शीर्षकका भिन्ना भिन्नै विषयलाई समेटेका निबन्ध प्रकाशित छन् ।

प्रस्तुत निबन्ध 'पत्रमित्रता युगको आवश्यकता' सङ्ग्रह कृति भित्र सङ्गृहीत निबन्धहरू सामाजिक यथार्थसँग सम्बन्धित रहेका छन् । यस निबन्ध सङ्ग्रहका सङ्गृहीत निबन्धहरू 'मूर्तिया', 'जट जटिन', 'थारू समाजमा', 'नेपाली भाषामा उर्दू भाषाको प्रभाव', 'पत्रमित्रता युगको आवश्यकता', 'राजदेवी', 'सामाचकवा', 'नेवार जाति र भाषाबारे केही टिप्पणी' गरी जम्मा ७ वटा रहेका छन् । यी निबन्धहरूको सङ्क्षिप्त परिचय निम्नानुसार गरिन्छ ।

प्रस्तुत सङ्ग्रहमा सङ्कलित सातवटा निबन्धहरूमा 'मूर्तिया' पहिलो निबन्ध हो । स्थलगत अध्ययनमा आधारित धार्मिक र ऐतिहासिक महत्त्वको पृष्ठभूमिमा प्रस्तुत निबन्ध 'जट जटिन थारू समाजमा' ले परापूर्वकालदेखि तराई क्षेत्रमा बसोबास गर्दै आएका थारू जातिको सांस्कृतिक पक्ष माथि प्रकाश पारेको छ । त्यस्तै तेस्रो निबन्ध 'नेपाली भाषामा उर्दू भाषाको प्रभाव' मा भाषा र साहित्यसँग सम्बन्धित पुरातन ऐतिहासिक सङ्ग्रहहरूलाई चर्चा गरिएको छ । त्यसरी नै प्रस्तुत सङ्ग्रह भित्रको चौथो एवं कृति समेतको शीर्षक रहेको 'पत्रमित्रता युगको आवश्यकता' मा समाजमा विद्यमान अन्धविश्वास, रुढिवाद, तराईली समाजको पर्दा

प्रथा आदिको विरोध गर्दै आफ्नोपन जीवित राखेर पनि युग अनुसार नयाँ संस्कृतिको विकास गर्नु पर्ने आवश्यकता औंल्याइएको छ । त्यस्तै 'राजदेवी' निबन्धमा ऐतिहासिक पृष्ठभूमि एवं धार्मिक मान्यता प्रधानमा आधारित रौतहटको पुरानो सदरमुकाम कटखनको सामान्य परिचयको चर्चा गरिएको छ । त्यसरी नै छैठौँ निबन्ध 'सामाचकवा' पनि थारू सम्प्रदायमा अत्यन्त लोकप्रिय सांस्कृतिक र सामाचकवा प्रचलन बारे अध्ययन यसमा गरिएको छ । त्यस्तै सङ्ग्रह भित्रको अन्तिम अर्थात् सातौँ निबन्ध 'नेवार जाति र भाषा बारे केही टिप्पणी' मा अनुसन्धानमूलक प्रसङ्गहरू र काठमाडौँ उपत्यकामा नेवार जाति तथा नेवारी भाषाको उत्पत्ति बारे प्रस्तुत निबन्धमा चर्चा गरिएको छ ।

## ४.२ 'पत्रमित्रता युगको आवश्यकता' कृतिभित्रका निबन्धको विश्लेषण

### ४.२.१ 'मूर्तिया' निबन्धको विश्लेषण

#### (क) विषयवस्तु

'मूर्तिया' निबन्ध स्थलगत अध्ययनमा आधारित धार्मिक र ऐतिहासिक महत्त्वको पृष्ठभूमिमा प्रस्तुत गरिएको छ । यस निबनधमा निबन्धकारले जनकपुर अञ्चलको सर्लाही जिल्ला अन्तर्गत पर्ने मूर्तियाको वस्तुपक्ष र त्यससँग सम्बन्धित ऐतिहासिक जानकारी गराएका छन् । मूर्तिया सिमरौनगढ राज्य स्थापना गर्ने नान्यदेवको राज्य अन्तर्गत पर्ने प्रसङ्गको चर्चा गरेको पाइन्छ । सिमरौनगढका राजा नान्यदेव पराक्रमीका साथसाथै दूरदर्शी र धार्मिक प्रवृत्तिका थिए । पूर्व र उत्तरतिरका राजा रजौटाहरूले राज्य विस्तार गर्न लागेमा सो को प्रतिरोध गर्न 'मूर्तिया' मा सैनिक राखेका थिए । सो ठाउँमा सानो महल र एउटा मन्दिर बनाई तुलना चारै दिशामा ठूलठूलो पोखरी र इनार खनाएका थिए र सैनिकहरूको जीविकाको लागि जागिरको रूपमा जागिर दिएका थिए । त्यस ठाउँमा समय समयमा न्यान्यदेव निरीक्षण गर्न जान्थे । न्यान्यदेवका सन्तान सिमरौनगढका अन्तिम राजा हरिसिंह देवको पालामा दिल्लीका सुल्तान गयासुद्दिन तुगलकले बंगाल हमला गरेर आफ्नो आधिपत्य स्थापित गरी फर्के पछि इ.पू. १३२४ मा सिमरौनगढमा हमला गर्दा रक्षागण र सिमरौनगढमा राजा हरिसिंह देव मुगल सैन्यमा टिक्न नसकी अन्तिम दुर्ग मूर्तियामा आएको प्रसङ्ग उल्लेख गरिएको पाइन्छ ।

### (ख) भाव वा विचार

निबन्धकारले मूर्तियाको इतिहासको सूक्ष्म अध्ययन गरेको पाइन्छ । हिन्दू धर्मको मूर्ति हुनाकै कारण मुसलमानको आक्रमणको तारो बन्न गएको यथार्थलाई ओकलेका छन् । यस निबन्धले वस्तु पक्ष र ऐतिहासिकताको जानकारी गराउने काम गरेको छ । मूर्तियाको ऐतिहासिक र धार्मिक दुवै पाटाको अध्ययन भएको देखाइएको छ । विगतप्रतिको सहानुभूति र सम्मान नै यो निबन्धको विशिष्टता रहेको देखिन्छ ।

### (ग) भाषाशैली

प्रस्तुत निबन्धमा मौलिकता रहेकाले सरल भाषाको प्रयोग पाइन्छ । पोखरी, भाँडाकुँडा, सर्लाही, जनकपुर, जयनगर, धनगढी, गोठाल जस्ता लोकोक्ति भाषाको प्रयोग पाइन्छ । यस निबन्धमा इतिहासपरक शैलीमा लेखिएको देखिन्छ । संस्मरणात्मक पनि रहेको पाइन्छ । कुनै अनुच्छेदमा अङ्ग्रेजीको भाषाको पनि प्रयोग भएको छ । Research, Biography, Visit, Society जस्ता शब्दहरू रहेका छन् ।

## ४.२.२ 'जट जटिन थारू समाजमा' निबन्धको विश्लेषण

### (क) विषयवस्तु

प्रस्तुत निबन्धमा शीतल गिरीले जटजटिनको गीतिनाटकलाई मुख्य विषयवस्तु बनाएका छन् । आदिवासी थारू संस्कृतिले सम्पन्न र मौसम अनुसार लोककला मञ्चन गरी रमाउँछन् । श्रावण पूर्णिमादेखि घरको काम धन्धा सकेर बेलुकी युवतीहरूको समूहले खेल्दै सम्हाल्दै आएको गीतिनाटकको चर्चा गरिएको छ । जटजटिन दुई नवविवाहित युवक युवतीको समूह बनाई गीतिनाटक प्रस्तुत गर्ने गर्छन् । थारू समुदाय आफ्ना दुःख सुखलाई एक आपसमा साटासाट गरी रमाउँछन् । वर्षाको देवता इन्द्रको आराधना गर्दै वर्षा ऋतुमा खेलिने यो गीति नाटक कृषि नै प्रमुख पेशा अपनाएको थारू समाजमा अत्यन्तै उत्साह साथ खेल्ने लोक संस्कृतिको मूल्य मान्यतालाई प्राथमिकता दिएका छन् । यस निबन्धमा मिथिलाको धर्मध्वज राजाको चर्चा र अनिकलाको चपेटामा परेका जनतालाई सक्दो सहयोग गरेको वर्णन गरिएको छ । साथै अनिकालबाट बच्न गीति नाटकको नायक जट विदेशिएको र नवविवाहित जोडीको विरह वेदनाको पनि उल्लेख गरिएको छ । वस्तुतः जट जटिन

दुई नवविवाहित युवक युवतीको प्रेम प्रसङ्गलाई पनि देखाइएको छ । यस निबन्धमा जट जटिनको गीति नाटक श्रावण पूर्णिमादेखि सुरु हुन्छ र भाद्र पूर्णियामा सम्पन्न हुने कुराको उल्लेख गरिएको पाइन्छ ।

**(ख) भाव वा विचार**

यस निबन्धमा नेपालको प्राचीन इतिहासलाई कोट्याएको र थारू समुदायको गीति नाट्य कहिलेदेखि र कुन सन्दर्भमा भन्ने कुरालाई निबन्धकारले भाव व्यक्त गरेका छन् । थारू समाजमा परापूर्वकालदेखि तराई क्षेत्रमा बसोबास गर्दै आएको थारू जातिको सांस्कृतिक पक्षलाई औंल्याइएको छ ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्धमा सरल र सम्प्रेष्य भाषाको प्रयोग गरिएको छ । तत्सम र तत्भव भाषाको प्रयोग पनि गरिएको छ । समाज, कृषि, पूर्व, पश्चिम, चुटकिला जस्ता तत्भव भाषाको प्रयोग पाइन्छ । मिथिला, संस्कृति, मंगोल, विशाल, विदेश जस्ता तत्सम भाषाहरूको प्रयोग पनि गरिएको छ । विवरणात्मक शैलीमा लेखिएको छ ।

### ४.२.३ 'नेपाली भाषामा उर्दू भाषाको प्रभाव' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत निबन्धमा उर्दू भाषाको प्रभाव नेपालीमा कसरी पऱ्यो र उर्दू साहित्यको लोकप्रिय विधा गजल नेपाली साहित्यमा कसरी भित्रियो भन्ने कुरालाई निबन्धकारले मुख्य विषयवस्तु बनाएका छन् । उर्दू भाषाको प्रभाव नेपालको प्रत्येक भाषामा परेको छ, कुनै भाषामा बढी त कुनैमा कम । नेपालको विशिष्ट ऐतिहासिक र सांस्कृतिक परिस्थितिहरूले कुनै भाषालाई अगाडि ल्यायो त कसैको विकासक्रमलाई अवरोध बनायो भन्ने प्रसङ्गलाई चर्चा गरिएको पाइन्छ । नेपाल बहुजातीय र बहुभाषीय देश भएकाले भाषा मानिसको सामाजिक व्यवहार हो, त्यसैले भाषा जन्मने गर्छ त कति भाषा बदलिन्छ र भाषा एक अर्कामा प्रभाव पर्दछ । मुसलमानहरूले भारतमा राज्यसत्ता आफ्ना हातमा लिएपछि हिन्दी भाषासँग फारसी अरबी शब्दको मिलनले उर्दू भाषाको विकास भएको हो भन्ने कुराको उल्लेख गरिएको छ । भाषा सामाजिक जीवनको आधारमा बन्ने गर्दछ, उसको कुनै धर्म हुँदैन । विभिन्न भाषा बोल्ने मानिसहरू जब एक अर्काको नजिक बस्छन् तब

शब्दहरूको लेनदेन अवश्य हुन्छ । यसरी नै नेपाली साहित्यमा द्रुत रूपमा नभए पनि विस्तारै विस्तारै उर्दू साहित्यको शैली र शब्दले प्रभाव पारेको देखिन्छ ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा भाषाको इतिहास र नेपाली भाषामा पारेको प्रभाव बारे उल्लेख गरिएको छ । प्रत्येक समाजमा जनताले बोल्ने भाषाको सामाजिक, सांस्कृतिक जीवनको विश्लेषणमा ठूलो सहायता पुऱ्याएको हुन्छ, साथै आफ्नो भाषाको विकासको बाटो पनि पहिल्याएको हुन्छ भन्ने भाव देखाइएको छ ।

**(ग) भाषाशैली**

सरल र सहज भाषाको प्रयोग भएको छ । मानिस, समाज, आइमाई, बाहुन, जिब्रो जस्ता तत्भव भाषाको प्रयोग भएको छ । फारसी, हिन्दी, ब्रज, बुलेन्दी जस्ता आगन्तुक शब्दको प्रयोग भएको छ । नवीन, उपनिषद, बौद्ध, ब्राह्मण, राजनीतिक, ठूला, शिक्षित जस्ता तत्सम भाषाको प्रयोग पनि रहेको छ । विवरणात्मक शैलीमा रहेको छ ।

### ४.२.४ 'पत्रमित्रता युगको आवश्यकता' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

यस निबन्धमा विद्यमान सामाजिक रुढीवादी, अन्धविश्वास परम्पराको विरोध गर्दै युगानुकूल आफ्नोपन जीवित राख्ने किसिमको नवीन संस्कृतिको विकासका लागि आह्वान गरिएको पाइन्छ । यस निबन्धमा पत्रमित्रताको माध्यमबाट नारी र पुरुष बीच हुने कुण्ठाहरूलाई उजागर गरिने प्रयास गरिएको छ । खास गरी युवा वर्गले नारी वर्ग माथि हेर्ने दृष्टिकोण त्यस्तै गरी युवतीहरू पनि देखासिकीको भरमा बिग्रिने प्रवृत्तिको चर्चा गरिएको पाइन्छ । साथै नर र नारी बीचको वा बीचमा हुने प्रेम र सद्भावलाई पत्रमित्रता निबन्धमा उल्लेख गर्न खोजिएको छ । यस निबन्धमा शिक्षित र अशिक्षित बीच रहेका खाडललाई पूरा गर्न निबन्धकार सक्षम भएका छन् । यदि समाजले युवा युवतीप्रतिको सही दृष्टिकोण बनाउन सकियो भने नकारात्मक प्रवृत्ति हट्दै जान्छ । युवा युवतीमा देखिने एक अर्कामा शारीरिक बनावट र सम्पन्नतालाई नै सब थोक ठान्ने प्रवृत्तिको अन्तको आवश्यकता देखाइउको छ । समाजमा रहेको अन्धविश्वास, कुरीति प्रवृत्तिहरूलाई असल पत्रमित्रताको भावनाले

निकासा दिनु पनि यसको विषयवस्तु रहेको छ । पत्रमित्रता गर्नेहरूले एक अर्काको विचारलाई गहिराइमा पुग्न र सत्यतालाई बुझ्न सजिलो पार्दछ । पत्रमित्रताको माध्यमबाट नै स्नेह, प्रेम, सुमधुर सम्बन्धको परिवेशमा स्वार्थ रहित निष्कलङ्क मित्रतालाई सुक्षित राख्न सक्दछन् भन्ने कुरा देखाइएको छ । आज आधुनिक परिवेशमा पत्रमित्रताको आवश्यकता देशमा घटेका घटनाको बारेमा त्यस्तै समाज साहित्य, राजनीति, शिक्षा आदिमा पत्रमित्रताको आवश्यकता देखिन्छ । पत्रमित्रता जीवनको वास्तविक कटु, मधुर, अनुभव पोखिएको पत्र नै उच्चकोटीको साहित्य भन्दा प्रभावशाली हुन्छ ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा समाजमा भएको कुरीति, कुसंस्कार प्रवृत्तिको चिरफार गरी पुराना मान्यताको अनुशरण गर्दै आधुनिक परिवेशमा भिज्ने खालको वातावरण सृजना गरी पत्रमित्रताले सहयोग पुऱ्याएको भाव व्यक्त भएको छ । यस निबन्धमा निबन्धकारले आफ्नोपन जीवित राखेर पनि युग अनुसार नयाँ संस्कृतिको विकास गर्नु पर्ने आवश्यकता औंल्याएका छन् ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्धमा सरल र बोधगम्य भाषाको प्रयोग भएको छ । यस निबन्धमा तत्सम, तत्भव र आगन्तुक शब्दहरू रहेका छन् । खास गरी नवीन, स्नेह, प्रेम, संस्कृति, शिक्षित, नारी, मिथिला जस्ता तत्सम भाषाको प्रयोग भएको पाइन्छ । त्यस्तै तत्भव शब्दमा दिदी, बहिनी, दाजु भाइ, महिला, पुरुष आदि छन् भने रोमान्टिक, मुड, फेसन आदि आगन्तुक शब्दहरू रहेका छन् । निजत्व शैलीमा लेखिएको देखिन्छ ।

### ४.२.५ 'राजदेवी' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत निबन्ध राजदेवी इतिहास र किंवदन्ती मिश्रित विषयवस्तु सम्बद्ध निबन्ध हो । 'राजदेवी' निबन्ध भित्र आफ्नो ठाउँको देवी देवताको इतिहासलाई देखाएका छन् । प्रत्येक कुराको इतिहास हुन्छ भन्ने कुरालाई यो निबन्धले प्रष्ट पार्ने प्रयास गरिएको छ । शक्तिशाली राजाले युद्धमा विजय पश्चात् शक्ति पीठ स्थापना

गर्ने परम्परा थियो र मकवानपुरका हरिहर सेन राजाले गंगासम्मको मैदानी भूमि विजय गरेपछि आफूलाई 'हिन्दूपती' पदवी धारण गरी सोही उपलक्ष्यमा राजदेवी स्थापना गरेको भन्ने विषयवस्तुलाई यस निबन्धमा चर्चा गरिएको छ । हरिहर सेनका उन्नति र प्रगति भएको हुँदा सो को कृति चिरस्थायी बनाउन मन्दिर स्थापना गरिएको इतिहास खोजी गरी सांस्कृतिक सम्पदालाई हेला होइन, मान सम्मान दिनु पर्छ र संरक्षण गर्नु पर्छ भन्ने प्रसङ्गलाई उल्लेख गरिएको छ । बागमती किनारमा रहेको रौतहट जिल्लाको पुरानो सदरमुकाम कटरवन समयको प्रहारले हेलाको पात्र बने पनि लोकको आस्थामा बाँचेको राजदेवीको कारण नाम नमेटिएको विषयलाई प्रस्तुत गरिएको पाइन्छ । राजदेवी मन्दिरमा रहेका मूर्तिहरूमा उत्तरतिरबाट क्रमशः दक्षिणकाली, त्रिपुर, सुन्दरी, काली, राजदेवी र बंगलामुखीदेवी सहित ५ देवीको धातुको कलात्मक मूर्ति रहेको छ भनी उल्लेख गरिएको छ ।

**(ख) भाव वा विचार**

यस निबन्धमा ऐतिहासिक पृष्ठभूमि एवं धार्मिक मान्यता प्रधानलाई प्रमुख रूपमा भाव प्रकट गरेको देखाइएको छ । सांस्कृतिक, धार्मिक, ऐतिहासिक विषयवस्तुको खोज अनुसन्धान गरिएको छ । राजदेवी मन्दिरको संरक्षण गरिनु पर्छ भन्ने कुरालाई देखाइएको छ ।

**(ग) भाषाशैली**

यस निबन्धमा सरल र लोकोक्ति भाषाको प्रयोग भएको छ । तत्सम शब्दले रोचकता थपेको पाइन्छ । त्रिपुर सुन्दरी, कटबन्ना, हिन्दूपती जस्ता शब्दको प्रयोग पाइन्छ । निबन्धकारको आफ्नै तर्क र तथ्यहरूको सामञ्जस्यता शैलीमा रचिएको छ ।

### ४.२.६ 'सामा-चकवा' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

यस निबन्धमा थारू सम्प्रदाय र उनीहरूको सामाजिक संस्कृतिलाई मुख्य विषयवस्तु बनाएर लेखिएको छ । बारा, रौतहट, सर्लाही, धनुषाका थारू समाजमा अत्यधिक उत्साह साथ महिलाहरूले मनाउँदै आएको सामा-चकवा गीति नाटक हो । सामा-चकवाको सूत्रपात कसरी, कुन सन्दर्भमा र कहिलेदेखि भएको हो भन्ने कुरालाई निबन्धकारले पौराणिक कथाको पृष्ठभूमिमा दर्साएका छन् । प्रस्तुत

निबन्धमा महाभारतमा पाइने प्रसङ्गलाई सांस्कृतिक निबन्धको रूपमा ढालिएको पाइन्छ । यसरी नै यस निबन्धमा मुख्य पात्र सामा-चकवा रहेका छन् र यी दुईको प्रेम प्रसङ्गको उल्लेख गरिएको छ । श्रीकृष्णको छोरी सामालाई धेरै राजकुमारले मन पराएका हुन्छन् । तर पनि सामाले चारुलाई नै माया पिरतीको कुरा गर्ने र उसलाई नछोड्ने वाचा गरेकी हुन्छे, कृष्णको दाहिने हात चडकले सामाको अगाडि चारुको बदख्वाँई गर्ने र सामा र चारु बीचको पवित्र प्रेमलाई अपवित्र देखाउने धम्की दिँदै समाजसँग आफूले विवाह गर्न चाहेको कुरा भन्ने गर्छ । चूकले सामाको भए नभएको पोल कृष्णलाई सुनाउँछ र श्री कृष्णले श्राप दिएको हुँदा सामा चरा बनेकी हुन्छिन् । सामाको विछोडले चारु विक्षिप्त भएर चरा बनेकी सामाको खोजमा चारु चारैतिर भौतारिन्छ र वृन्दावनको स्थानमा भोक प्यास सब बिर्सिएर दुब्लो न दुब्लो बनेका पागल जस्ता विक्षिप्त प्रेमी चारुलाई नारद ऋषिले भगवान् आराधना गरेमा सामा पाउन सक्छौ भन्ने कुराको वर्णन गरिएको छ । सामाको दाजु साम्ब चूडकको विरोधमा थिए र साम्ब पनि विष्णुको आराधना गर्न थाले । बहिनीप्रतिको प्रेम देखेर विष्णु पनि विभोर भई भन्नु भयो “कार्तिक महिना मेरो मन पर्ने महिना हो” (पृ. ५) । सो महिनादेखि माटोको सामा चकवा बनाउनु भनी त्यहाँदेखि यस सामा चकवाको प्रचलन थारू समुदायले मनाउँदै आएको उल्लेख गरिएको छ ।

### (ख) भाव वा विचार

प्रस्तुत निबन्धमा लोक संस्कृति भित्र असल मानवीय भावना कसरी रहेको हुन्छ, त्यसलाई स्वभाविक रूपले देखाइएको पाइन्छ । थारू सम्प्रदायले मनाउने सामा चकवाको सूत्रपात कसरी भयो, कुन सन्दर्भमा आएको र कहिलदेखि सुरु र अन्त हुन्छ भनी यस निबन्धमा रहेको पाइन्छ । यस निबन्धले बहिनीलाई दुःख पर्दा दाजु भाइले सहयोग गर्नु पर्ने भाव देखाइएको छ ।

### (ग) भाषाशैली

यस निबन्धमा सरल र सहज भाषाको प्रयोग भएको छ । सामा र चकवालाई प्रेम प्रतीकको रूपमा प्रयोग गरिएको छ । राजा, मन्दिर, नदी, बगैचा, प्राचीन, गुणवती, कृष्ण आदि तत्सम भाषाको प्रयोग गरिएको छ । तत्भवको पनि

प्रयोग भएको पाइन्छ । दाजुबहिनी, चरो, माटो, छोरी जस्ता शब्दहरूको प्रयोग गरिएको छ । प्रस्तुत निबन्ध पौराणिक शैलीमा लेखिएको छ ।

### ४.२.७ 'नेवार जाति र भाषाबारे केही टिप्पणी' निबन्धको विश्लेषण

#### (क) विषयवस्तु

यस निबन्धमा निबन्धकार शीतल गिरीले खोज अनुसन्धानमूलक प्रसङ्गहरू समाविष्ट गरी नेवार जाति बारेको विषयलाई मुख्य विषयवस्तु बनाएका छन् । नेवार जाति र भाषाको इतिहासलाई कोट्याएको देखिन्छ । मूलतः नेवारसँग सम्बन्धित यस निबन्धमा पुरातन ऐतिहासिक प्रसङ्गहरूलाई पृष्ठभूमिका रूपमा लिइएको पाइन्छ । नेवार जाति र नेपाल भाषा कसरी बन्यो र स्थापित भयो भन्ने कुराको विवेचना गर्ने प्रयास गरिएको छ । यस निबनधको माध्यमबाट निबन्धकारले काठमाडौँ उपत्यकामा भएको नेवार भाषालाई नजिकबाट हेर्ने प्रयत्न गरेका छन् । निबन्धकारले यस निबन्धमा नेवार जातिको उत्पत्ति र नेवार भाषाको उद्भवका सम्बनधमा आफ्नै प्रकारको तर्क र निजी अवधारणा अभिव्यक्त गरेका छन् । काठमाडौँ उपत्यकामा भोटे, द्रविड, आष्ट्रिक, संस्कृत, भोटे-बर्मेली र प्राकृत भाषा एक आपसमा मिल्दा एउटा नवीन भाषाको जन्म भएको हो भनी चर्चा गरिएको छ । तथ्य र तर्कद्वारा स्वच्छन्दतापूर्वक यथार्थ वस्तु स्थितिको बोध गराउँदै ऐतिहासिक विषयलाई निबन्धमा रूपान्तरण गरेको देखिन्छ । यस निबन्धमा प्रागइतिहासलाई केलाइएको जस्तो आभास पाइन्छ । नेवार जातिको भाषा र उद्भवको बारेमा उल्लेख गरिएको छ ।

#### (ख) भाव वा विचार

प्रस्तुत निबन्धमा नेवार जातिको इतिहास भन्नु नै काठमाडौँ उपत्यकाको इतिहास हो भन्ने भाव देखाइएको छ । नेवार जाति र भाषा बारे खोज अनुसन्धानमूलक प्रसङ्गहरू गरी नेवार जातिको उत्पत्ति र नेवारी भाषाको उद्भवका सम्बन्धमा आफ्नै प्रकारको तर्क र निजी अवधारणा अभिव्यक्त गरेको पाइन्छ ।

#### (ग) भाषाशैली

प्रस्तुत निबन्धमा केही भाषा सरल र केही भाषा जटिल पनि रहेको छ । मोहन्जोदरो, दस्यु, हैस्य कार्तवीर्य सहस्रार्जुन, सर्यात तुण्डीकेरा जस्ता जटिल शब्दको पनि प्रयोग भएको छ । केही आगन्तुक भाषाको पनि प्रयोग भएको पाइन्छ ।

पञ्जाव, आर्य, आष्ट्रिक, बौद्ध, तिब्बत जस्ता शब्दको प्रयोग भएको छ । यसमा निबन्धकारले विरणात्मक शैलीमा वर्णन गरेका छन् ।

## ४.३ 'प्रसङ्‌वश' निबन्ध कृति भित्रका निबन्धको विश्लेषण

### (क) परिचय

शीतल गिरीद्वारा लिखित 'प्रसङ्गवश' निबन्ध जिज्ञासामूलक निबन्ध सङ्ग्रह रश्मि प्रकाशन समूह (रौतहट)बाट २०६३ सालमा प्रकाशित कृति हो । यसको आवरण पृष्ठमा हरियो, निलो, पहेलो रङ्गको कलात्मक गाता भएको यस कृतिको पछिल्तिर गातामा निबन्धकारको फोटोसहित परिचय दिइएको र नगेन्द्रराज शर्माले ऐतिहासिक महत्त्वपूर्ण सन्दर्भहरूको खोज अनुसन्धान र विवेचनातर्फ प्रयास गरिएको छ भनी शीतललाई हार्दिक कामनाको कुरा समेत उल्लेख गरिएको छ । यो निबन्ध आकार प्रकारका दृष्टिले मझौला आकारमा छापिएको र उक्त निबन्ध सङ्ग्रह ७० पृष्ठमा संरचित छ । शीतल गिरीले अरू विभिन्न गोर्खा पत्र, रचना, अभिव्यक्ति, भानु, मधुपर्क, प्रतीक, गरिमा आदि पत्रपत्रिकामा समेत प्रकाशित गरेको पाइन्छ ।

प्रस्तुत निबन्ध 'प्रसङ्गवश' सङ्ग्रह कृति भित्र सङ्गृहीत निबन्धहरू प्रागइतिहाससित सम्बन्धित रहेका छन् । यस निबन्ध सङ्ग्रहका सङ्गृहीत निबन्धहरू 'अशोक वाटिका', 'आभीर', 'गोपाल', 'चित्लाङ', 'जनकवंशी राजाहरू', 'डोयराज्य', 'तथागतको आगमन धर्मयात्रा', 'भिक्षुबास', 'भेडापाल,' 'मूर्तिया', 'रनिवास', 'राजदेवी', 'रुद्रसिंहको मूक्ति', 'रौतहट' गरी जम्मा १५ वटा रहेका छन् । आयामको दृष्टिकोणले 'गोपाल' र 'रुद्रसिंहको मूक्ति' जस्ता दुई पृष्ठका साना निबन्धदेखि 'रौतहट' शीर्षकको दश पृष्ठसम्मका लामा निबन्धहरू समेटिएका छन् । यी निबन्धहरूको सङ्क्षिप्त परिचय निम्नानुसार गरिन्छ ।

प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत पन्ध्रवटा निबन्धहरूमा 'अशोक वाटिका' पहिलो निबन्ध हो । पाटलीपुत्र (पटना ?) मा सम्राट चन्द्रगुप्त मौर्यको समयमा नेपाली राडी, पाखी, बख्खु, गलैचा र ऊनीका अन्य सामग्रीको किनबेच थलोको रूपमा रहेको अशोक वाटिकालाई देखाइएको छ । त्यसै गरी दोस्रो निबन्ध 'आभीर' मा इ.पू. १२०० तिर महिष्मतीको किनारमा बसोबास गर्ने यादव गोत्र नेपाल भित्रिएका गोपाल हुन् भन्दै आभीर जाति महाभारतमा वर्णन गरिएको सरस्वती नदीको

किनारमा गाई भैंसी पालन गरी बस्ने जातिहरूको गण नै आभीर गण हो भनिएको छ । त्यस्तै आभीर जस्तै सङ्ग्रहको तेस्रो निबन्धमा 'गोपाल' पनि जातिसँगै सम्बन्धित छ । गोपाल वंशको आधिपत्य काठमाडौँ उपत्यकामा भएको इ.पू. ११५० तिर वाग्मती नदी थुनिएको स्थान चोभारमा निकास खोलेको तथा आठ जनाले राज्य सम्भालेको उल्लेख गरिएको छ । त्यसरी नै नियात्रात्मक शैलीमा लेखिएको निबन्ध 'चित्लाङ' मा मकवानपुर जिल्लाको चित्लाङको प्राग्ऐतिहासिक चिनारीका साथै त्यहाा लाग्ने मेलाहरूको ऐतिहासिक र सम्राट अशोकले निर्माण गराएको अशोक स्तम्भको चर्चा गरिएको छ । 'जनकवंशी राजाहरू' यस सङ्ग्रहको पाँचौं निबन्ध हो । निबन्ध विदेह जनकको बहुदक्षिणा यज्ञबाट सुरु अष्टवक्रको ज्ञानको चर्चा गर्दै 'जनक' नाम नभएर उपाधि बताइएको छ । निबन्धमा 'जनकवंश' को उत्थान र पतनका साथै मध्यपूर्वी महेशमा प्रचलित सांस्कृतिक गीति नाटक 'जटजटिन' को समेत प्रसङ्ग कोट्याइएको छ । यसरी नै प्रस्तुत निबन्ध सङ्ग्रहको छैटौं निबन्ध 'डोयराज्य' मा इ.सं. १०९७ जुलाई १० मा न्यान्यदेवले सिमरौनगढलाई राजधानी बनाई स्थापना गरेको डेय वा तिरहुत राज्यको चर्चा गरिएको छ । डोयराज्यको उत्थानदेखि पतनसम्म चर्चा गरिएको प्रस्तुत निबन्धमा सिमरौनगढको संरक्षण गरिनु पर्ने आवश्यकतालाई देखाइएको छ ।

'तथागतको आगमन' निबन्धमा गौतम बुद्धको काठमाडौं आगमन र प्रथम उपासक विरुपाक्ष भएको बताइएको छ । सङ्क्षेपमा बुद्धको जन्म, तपस्या, ज्ञान प्राप्ति पछि उपदेश दिने क्रममा तथागत नेपाल उपत्यका आएको बताइएको छ ।

आठौं निबन्ध 'धर्मयात्रा' मा मगध सम्राट अशोकलाई तथागतको प्रेमले जिते पछि विश्व शान्तिको लागि एक लाख चैत्य निर्माण गराउने क्रममा थालिएको यात्रालाई धर्मयात्राको संज्ञा दिइएको छ । निबन्धमा सम्राट अशोकको नेपाल उपत्यका यात्राको क्रममा चित्लाङको बसाइँ र नेपाल उपत्यकामा चार स्तुपको निर्माण अनि छोरी आरुमतीको देवपालसँग विवाह भएको बताइएको छ । नवौं निबन्ध 'भिक्षुवास' मा वीरगंजको पूर्वतर्फ रहेको वर्तमान भिसुवा (भिरला) सँग सम्बन्धित इ.पू. ३७० को ग्रीष्म ऋतुको एक घटनालाई लिएर लेखिएको काल्पनिक निबन्ध हो । भिक्षुले बास गरेकोले भिक्षुवासबाट भिसुवा भएको यस स्थानमा एकरातका लागि वास बसेका भिक्षु र विपत्मा त्यहीको मन्दिरभित्र लुकेकी युवती बीच पलाएको प्रेमको रोचक प्रसङ्ग

कोट्याइएको छ । सङ्ग्रहको दसौं निबन्ध 'भेडापाल' सम्मादात्मक एवं कथात्मक शैलीमा लेखिएको प्रस्तुत निबन्धमा इ.पू. १४०० तिर नेपाल गङ्गा पारिसम्म हुने व्यापार, काठमाडौंको सुरक्षा स्थिति तथा भेडापाल गण मातृसत्तात्मक रहेको बताइएको छ । प्रस्तुत निबन्ध सङ्ग्रहको एघारौं निबन्ध 'मूर्तिया' र तेह्रौं निबन्ध 'राजदेवी' गरी दुई निबन्धहरू निबन्धकार गिरीको 'पत्रमित्रता युगको आवश्यकता' कृति भित्रको सङ्गृहीत यिनै शीर्षकमा क्रमशः पहिलो र पाँचौं स्थानमा रहेका छन् । 'रनिवास' प्रस्तुत कृतिको बाह्रौं निबन्धमा सिमरौनगढमा रहेको रनिवासको इतिहास बताउने क्रममा शृङ्गारिक भावधारामा नरसिंहद ेवको विलासीपूर्ण जीवनको चर्चा गर्दै कालान्तरमा प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणा इ.पू. १८७७ को जनवरी महिनामा रानी हिरण्यगर्भ कुमारीलाई साथमा लिई दलबलका साथमा शिकार खेल्न तराई झरेका बेला रानीलाई सिमरौनगढमा नै बस्न मन लागेको प्रसङ्ग उल्लेख छ । चौधौं निबन्ध 'रुद्र सिंहको मुक्ति' निबन्धमा सन् १७०७ मा सिंजाका खस राजाले कुमाउँलाई विजय गरेर त्यहाँका राज रुद्र सिंहलाई बन्दी बनाएको प्रसङ्ग छ । पछि रुद्र सिंहले सिंजाको आदिपत्य स्वीकार गरे पछि अधिनस्त राजाको रूपमा मुक्ति स्वीकारेको उल्लेख छ । सङ्ग्रहको अन्तिम निबन्ध 'रौतहट' मा रौतहट जिल्लाको प्राचीन इतिहास, जाति, भाषा र संस्कृतिको सङ्क्षेपमा चर्चा गरिएको छ । आदिवासी यादवलाई र रौतहटमा मानव बसोबास इ.पू. १००० तिर भएको अनुमान गरिएको प्रस्तुत निबन्ध बज्जि राज्यको उत्थान र पतन लेखिएको प्रसङ्ग तथा सेन राजा पराजित भए पछि मकवानपुर राज्यबाट एकीकृत नेपालमा समावेश हुन पुगेको विषयवस्तुलाई पनि समेटेको छ ।

### ४.३.१ 'अशोक वाटिका' निबन्धको विवेचना

#### (क) विषयवस्तु

'अशोक वाटिका' निबन्धमा अशोक बाहेक बाटिकामा बाह्रै महिना वसन्त रहने, प्रशस्त शीतल छहारी र अन्य विभिन्न जातका विविध वृक्ष, विविध फलफूलहरूले लटरम्म रहने स्थललाई देखाइएको छ । वाटिकामा धर्मशाला, एउटा अग्लो र मनोरम ठाउँमा एउटा सुन्दर विशाल नृत्यशाला रहेको कुरा देखाइएको छ । यस निबनधमा आचार्य विष्णु गुप्त चाणक्यले चन्द्र गुप्त मौर्यका लागि तयार गरिदिएको त्यस बेलाको संविधान मानिएको "कौटिल्यको अर्थशास्त्र" मा नेपाली सामानहरूको गुणवत्ता र

विशिष्टता माथि गरिएको मूल्याङ्कनलाई विषयवस्तु बनाइएको छ। चन्द्र गुप्त मौर्यको समयमा नेपाली राडी, पाखी, बख्खु, गलैचा र ऊनीका अन्य सामग्रीको किनबेच थलोको रूपमा रहेको अशोक वाटिकालाई देखाइएको छ। नेपाली सामानको उत्कृष्टता, माग र नेपाली व्यापारीप्रति समाजको सद्भाव र विश्वासको साथै सम्राटको विलासपूर्ण जीवन र दासीहरूको जीवन बारेलाई विषयवस्तु बनाइएको पाइन्छ । यस निबन्धमा राजनीतिको पनि प्रभाव रहेको छ। "मनुस्मृतिको मर्यादा अनुसार राज्य सञ्चालन गर्छु। न्याय गर्न र माया गर्न म कुनै भेदभाव राख्तिन। नेपाल देशका सभ्य व्यापारीहरूप्रति म र मेरा जनता धेरै स्नेह राख्दछौं" (पृष्ठ ३ र ४) । यसरी शीतल गिरीले यस निबन्धमा विविध कुराहरूलाई विषयवस्तु बनाएको पाइन्छ।

**(ख) भाव वा विचार**

यस निबन्धमा निबन्धकार गिरीले भेडाको मसिनो भुवा र खरायोको रौंबाट मात्र निर्मित राडी, पाखी, खास्टो, बख्खुहरू राम्रो हुन्छ भनी उल्लेख गरेका छन् । नेपाली सामानको उत्कृष्टता, माग र नेपाली व्यापारीप्रति सम्राटको सद्भाव र विश्वासका साथै सम्राटको विलासपूर्ण जीवन र दासीहरूको जीवन बारे भाव व्यक्त भएको पाइन्छ । नेपालका व्यापारीहरूको मलिनता, देशप्रेमी र सभ्यतालाई देखाउन खोजिएको छ।

**(ग) भाषाशैली**

भाषाशैलीका दृष्टिले प्रस्तुत निबन्धमा सरल एवं गद्य शैलीमा रचिएको देखिन्छ । यस निबन्धमा नेपाली प्रयोग भएका तत्सम, तत्भव, आगन्तुक शब्दको प्रयोग पाइन्छ । अर्थशास्त्र, सभ्य, पुत्र, वस्त्र, स्नेह, मद्यपान जस्ता तत्सम शब्दको प्रयोग पाइन्छ । तत्भव शब्द भेडा, राडी, पछ्यौरा आदिको प्रयोग पाइन्छ । शीतल गिरीको भाषा मौलिक र सम्प्रेष्य छ । उनको बोली र लेखाइमा एकात्मकता पाउन सकिन्छ । उनको रचना शैली संस्मरणात्मक र वर्णनात्मक रूपमा रहेको छ ।

### ४.३.२ 'आभीर' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

यस निबनधमा गिरीले नेपालको प्राचीन कला, कृति, संस्कृति र इतिहासलाई अनुसन्धान र अन्तवेषण गरी नेपालमा बसोबास गर्ने जातजातिहरूको रहन सहन, रीति, स्थिति सहितको इतिहास तर्फ उजागर गरेको पाइन्छ । निबन्धमा विभिन्न

जातिहरूको कुटुम्बेली सम्बन्धले नेवार जातिको जन्म भएको तथा ग्वार, अहिर, राउत, ग्वाला, गोपाली जाति एउटै हुन र पहाडमा बसोबास गर्ने आभीरहरू जबरजस्ती नेवार सङ्गठन भित्र गाँसिन पुगेको प्रसङ्गलाई विषयवस्तु बनाइएको छ । यस निबन्धमा नेपालको इतिहासमा आभीरहरूको उल्लेख भए तापनि यिनीहरूको राज्य संस्थामा पकड नभएको कारण कुनै पनि वंशावलीमा उचित स्थान नपाएको कुरालाई उल्लेख गरेको पाइन्छ । मानदेव प्रथमले इ.सं. ४६४ मा चाँगुनारायणको मन्दिर, मानगृह, अंशवर्माले कैलाशकुट भवन बनाएको, लिच्छवी कालका प्रसिद्ध मन्दिर, शिलाखण्ड, मूर्ति, मल्लहरू आदि कुराको उल्लेख रहेको छ । यस निबन्धमा राजनीतिको छाप पनि परेको छ- "गोपाल महिषपालहरूलाई जितेर किराँतहरूले राज्य गरे" (पृष्ठ ६) भनी लेखिएको छ । धेरै जसो कुराहरू निबन्धकार गिरीले भेटिएको तथ्यहरूसँग जोडिएका अनुमान र कल्पनाहरूको कुरालाई विषयवस्तु बनाएका छन् ।

**(ख) भाव वा विचार**

यस निबन्धमा निबन्धकार गिरीले आभीर जातिहरू को हुन् ? कहाँबाट आएका वा ती कसरी भए ? नेवार जाति कसरी बन्यो ? भन्ने प्रसङ्गलाई उठाइएको भाव व्यक्त भएको पाइन्छ । यस निबन्ध मार्फत जिज्ञासा र सहयोगार्थ लिन खोजिएको भाव पाइन्छ । यस निबन्धबाट लिन खोजिएको भाव पाइन्छ । यस निबन्धबाट कसले के बनाए भन्ने कुरा पनि थाहा हुन्छ ।

**(ग) भाषाशैली**

यस निबन्धमा निबन्धकारले प्राचीन कुरालाई लिएर भाषा जोडेको छ । यस निबन्धमा उखान टुक्का भाषाको प्रयोग भएको छ । जो होचो उसैको मुखमा घोचो यस्ता भाषाले निबनधमा रोचकता थपेको छ । तत्भव भाषाको दुध, दही, गाई, भैंसी जस्ता शब्द प्रयोग भएको छ । आगन्तुक भाषा चीन, विभूति, महल, रैया आदि शब्दको प्रयोग भएको छ । यो निबन्ध संस्मरणात्मक र वर्णनात्मक शैलीमा प्रस्तुत भएको छ ।

### ४.३.३ 'गोपाल' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

यस निबन्धमा निबन्धकार गिरीले गोपाल वंशावलीको आधिपत्य काठमाडौं उपत्यकामा भएको, काठमाडौं उपत्यकामा पहिले एउटा ठूलो तलाउ वा दहको

रूपमा रहेको र काठमाडौँ बस्ती बसाउने कुरालाई प्रमुख रूपमा लिइएको छ । आआर्यावर्तका महिषपाल र माछामार नेपाल उपत्यकाको रैथाने भेडापाल जातिको सहमिलनले मानवोचित बुद्धिको विकास भएको प्रसङ्ग पनि आएको छ । इ.सा. को १४ औँ शताब्दीमा सङ्कलित प्राचीन नेपालको इतिहासले औँल्याएको गोपाल वंश परिष्कृत आर्य थिएनन् । महिषमतीको किनारमा बसोबास गर्ने यादगहरू हैल्य कार्तवीर्य सहस्रार्जुन, सर्यात र तुण्डीकेराहरूबाट आफ्नो प्राणरक्षाहेतु लुक्दै भाग्दै यहाँ आइपुगेका हुन भन्ने कुरालाई उजागर गरेको पाइन्छ । नेपाल उपत्यकामा महिषपाल नै प्रथम कृषक थिए भने पुरानो गणमाताको चलन भत्काएर गणपति (पितृसत्तात्मक युग) को प्रचलन गोपालहरूको पालादेखि नै भएको हो भनी निबन्धकारले आफ्नो निजत्वलाई पनि विषयवस्तु बनाएको पाइन्छ । गोपाल वंशका आठजना भुक्तमान, जय गुप्त, परम गुप्त, भीम गुप्त (प्रथम), भीम गुप्त (द्वितीय), मणि गुप्त, विष्ण गुप्त र यक्ष गुप्तले ३२० वर्षसम्म गणपति भई सङ्घ राज्य सम्हालेको कुरा पनि प्रस्तुत निबन्धमा रहेको छ ।

**(ख) भाव वा विचार**

यस निबन्धमा नेपाल उपत्यकाको बस्ती निर्माण, गोपाल वंशको आधिपत्य काठमाडौँ उपत्यकामा भएको इ.पू. ११५० तिर वाग्मती नदी थुनिएको स्थान चोभारमा निकास खोलेको तथा आठजनाले राज्य सम्हालेको कुरा उक्त निबन्धले देखाएको पाइन्छ । यस निबन्धमा गिरीले यस उपत्यकामा गोपाल वंश नै प्रथम जाति हो भन्नु इतिहासलाई अपहेलना गर्नु हो, नेपालमा भेडापाल र माछामार जातिहरू पहिला थिए भनी ठोकुवा गरेको देखिन्छ । यसमा अनुमान गरेर सत्य बताउन खोजिएको अभिप्राय रहेको देखिन्छ ।

**(ग) भाषाशैली**

यस निबन्धमा भाषाको प्रयोग कतै सरल पनि रहेको छ । निबन्धकारले निबन्धमा अतयाधिक लोकबोलिको प्रयोग गरेको पाइन्छ । काठमाडौँ, कालीमाटी, थापाथली, चोभार जस्ता भाषाको प्रयोगले गर्दा सहजता देखिन्छ । आगन्तुक भाषा सङ्घ, ऋषि, वंशावली जस्ता शब्दको प्रयोग भएको छ । यस निबन्धमा विश्लेषणात्मक जस्तो देखिए पनि सङ्क्षेपीकरण शैली प्रयोग गरिएको छ ।

### ४.३.४ 'चित्लाङ' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

यस निबन्धमा प्राग्ऐतिहासिक चिनारीलाई प्रमुख विषयवस्तु बनाएको छ । यो नियात्रात्मक निबन्ध हो । यसैलाई आधार बनाई गिरीले 'चित्लाङ' निबन्ध लेखेको देखिन्छ । २०५५ सालको चैत्र महिनामा चित्लाङ साहित्य परिवारको निम्तो पाएर रौतहटका माधव काफ्ले, यमकुमार श्रेष्ठ, रमेशमोहन अधिकारी, संजय शाह र निबन्धकार गिरी, राम खनाल लगायत हेटौडाका आर.आर. चौलागाई बाइरोडको बाटो हुँदै बसमा कुन्छालसम्म गएका थिए । त्यसै समयमा काठमाडौँ उपत्यकादेखि पश्चिम-दक्षिण तर्फ रहेको लामचो भिरालो उपत्यकाको नाम नै चित्लाङ हो । त्यहाँको प्राकृतिक सौन्दर्यले निकै सुन्दर देखाएको थियो । हरेक वर्ष त्यहाँ कोजाग्रत पूर्णिमाको दिन ठूलो मेला लाग्दथ्यो । चित्लाङको आसपासका गाउँका मानिसहरू उत्साहित देखिन्थ्यो । सो दिन स्वच्छन्द भैरवको मूर्तिलाई स्वल्पनदी स्नानको लागि मन्दिरमा निकालिन्छ भन्ने प्रसङ्ग समेत आएको छ । यसरी दिन बित्दै जाँदा भैरवको मूर्तिलाई रथमा राखी चित्लाङ घुमाउने प्रचलन पनि रहेको देखाइएको छ । यस भैरव मूर्तिदेखि त्यहाँका बासिन्दा विश्वास गर्ने र बली चढाउने पनि गरेको पाइन्छ ।

प्रस्तुत निबन्धमा सम्राट अशोकले बनाएको ऐतिहासिक निधि, चैत्यको प्रसङ्ग पनि आएको छ । सम्राट अशोकले तथागतको जन्मभूमि लुम्बिनीमा स्तम्भ निर्माण गराएको, अशोककी छोरी चारुमतीको प्रेम प्रसङ्ग र देवपाल युवकसँग भेट भएको कुरा उल्लेख गरिएको छ । निबन्ध यात्रा संस्मरण हुँदाहुँदै प्राकृति इतिहासतिरै भासिन पुगेको देखाइएको छ । शीतल गिरीले पाठकलाई रोचकपूर्ण यात्रा संस्मरण निबन्ध लेखेर प्रष्ट्याउन खोजेको देखिन्छ ।

**(ख) भाव वा विचार**

निबन्धमा मकवानपुर जिल्लाको चित्लाङको प्राग्ऐतिहासिक चिनारीका साथै त्यहाँ लाग्ने मेलाहरूको ऐतिहासिकता र सम्राट अशोकले निर्माण गराएको अशोकको स्तम्भको बारेमा देखाइएको भाव रहेको छ । यस निबन्धमा निबन्धकार गिरीले सम्राट अशोककी सुपुत्री चारुमती र युवक देवपालको भेट तथा प्रेमको सन्दर्भलाई देखाइएको छ । पुरुष र स्त्री बीच कहाँ, कहिले, किन, कसरी, कोसँग प्रेम बस्छ र जीवन बित्छ, यो अनौठो विषय बनेको छ भनी भाव प्रकट भएको देखिन्छ ।

**(ग) भाषाशैली**

यस निबन्धमा भाषाको प्रयोग सरल नै रहेको छ । निबन्धलाई कलात्मकताको उत्कष्टता प्रदान गर्न निबन्धकारले गोपाली, बलामी, कपाली, धनी, मानी जस्ता तुकबन्दीयुक्त काव्यात्मक शब्दहरूको पनि प्रयोग गरेका छन् । भाषामा झर्रा, खर्रा जस्ता भाषाको पनि प्रयोग भएको छ । धामी झाक्री, नाङ्गो, खुँडा, बोका, भाले, राँगा, सुँगुर आदि लोकोक्ति भाषाको प्रयोग भएको छ । विश्लेषणात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

## ४.३.५ 'जनकवंशी राजाहरू' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

यस निबन्धमा निबन्धकार गिरी जनकवंशी राजाहरूको उत्थान र पतनको यथार्थलाई मुख्य विषयवस्तु बनाएको देखिन्छ । यस निबन्धमा गिरीले पौराणिक विषयको चर्चा गरेका छन् । जनकवंशको गुणगानदेखि लिएर जनक नाम नभएर वंश पहिचान समेत विषयवस्तु बनेको छ । सर्वसाधारणले जनक राजा भन्नाले सीताका पिता र रामका ससुरा भन्ने कुरा उल्लेख गरेको पाइन्छ । त्यस कुरालाइ खारेर जनक वंशको पहिचान गरेका छन् । यसमा सीताको पिताको नाम जनक नभई 'शीरध्वज' जनक हो । जनकवंशी अन्तिम राजा कराल जनक कामुक भई जनताका छोरी बुहारीहरूको समेतको अस्मिता लुट्ने कुराको चर्चा भएको पाइन्छ । पुस्ता प्रतिपुस्ता गर्दै सयम आगतको आगैवतिर सर्दै जान्छ र कति कुराहरू विगतका विस्मृतिमा पर्दै जान्छन् भन्ने कुराको उल्लेख गरेको देखिन्छ । यस निबन्धमा निबन्धकारले वृहदारण्यक उपनिषद्को चौथो अध्यायमा रहेको दार्शनिक वार्तालाप, अष्टावक्रको चर्चा, लोक नाट्य जट जटिनको प्रसङ्ग समेत उठाएका छन् । निबन्ध विदेह जनकको बहुदक्षिणा यज्ञबाट सुरु भई अष्टावक्रको ज्ञानको चर्चा गर्दै जनक नाम नभएर उपाधि रहेको बताइएको प्रसङ्ग छ ।

**(ख) भाव वा विचार**

यस निबन्धमा निबन्धकार गिरीले आफ्नो संस्कार संस्कृति देखाउन खोजेका छन् । वास्तवमा जनकपुरका राजाहरूले धारण गरेको 'जनक' नाम नभएर उपाधि थियो भनी उल्लेखनीय भाव प्रकट भएको देखिन्छ । जनकवंशी अन्तिम राजा

'कराल' जनक कामुक भई जनताको छोरी बुहारीहरू समेतको अस्मिता लुट्ने भाव व्यक्त भएको छ । मुख्यतः पुरानोको खोजीले नै नयाँ सम्पन्न हुने धारणा देखाइएको छ । निबन्धकार गिरीले पुराना कुराको चर्चा गरेर अरूको विचार तान्न कोशिस गरेको देखिन्छ ।

**(ग) भाषाशैली**

यस निबन्धमा गिरीले सरल एवं स्वाभाविक गद्य शैलीमा रचिएका देखिन्छन् । नेपाली प्रयोग भएका तत्भव र आगन्तुक भाषाका शब्दहरूको प्रयोग पाइन्छ । त्यसै अनुसार भाषाहरू सिक्का, पृथ्वी, वर, वधु, पती आदि तत्सम भाषाहरूको प्रयोग भएको पाइन्छ । आगन्तुक सिक्का, मद्रदेश, कुरुदेश, नृत्य जस्ता शब्दहरू प्रयोग भएको छ । यसरी निबन्धको माध्यमबाट गिरीले पौराणिक कुरा सूक्ष्माति सूक्ष्म रूपले अध्ययन गरी त्यसलाई यथार्थिक परिदृश्यलाई सहज र सरल तरिकाले देखाएको पाइन्छ । गिरीले कथात्मक प्रसङ्गहरूलाई लिएर निबन्धात्मक शैलीमा लेखक महत्त्वपूर्ण रहेको पाइन्छ । विश्लेषणात्मक शैलीमा लेखिएको छ ।

### ४.३.६ 'डोयराज्य' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत निबन्धमा सिमरौनगढको अध्ययन विषयवस्तु बनाइएको छ । त्यस ठाउँमा मिथिला, तिरहुत वा डोय राज्यको इतिहास बारे जानकारी गराइएको छ । नेपालको गण्डकीदेखि पूर्वतर्फको मिथिला प्रदेश समेत राज्यमा सेनापति नान्यदेवलाई न्यायपुरी (हालको भारतको चम्पारण पृष्ठ २१) मा सदरमुकाम कायम गरी प्रशासन सञ्चालनको उल्लेख गरिएको छ । नयाँ डोयराज्यको राजधानी सिमरौनगढमा योजनाबद्ध र व्यवस्थित गरिएको प्रसङ्ग रहेको छ । यस निबन्धमा मूर्तियाको प्रसङ्ग पनि आएको छ । मूर्तियादेखि पश्चिम तर्फको नदी बागमतीको कुरा र सो मन्दिरमा सोही कलशस्थापना गरी इष्टदेवको रूपमा राजधानीमा राजा आफैले प्रत्येक औंसी र पूर्णिमाको दिन पूजा गर्ने गरेका थिए भन्ने कुरा पनि चचा गरिएको छ । सिमरौनगढमा राणा प्रधानमन्त्री जंगबहादुर राणाकी पत्नी हिरण्य गर्भकुमारीको चाहना अनुसार उनका छोरा जितजंगले पिताको स्मृतिमा वि.सं. १९३५ माघ ५ गते (पृष्ठ २२) रामजानकी मन्दिर निर्माण गराएको उल्लेख गरिएको

छ । डोयराज्यको स्थापना दक्षिण भारत कर्णाटकका राजा विक्रमादित्यले उत्तर तर्फको विजय यात्राको क्रममा इ.सं. १०९७ मा आफ्नो सेनापति नान्यदेवद्वारा गराएको र विक्रमादित्यको मृत्यु पछि डोय स्वतन्त्र राज्य भयो र नान्यदेवले सिमरौनगढलाई राजधानी बनाएको प्रसङ्ग समेत जेडेर लेखिएको छ । प्रत्येक वर्ष लाग्ने रामनवमीको मेलामा नेपाल र भारत विभिनन भागबाट हजारौँ तीर्थ यात्रीहरू आउने प्रसङ्ग पनि रहेको छ ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्ध यात्रा विवरण अनुसारले लेखिएको पाइन्छ । डोयराज्यको उत्थानदेखि पतनसम्मको भाव व्यक्त भएको पाइन्छ । डोयराज्यमा इ.सं. १०९७ मा नान्यदेवले सिमरौनगढलाई राजधानी बनाई स्थापना गरेको चर्चा प्रमुख रूपमा देखाइएको छ । प्रस्तुत निबन्ध अनुसार सिमरौनगढको संरक्षण गरिनु पर्ने आवश्यकता औँल्याइएको देखिन्छ ।

**(ग) भाषाशैली**

यस निबन्धमा राष्ट्रिय अन्तर्राष्ट्रियसम्मको भाषा आएको देखिन्छ । नेपाल, तिब्बत, भारत जस्ता देशहरूको भाषा प्रयोग छ । जुलाई, मिथिला, इतिहास, स्मृति, भूकम्प, हुरी बतास, सेविका र आवास, सेनतापनि, शृङ्गार जस्ता जनस्तरसम्म र आगन्तुक भाषाहरू प्रशस्त रहेका छन् । यो निबन्ध यात्रा वृत्तान्तलाई लिएर विवरणात्मक शैलीमा प्रस्तुत गरिएको पाइन्छ ।

### ४.३.७ 'तथागतको आगमन' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत निबन्धमा गौतम बुद्धको काठमाडौँ आगमन र प्रथम उपासक विरुपाक्षलाई विषयवस्तु बनाइएको देखिन्छ । उपत्यकाको नागार्जुन, प्राकृति सौन्दर्यले ओतप्रोत दृश्यले घेरिएको उपत्यकाको वर्णन निबन्धमा पाइन्छ । उपत्यकामा रहेको कला, मन्दिर, राजमार्ग आदिले गर्दा नेपाल पर्यटकहरू आउँछन् भन्ने प्रसङ्गलाई पनि निबन्धकारले निबन्धमा जोडेका छन् । तथागतकी आमा मायादेवी आफ्नो माइत जान लाग्दा लुम्बिनी नामको शालवनमा सिद्धार्थ जन्मिए, सिद्धार्थ जन्मिएको सात दिन पछि उनकी आमा मरिन् र उनको पाल पोषण उनकी

सानी आमा प्रजापती गौमतीले सम्हालिन् भन्ने कुरा उल्लेख गरेको पाइन्छ । तथागतले अष्टाङ्गिक मार्ग दिएको कुरा पनि उल्लेख गरेका छन् । नेपाल उपत्यकामा तीन वचन दिएका विरुपाक्ष नै प्रथम उपासक भए ।

बुद्धं शरणं गच्छामि ।
धम्मं शरणं गच्छामि ।
संघ शरण गच्छामि ।

तीन वचनको साथमा उपासक बनेको कुरा निबन्धमा बताएका छन् ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा काठमाडौँ उपत्यकामा रहेको नागार्जुन डाँडाको वर्णन गरिएको पाइन्छ । गौतम बुद्धलको आगमन भएको कुरा बताइएको छ साथै सङ्क्षेपमा बुद्धको जन्म, तपस्या, ज्ञान प्राप्ति पछि उपदेश दिने भाव प्रकट भएको पाइन्छ । बाहिरका मानिसहरू नेपाल आउनुका कारणहरू पनि प्रस्तुत निबन्धमा देखाउन खोजिएको पाइन्छ र अझै यस उपत्यकालाई मनोरम दृष्य बनाउन आवश्यक छ भन्ने खालको प्रसङ्ग पनि देखिन्छ ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्धमा निबन्धकार गिरीले सरल, सहज भाषाको प्रयोग गरेका छन् । पुर, महल, वन, उपवन, राजमार्ग, मन्दिर जस्ता तत्सम शब्दहरूको प्रयोग भएका छन् । सितिमित, वरिपरि जस्ता द्वित्व भाषाको पनि प्रयोग भएको पाइन्छ । छोटो छोटा अनुच्छेदमा लेखेर निबन्धकारले पाठकलाई सहज र बुझ्ने शैलीको निबन्ध लेखेका छन् । वर्णनात्मक र संस्मरणात्क शैलीमा लेखिएको पाइन्छ । डाँडो, बाङ्गो, ठूलो, काम जस्ता तत्भव भाषाको पनि प्रयोग भएको छ ।

### ४.३.८ 'धर्मयात्रा' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत निबन्ध सङ्ग्रहमा धर्मयात्राबाट शान्तिको लागि एक लाख चैत्य निर्माण गराउने क्रममा थालिएको यात्रालाई धर्मयात्राको संज्ञा दिइएको पाइन्छ । विशाल मगध राज्यका सम्राट अशोकले कलिङ्गको युद्ध जिते पछि तथागतका सच्चा प्रेमले जित्यो, तब मानव संहार मात्र गर्दै आएका अशोकले मानव सेवामा समर्पित

हुने अठोट तथागतको शान्ति सन्देश प्रसारण गर्न सवा लाख चैत्य (स्तुप) निर्माण गराउने उल्लेख गरेको पाइन्छ । सम्राट अशोकले चैत्य दर्शन गरे पछि छोरी चारु तिमीले यो धर्मयात्रामा सहभागी भएर सत्कर्म गरेको चर्चा पाइन्छ । छोरी चारुले पिता अशोक सम्राटको राम्रो काममा सहभागी बन्न, ज्ञान र तपबाट तथागतको सन्देश छर्न जस्ता प्रसङ्ग प्रस्तुत गरेको छ । अशोक सम्राट तथागतको लस्कर बास बसी हितोपदेशका बाहक बन्दै हिडेको कुरा उल्लेख छ । नेपाल उपत्यकामा नालन्दा, तथागतको जन्मभूमि र खस प्रदेश जाने मार्ग चन्द्रागिरि डाँडाको पनि वर्णन गरिएको छ । गण्डकी, त्रिशुली हिडेको यात्रा वृत्तान्तको पनि प्रसङ्ग आएको देखिन्छ । यस निबन्धमा राजृम्भक नाम गरेका सरदारले धर्मयात्राको वृतान्त सहितको राजपत्र र सौगतसहित नेपालका किरा सरदारको दरबारमा दूतहरू पठाइएको चर्चा पनि रहेको छ । चारुमती विहे कुमार देवपालसँग भएको र चारुमती द्वारा निर्मित चैत्य आजभोली चाहवेल नाम धारण गरेको छ भन्ने प्रसङ्ग आएको छ ।

### (ख) भाव वा विचार

यस निबन्धमा तथागतको उपदेश पाउँदा आफ्नो जीवनको बाटो पहिल्याउन सकिन्छ भन्ने भाव प्रकट भएको देखिन्छ । जुन छोरी पिताको राम्रो काममा सहभागी बन्न सक्छे उही छोरी लोकद्वारा पूजित हुन्छे भन्ने प्रसङ्गलाई पनि देखाइएको पाइन्छ । भिक्षुहरूले तथागतको हितेपदेशको बाहक बन्दै गएकाले भिक्षुणीहरूलाई राम्रो भएको छ र सबैले धर्मयात्रा गर्दा राम्रो हुने छ भनेर निबन्धकारले कोट्याउन खोजेको देखिन्छ ।

### (ग) भाषाशैली

प्रस्तुत निबन्धमा सरल र सम्प्रेष्य भाषाको प्रयोग भएको छ । बुद्धम् शरणम् गच्छामि, संघम. शरणम् गच्छामि, धम्मम् शरणम् गच्छामि र बहुजन हिताय बहुजन सुखाय जस्ता हितोपदेश भाषाको प्रयोगले कलात्मकता थपेको छ । साथै पाउजु, बटुवा, एक्ली, मणि जस्ता भाषा प्रयोग भएको छ । निबन्धकारले निबन्धमा उद्धरणको चिन्ह, योजक चिन्ह, पूर्णविराम जस्ता सङ्केतको प्रयोग गरेको पाइन्छ । यस निबन्ध विवरणात्मक शैलीमा रहेको छ । नदी, रूपवती, गुणवती, सहभागी, सम्पति जस्ता तत्सम शब्दहरूको प्रयोग भएको छ ।

### ४.३.९ 'भिक्षुवास' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

इ.पू. ३७० को ग्रीष्ममा अश्वारोही भिक्षु भिक्षाखोरी सिमरावनको बाटो हुँदै चित्लाङबाट मगध तर्फ जाँदै गरेको, तथागतको सच्चा प्रेमले गर्दा मानव सेवामा समर्पित सम्राट अशोक त्यतिखेर चित्लाङमा एउटा चैत्य बनाएको जस्ता प्रसङ्गलाई विषयवस्तु बनाएको देखिन्छ । काम विशेषले मगध पठाएका भिक्षु देवनाग छोडा चढी हिडेका थिए । हिड्दै जाँदा साँझ परेको र मुसलधारे पानी परेको थियो । एउटा सुनसान ठाउँमा बनेको मन्दिरमा भिक्षुले ढोका ढकढकाउन थाले र ढोका खुलेपछि भिक्षु मन्दिरमा प्रवेश गर्ना साथ भित्री खण्डबाट चिच्याएको नारी आवाज कानमा आयो । त्यस मन्दिरमा कतिजना मानिस छन् र कस्तो मूर्ति छ भन्ने पनि जानकारी नभई भिक्षुले म तथागतको धर्म पालन गर्ने एक यात्री हुँ भनी प्रसङ्ग आएको देखिन्छ । देवनाग धर्म प्रसारण गर्दै हिडेको र दुईटी युवतीलाई बौद्धधर्मको बारेमा जानकारी गराएको उल्लेख छ । भिक्षु र नारी बीचको प्रेम प्रसङ्ग पनि आएको छ । देवनाग भिक्षुबाट बसेको ठाउँलाई भिसुवा वा भिस्वा नामले चिनिन्छ जो वीरगंजदेखि पूर्व तर्फ छ ।

**(ख) भाव वा विचार**

निबन्धकार शीतल गिरीले काल्पनिक कुराबाट कुनै स्थान वा ठाउँको नाम दिन खोजेका छन् । जुन ठाउँ हो वीरगंजको पूर्व तर्फ रहेको वर्तमान भिसुवा ( भिस्वा) सँग सम्बन्धित इ.पू. ३७० ग्रीष्म ऋतुको एक घटनालाई 'भिक्षुवास' भनिएको हो भनी भाव विस्तार गराएको पाइन्छ । यस निबन्धमा भिक्षु र विपतमा परेकी युवती बीच पलाएको प्रेमको प्रसङ्गको चर्चा भएको देखिन्छ ।

**(ग) भाषाशैली**

भाषा सहज र सरल प्रयोग भएको देखिन्छ । निबन्धकारले निबन्धमा उखानको प्रयोग पनि गरेका छन् । 'हुट्टिट्याउँले सगर अडाएको पनि होइन' भन्ने जस्ता भाषा प्रयोग गरेका छन् । केही अनुकरणात्मक शब्दहरू सुसाउँदै, हिड्दै, छुमछुम, छामछाम जस्ता भाषाहरू पनि आएका छन् । यसमा विवरणात्मक शैलीको प्रयोग भएको छ । आकाश, कालो, चौर, विशाल, नारी जस्ता तत्सम शब्दहरू पनि प्रयोग भएको छ ।

### ४.३.१० 'भेडापाल' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत निबन्धमा इ.पू. १४०० तिर नेपाल उपत्यकाको गङ्गा पारीसम्म हुने व्यापारलाई मुख्य विषयवस्तु बनाइएको देखिन्छ । निबन्धकार शीतल गिरीले भेडापाल निबन्ध प्रागैतिहासिक युगको सापेक्षतामा तयार गरिएको निबन्ध हो । यसमा नेपाल उपत्यकाको सर्वप्रथम जाति भेडापाल भएको देखिन्छ । नेपाल भूमिमा त्यस बेला भेडापालहरूको बसोबास थियो र मुख्य उत्पादन नै ऊन थियो । यिनै भेडापालाहरूका नामबाट नेपाल नाम रहन गएको अर्थात् ऊनलाई 'ने' भनिने र ऊनै ऊनको देश भनी चर्चा गरेको पाइन्छ । यस निबन्धमा प्राचीन नेपाली व्यापारको चर्चा गरिउको छ । मातृ सत्तात्मक युगको चित्रण गरिएको पाइन्छ । "नेतृत्व सम्हालेकी रंगुलुले उत्तर दिई- हामी गणमाता वर्मु चार शरद पहिले व्यापार गएकी थिइन् (पृ. ३९) । गणमाता वर्मुको बुद्धिकुशलताले गर्दा हाम्रो गणको पशुधन, जनधन र भूमि सुरक्षित रहेको प्रसङ्ग छ ।

लङ्वा नाम गरेको युवक अलि उत्तेजित भएर भन्यो- "चार भञ्ज्याङ भित्रका भेडापाल जाति कसैको कुभलो चाहँदैन । गङ्गा पारिकाले अनाहकमा किन दुःख दिन खोजेको हामीलाई" (पृ. ४०) । यो निबन्धले भेडापाल जातिको मात्र हैन उपत्यकाको अवस्थाको यथार्थ स्थिति समेत जानकारी गराएको छ । साथै भेडाको ऊनबाट राडी, पाखी र अन्य कपडाहरू बेचेर आफ्नो जीविका चलाएको प्रसङ्ग आएको देखिन्छ । निबन्धको विषय भनेको भेडापाल नेपालको पहिलो जाति हो भन्ने कुरा उल्लेख गरिएको छ । एक पुस्ताका युवा युवती बीच स्वच्छन्द यौनचार जस्ता प्रसङ्ग पनि उठाएको पाइन्छ ।

**(ख) भाव वा विचार**

यस निबन्धमा भेडापाल पहिलो जाति हो भनी इतिहास तथ्यपरक किसिमबाट चर्चा गरिएको छ । उनको प्राग्ऐतिहासिक जातीय, राजनीतिका सामाजिक तथा सांस्कृतिक विषयवस्तु जो लोप भइसकेको छ, त्यस्ताको खोजी गरी यथार्थ एकनिष्ठ विवाह प्रथाको कठोर नियम लागु भई नसकेको र समान पुस्ताका युवा युवती बीच स्वच्छन्द यौनाचार हुने कुरालाई मुख्य मानिएको छ ।

**(ग) भाषाशैली**

निबन्धकारले प्रस्तुत निबन्धमा सरल सहज भाषाको प्रयोग गरेको पाइन्छ । राडी, पाखी, अन्न, नून, पशुधन, जनधन, भूमि, भोटे, कुकुर जस्ता भाषाको प्रयोग पाइन्छ । छोटा छोटा अनुच्छेद रहेका छन् । झर्रा खर्रा सम्बादात्मक एवं कथात्मक शैलीमा लेखिएको छ ।

### ४.३.११ 'रनिवास' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत निबन्धमा सिमरौनगढमा रहेको रनिवासको इतिहास बताइएको छ । यस निबन्धमा नरसिंहदेवले हात्तीको सुँढ समान सलक्क तिघ्रा, सिंहको जस्तो कटि मृग जस्तो नयन, खरायो समान चपल, हृदयेश्वरी सौभाग्य देवीको देहयष्टि वर्णन गरिएको छ । सिमरा वन गढमा आखेट गर्न गएका तर एउटा पनि शिकार हात नपर्दा चिन्तित भएका नरसिंह देवले लताकुञ्जमा प्रेमको मूर्ति सौभाग्यदेवीलाई पाउँदा चारैतिर वरिपरि पंक्तिबद्ध विशाल वृक्षहरू, त्यसको बीचमा ऋतु अनुसार फल्ने फलको सघन बगैचा, बगैचामा कदम, मालश्री, चम्पा, नागकेसर, अशोक, आँप, कमल, अम्बा, पारिजात र कटहरको रूखले शोभा बढाइरहेको प्रसङ्ग उल्लेख गरेको पाइन्छ । यस निबन्धमा राजनीतिक कुरा पनि देखाइएको छ । इ.सं. १८७६ को अप्रेलदेखि लखन थापाले नेपालमा "बेलायतको जस्तो संसदीय प्रणाली ल्याउन" (पृ. ५१) । राणा संस्थापक जंगबहादुर राणाको विरोधमा विद्रोह गरेका थिए । लखन थापाको सेनाले वीरता साथ करिब १० महिना जति देवीदत्तगण बटालियनसँग लडाइँ लडेको, लखन थापाको बुङकोट किल्लामा बन्दी बनाएको जस्ता प्रसङ्ग आएको देखिन्छ । इ.सं. १८७७ को जनवरी महिनामा जंगबहादुर तराई झरे, त्यसै समयमा सिकार खेल्दै उनी सिमरौनगढ पुगे । उनको साथमा प्रिय रानी हिरण्यगर्भ कुमारी पनि थिइन् । सिमरा वनगढ क्षेत्रमा निवासीहरूले रनिवास सौभाग्यदेवी नरसिंहदेवको बारेमा ६७५ वर्ष अघिको प्रेम कथा सुनाउँदा र रानी हिरण्यगर्भलाई सोही ठाउँमा मन्दिर बनाउने इच्छा पलाएको थियो । प्रिय रानीले महराज (जंगबहादुर) हाम्रो प्रेम अमर बनाउन यहाँ समय माटोको ढिस्कोको रूपमा रहेको प्रेमकथा, रनिवासको पुनर्निर्माण गर्नु पर्छ र त्यस ठाउँमा

प्रेमको याचना गर्ने प्रेमी आउन, बस्न र रम्न सक्ने ठाउँ सहितको मन्दिर बनाउने वर्णनको विस्तार गरिएको छ ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा सिमरौनगढमा रहेको रनिवासको इतिहास बताउने क्रममा शृङ्गारिक भाव धारामा नरसिंहदेवको विलासीपूर्ण जीवनको भाव प्रकट भएको छ । राणा प्रधानमन्त्री जंगबहादुरले रानी हिरण्यगर्भको इच्छानुसार रनिवास बनाएको भाव विस्तार उल्लेख गरिएको छ ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्धमा निबन्धकार शीतल गिरीले कलात्मक भाषाको प्रयोग गरेको पाइन्छ । साथै रोचक खालको तुलनात्मक तुकबन्दीको सिउँदोमा पिपासिन्दुर, हीरक चन्द्र स्वर्ण आभूषण टाउकोमा, पंक्तिबद्ध विशाल वृक्षहरू, मृग जस्तो नयन, शृङ्गार-सज्जा, राता अघरोष्ठ सौभाग्यवती, केराको थाम जस्तो सलक्क जस्ता प्रशस्त भाषाको प्रयोग पाइन्छ । साथै अङ्ग्रेजी शब्दको (अप्रिल, जनवरी) पनि भाषा प्रयोग गरिएको छ । संस्मरणात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

### ४.३.१२ 'रुद्र सिंह' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

यस निबन्धमा सन् १७०७ मा सिंजाका खस राजाले कुमाउँलाई विजय गरेर त्यहाँका राजा रुद्रसिंहलाई बन्दी बनाएको प्रसङ्ग छ । चन्द राजाका सेनापति र मन्त्री प्रयात, शुवन्ति, साकट, मतुरङ, धूमुहरू धेरै बहुमूल्य उपानय लिएर सिंजाका विजयी नरेशको सेवामा उपस्थित भएको कुरा उल्लेख गरिएको छ । जुन चन्द राजाको भयले हिन्द कुशसम्मका वीरहरू पनि स्तम्भित हुन्थे, उनै दुर्जय रुद्रसिंहलाई युद्धमा जय गरेर बन्दी बनाएको छ, उहाँलाई छाडिदिनेस भन्ने आग्रह गरेका छन् । यस्तो वचन सुनेर राजाले हाँस्दै रुद्रसिंहलाई तत्कालै विजित कुमाउँको सभा भवनमा ल्याउन आज्ञा दिए । त्यस पछि चन्द राजा र रुद्रसिंहको वार्तालाप भएको प्रसङ्ग आएको पाइन्छ । पराजित कुमाउँको चन्द राजा रुद्रसिंहले तत्कालै साक्षी राखी सपथ लिए र झुकेर सलाम गरे । हिमाली चितुवा क्राचल्लले रुद्रसिंहलाई उठाएर भने "हे चन्द राजा, तिमी धर्मका ज्ञाता छौ । पहाडी संस्कृतिका रक्षक हौ ।

खस राज्इको पश्चिमका अधिपति भयौ । कुमाउँ अब मेरो अङ्ग भयो । यो फल्नु पर्छ, फुल्नु पर्छ । यसको सम्पूर्ण सुरक्षाको दायित्व मेरो भयो । अब कुमाउँ हिजो जस्तो कमजोर रहेन । निर्धक्क शासन गर, म प्रसन्न छु" (पृ. ६०) । अधिनस्थ राजाको रूपमा मुक्ति स्वीकारेको उल्लेख छ ।

**(ख) भाव वा विचार**

प्रस्तुत निबन्धमा सन् १७०७ मा सिंजाका खस राजाले कुमाउँलाई विजय गरेर त्यहाँका राजा रुद्रसिंहलाई बन्दी बनाइएको छ । पछि रुद्र सिंहले सिंजाको अधिपत्य स्वीकार गरे पछि अधिनस्थ राजाको रूपमा स्वीकार गरेको भाव व्यक्त भएको छ ।

**(ग) भाषाशैली**

प्रस्तुत निबन्धमा निबन्धकार शीतल गिरीले सरल भाषाको प्रयोग गरेको पाइन्छ । यशस्वी, रक्षक वेद, उपनिषद, स्मृति, ताम्रपत्र, राजा, धर्म जस्ता तत्सम भाषाको प्रयोग भएको पाइन्छ । विरणात्मक शैलीको प्रस्तुत गरिएको देखिन्छ ।

### ४.३.१३ 'रौतहट' निबन्धको विश्लेषण

**(क) विषयवस्तु**

प्रस्तुत निबन्धमा निबन्धको छोटो छोटो विषयवस्तुको उल्लेख गरेको पाइन्छ । यसमा अरू निबन्धको सारांश दिएर विषयवस्तु बनाइएको छ । निबन्धकार शीतल गिरीले आफ्नो जन्मथलोलाई निबन्धको शीर्षक दिएर निबन्ध लेखिएको छ । जसमा निबन्ध भित्र रौतहटको जानकारी दिएको प्रसङ्ग रहेको छ । रौतहट जिल्लामा भएको सामाजिक, सांस्कृतिक र त्यहाँको वस्तुस्थिति बारे जानकारी पाइन्छ । नेपाल उपत्यकामा गोपालवंशका आठ जना राजाले शासन गरेको, भुक्तमानको नेतृत्वमा दानासुरले बध गरी प्रलयले बागमतीको निकास थुनिदिएको यस निबन्धमा उल्लेख गरेको पाइन्छ । रौतहटका जनताले बोल्ने भाषा, रौतहटका राउतहरू बीचका गरण राज्यको रूपमा स्थापित भएको प्रसङ्ग पनि पाइन्छ । दक्षिण भारत कर्णाटकका राजा विक्रमादित्यले उत्तर तर्फको विजय यात्राको क्रममा रौतहटको बज्जि गणराज्य समेतलाई इ.सं. १०९७ मा आफ्ना सेनापति नान्यदेवद्वारा विशाल राज्यमा विलिन गराएका थिए र विक्रमादित्यको मृत्यु पछि सिमरौनगढलाई राजधानी बनाई स्वतन्त्र

डोय राज्यको स्थापना गरे भनी उल्लेख गरिएको पाइन्छ । यस निबन्धमा रौतहट जिल्लाको प्राग्इतिहासलाई यथार्थमा देखाउन खोजिएको छ ।

**(ख) भाव वा विचार**

रौतहट जिल्लाको प्राचीन इतिहास, जाति, भाषा र संस्कृतिको सङ्क्षेपमा भाव व्यक्त भएको पाइन्छ । आदिवासी यादवलाई र रौतहटमा मानव बसोबास इ.पू. १०० तिर भएको अनुमान गरिएको छ । यस निबन्धमा बज्जि राज्यको उत्थान र पतन, लोरिकको प्रसङ्ग तथा सेन राजा पराजित भए पछि मकवानपुर राज्यबाट एकीकृत नेपालमा समावेश हुन पुगेको कुरा उल्लेख गरिएको छ ।

**(ग) भाषाशैली**

यस निबन्धमा सरल भाषाको प्रयोग गरिएको छ । आगन्तुक भाषाको पनि प्रयोग गरिएको छ । भारत, दिल्ली, लोरिकायन, वनायु, बर्छा जस्ता शब्दहरूको प्रयोग गरिएको छ । विवरणात्मक शैलीमा प्रस्तुत गरिएको छ । होस्टेमा हैंसे गर्दै भनेर निबन्धमा उखानको प्रयोग भएको छ । मैथिली, क्रीडा, प्राचीन मंगोल, आकाश, सन्तान जस्ता तत्सम भाषाको प्रयोग गरिएको छ ।

## ४.४ निष्कर्ष

शीतल गिरीको 'पत्रमित्रता युगको आवश्यकता' निबन्ध सङ्ग्रह सामाजिक यथार्थको पृष्ठभूमिमा रहेर लेखिएको पाइन्छ । उनका निबन्धमा पुराना मान्यता, संस्कृति, संस्कार जस्ता राम्रा कुराको खोजी गर्दै तथ्यपरक सत्य पहिल्याउने खालका विषयवस्तु रहेका छन् । उनले निबन्धमा भावना र कल्पनामा बहनु भन्दा तथ्यपरकताप्रति बढी सचेत भएर लेखेका छन् । उनका निबन्धमा प्रायः इतिहासको कुरा लेखी आगतलाई सम्बोधन गरेको पाइन्छ, हुन त साहित्य यस्तै नै हुन्छ भनी विश्लेषण पनि गरिएको छ । उनले समाजमा आफ्नोपन जीवित राख्ने नवीन संस्कृतिको विकासको लागि यस निबन्ध सङ्ग्रहको माध्यमबाट आग्रह गरेका छन् ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा कृति भित्रकै विचारप्रधान निबन्धको शीर्षकलाई कृतिको शीर्षक बनाइएकोले शीर्षक सार्थक छ । निबन्धकारले निजी तर्कहरूलाई अझ गहिराइमा लागेर पुष्टि गर्न नसक्नु, निबन्धहरू भावनात्मक भन्दा विवरणात्मक

हुनु, तथ्यहरूको अत्यधिक प्रयोगले निरस बन्न पुग्नु र कतिपय निबन्धहरू इतिहास र निबन्धको दोसाँध जस्ता कमजोरी हुँदाहुँदै पनि प्रागैतिहासिक सङ्केतलाई टिपेर आफ्नै ढाँचा र विचार अनुसार व्याख्या गरी जीवन र जीवन्तता दिने प्रयास निबन्धकार सफल र सक्षम देखिन्छन् ।

शीतल गिरीको 'प्रसगङ्वस' निबन्ध शीर्षक ऐतिहासिक अवशेषहरूको शोधखोज र नियात्रा क्रममा देखे भोगेका र अनुभव गरेका कुराहरूलाई प्रस्तुत गरिएको छ । यस निबन्ध सङ्ग्रहमा जम्मा १५ वटा निबन्ध सङ्कलित छन् । उनका निबन्धमा अनुच्छेद संरचनामा एकरूपता पाइँदैन । कोही धेरै लामा आकारका तथा कोही छोटा आकारका अनुच्छेदको संरचना भेटिन्छ । शीतल गिरीले निबन्ध लेखनको प्रारम्भ आफ्ना पूर्ववर्ती निबन्धकारहरूबाट प्रभावित भएको पाइन्छ तापनि निबन्ध लेखनमा उनले जिज्ञासामूलक ऐतिहासिक र सांस्कृतिक सन्दर्भको सन्धानलाई साहित्यिक ढङ्गले प्रस्तुत गरेर सामाजिक यथार्थलाई प्रष्ट पारेका छन् ।

प्रस्तुत निबन्ध सङ्ग्रहमा गिरीले उत्सुकताजन्य र जिज्ञासामूलक विषयको खोजीलाई बढी महत्त्व दिएर लेखेको पाइन्छ । यस निबन्धले 'प्रसङ्गवस' शीर्षकलाई सार्थक पार्ने प्रयास गरिएको छ । प्रस्तुत कृति भित्रका अधिकांश निबन्धले विषयवस्तुलाई कोट्याउने नयाँ शैलीको वरण गरेका छन् । यस निबन्धले विभिन्न तथ्यको प्रस्तुति गरी हामीलाई एकातिर ज्ञानको ढोका उघारिदिएका छन् । उत्सुकताको मार्ग निर्माण गरिदिएका छन् भने अर्कातिर आफूले नाम सुनिरहेका तर नपुगेका रमणीय स्थलहरूको हार्दिक वर्णबाट यथेष्ठ मनोरञ्जन समेत प्रदान गरी ज्ञान र मनोरञ्जन प्रदान गर्नु यस कृतिको विशेषता रहेको पाइन्छ । कथा जस्ता लाग्ने र सम्वादात्मक शैलीमा लेखिएका अधिकांश रचनाहरू प्रागइतिहास र निबन्धका दोधारमा मात्र नभई निबन्ध र कथाको माझमा पनि उभिएका छन् ।

# परिच्छेद - पाँच

## 'बज्जि र बज्जिका (लोकसाहित्य)' कृतिको सङ्क्षिप्त विश्लेषण

### ५.१ विषय परिचय

शीतल गिरीद्वारा लिखित 'बज्जि र बज्जिका (लोकसाहित्य)' कृति नेपाल प्रज्ञा प्रतिष्ठानबाट २०७० सालमा प्रकाशित कृति हो । यसको आवरण पृष्ठमा हरियो, निलो, पहेलो रङ्गको कलात्मक गाता भएको छ । यो लोकसाहित्य आकार प्रकारका दृष्टिले मझौला आकारमा छापिएको र उक्त लोकसाहित्य ६ अध्यायमा विभाजन गरी १६८ पृष्ठ सङ्ख्यामा संरचित छ ।

प्रस्तुत बज्जि र बज्जिका (लोकसाहित्य) कृति लघु अनुसन्धान परियोजना अन्तर्गत तयार पारिएको अनुसन्धान प्रतिवेदनको परिमार्जित रूपमा रहेको छ । नेपालका विभिन्न भागमा रहेका जातजाति र जनजातिका लोकजीवनसँग सम्बन्धित लोकगाथाको अध्ययन, अनुसन्धान गर्न लागिपरेको प्रज्ञा प्रतिष्ठानको लोकवार्ता विभागले विशेष गरी नेपालका लोपोन्मुख जातिका लोकजीवन, लोकसंस्कार र संस्कृतिको अध्ययन गराई सार्वजनिक गर्न उल्लेख्य काम गर्दै आएको (उप्रेती, २०७० : ३-१५) । त्यस अनुसार शीतल गिरीले संस्कृतिमा अहिलेसम्म त्यति अध्ययन नगरिएका मध्ये तराई क्षेत्रमा उल्लेख्य सङ्ख्यामा रहेका बज्जि जातिको लोकजीवन, लोकसंस्कृति एवं लोकसाहित्यको रूपमा रहेको लोक नाट्यकलासँग सम्बन्धित रोचक सूचना प्रवाह गर्न उल्लेख गरिएका छन् । शीतल गिरीले प्रस्तुत कृतिमा बज्जि र बज्जिका जाति र भाषामा केन्द्रित रहेर लोकसंस्कृति, लोकजीवन र लोक इतिहासको बारेमा सङ्क्षिप्त रूपमा परिचय दिएर उक्त कृति प्रकाशित गरेका छन् ।

### ५.२ कृतिको संरचना र विषयवस्तु

प्रस्तुत लोकसाहित्य कृतिमा अध्याय एकमा अनुसन्धान परिचय शीर्षक भित्र विभिन्न उपशीर्षक दिएर पृष्ठ सङ्ख्या १३ देखि २४ सम्ममा संरचना गरिएको छ । उक्त शीर्षकको केन्द्रीयता बज्जिका संस्कृतिको परिचय दिइएका छन् । कुनै पनि देशको संस्कृति र कुनै पनि जातिको संस्कृति रहेको हुन्छ र त्यस देशको वा त्यस जातिको रीतिरिवाज र त्यस अनुरूप नै लोकगीतको प्रचलन रहेको हुन्छ र त्यसरी

नै शीतल गिरीले बज्जिका जातिको लोकसंस्कृतिको स्वरूप आकलन गरेर एक परिचय दिएका छन् । यस अध्यायमा सांस्कृतिक-सामाजिक अध्ययनको रूपमा यसले विभिन्न संस्कृतिहरू र सामाजिक संरचना तथा प्रक्रियाहरूको अध्ययन गराएको देखिन्छ । त्यसरी नै शीतल गिरीले तथ्यको अभावमा ऐतिहासिक अनुमानद्वारा प्रचीन संस्कृतिहरूको पुनरसंरचनाको प्रत्यन गरेका छन् । नेपालमा बसोबास गर्ने विभिन्न जातिहरू आ-आफ्नो धर्म, संस्कृति, रीतिस्थिति, भाषा, वेशभूषामा आस्थावान हुँदाहुँदै पनि समष्टिमा यिनीहरू राष्ट्रिय र नेपाली संस्कृतिमा एकबद्ध रूपमा निष्ठावान राख्दछन् भनी उल्लेख गरेका छन् । यसैले नेपालको राष्ट्रियताको जगेर्ना गर्ने विविध भाषा र जातिहरूको अध्ययन, मनन, अनुसन्धान र खोजी गरी तिनीहरूको उचित संरक्षण हुनु अति आवश्यक भइसकेको छ भनेर बज्जिका संस्कृतिको परिचयमा उल्लेख गरिएको छ । त्यसरी नै यस अध्यायमा अनुसन्धानको उद्देश्यलाई पनि देखाएको छ । उक्त अनुसन्धानको उद्देश्य देश एवं कालका सीमाहरूमा नबाँधिएर मानव जातिको प्रत्येक अंशको संस्कृतिको अध्ययन गर्नु गराउनु यसको उद्देश्य रहेको देखिन्छ भनी अभिव्यक्त गरेका छन् । त्यसैले अज्ञानता र निष्क्रियताले बज्जिका भाषा र बज्जि लोकजीवनका अमूल्य विधिहरू लोप हुने अवस्थामा पुगेका हुँदा यस भाषा र जातिको लोक परम्परा, लोक संस्कृतिको गहिरो खोजी, अध्ययन र अनुसन्धान तर्फ ध्यानाकृष्ट हुन गएकाले यसको संरक्षण र सम्बर्द्धन नै यस लेखनको उद्देश्यको रूपमा प्रस्तुत गरेका छन् । यसरी नै यस अध्यायमा पूर्वकार्यको समीक्षा पनि दिइएको छ । अहिलेसम्म नेपालीय बज्जिका भाषी क्षेत्रको लोक संस्कृतिको सम्बन्धमा कुनै पुस्तक पुस्तिका वा एउटा सिङ्गो लेख पनि प्रकाशित भएको छैन र प्रकाशित नभए तापनि बज्जि गणराज्यको उल्लेख प्रागैतिहासिक ग्रन्थहरूदेखि लिएर साहित्यसम्ममा पाइएको कुरालाई देखाएका छन् । जसले गर्दा बज्जि गणराज्यको इतिहासको खोज र लोक संस्कृतिको अनुसन्धान गर्न सहयोग मिल्न आएको देखिन्छ । त्यस्तै बौद्ध र जैन साहित्यले बजिज सङ्घको गरिमाको प्रयाप्त गुणगान गरेको वर्णन उल्लेख छ र प्रागैतिहासिकको पूर्वकार्य लेखन नभए तापनि यो कार्य वर्तमानमा थालनी गरिएको हो भनेर चर्चा गरेका छन् । यसरी नै यस अध्यायमा अनुसन्धानको औचित्य र उपयोगिता समेटिएको छ । जसमा नेपालमा पहिचान भएका मातृभाषाहरू मध्ये बज्जि पनि एक हो । मध्यमाञ्चल विकास क्षेत्रको

तराईका बारा, रौतहट र सर्लाहीमा मूल रूपमा बोलिने बज्जिका भाषालाई पहिलो पटक वि.सं. २०५८ को राष्ट्रिय जनगणनामा समावेश गरिएको थियो । त्यही परिणाममा करिव साढे दुई लाख जति नेपालीले बज्जिका बोल्ने तथ्याङ्क आएकाले गर्दा शीतलले बज्जि गणको लोक संस्कृति, लोक जीवन र लोक इतिहास कोट्याउने कुरा गरेका छन् । लोकको कल्याणको भावनाले लेखिएको यसबाट बज्जिका भाषि र यसको अनुसन्धान गर्न चाहनेहरूको उपयोगितालाई अलिकति भए पनि टेवा पुग्ने छ भनी उल्लेख गरिएको छ । त्यसरी नै बज्जिका भाषी क्षेत्र लोक साहित्यको भण्डार हो र यसको उपयोगिता गाउनु नै यस अनुसन्धानको औचित्यलाई औंल्याएका छन् । यही अनुसन्धानमा केन्द्रित रहेर अनुसन्धान विधि पनि लेखिएको छ, जुन निम्नानुसार प्रस्तुत गरिन्छ :

(क) वस्तुगत अध्ययन गर्न बारा जिल्लाको बरियापुर, सहजौला, रौतहटको गरुडा, समनपुर, धरहरी, पतौरा र पताही साथै सर्लाही जिल्लाको सुदामा र नरहरगञ्जमा गएको ।

(ख) बौद्ध र जैन धर्मका प्राचीन पुस्तकहरू अध्ययन गर्न गौरको कलाकुञ्ज पुस्तकालय, भारतीय दूतावासको पुस्तकालय र प्राज्ञ पुस्तकालयमा गएको ।

(ग) सन्दर्भ सामग्री सूचीमा उल्लेख भए अनुसारका विद्वान्का इतिहास, लोक संस्कृति सम्बन्धी पुस्तकहरू अध्ययन गरिएको ।

(घ) स्थानीय व्यक्तिहरूका धारणा ग्रहण गरिएको ।

(ङ) प्रागैतिहासिक कालदेखि हिजोसम्मका कालखण्डमा बज्जिहरूका भोगाइहरू, लुप्त संस्कृति र लुप्त प्रायः इतिहास विश्लेषण गरी साहित्यको स्वादमा प्रस्तुत गरिएको (पृ. २३) ।

यसरी नै यस अध्यायको अनुसन्धान परिचयमा आधारित अनुसन्धान स्रोत सामग्री पनि शीतलले उल्लेख गरेका छन् । जसमा बारा, रौतहट, सर्लाहीको बज्जिकाको स्रोत सामग्रीहरूलाई अनुश्रति, पुराण र साहित्य, ऐतिहासिक ग्रन्थ, लोक संस्कृति र सामाजिक जनजीवन आदिमा विभाजन गरी संक्षिप्त रूपमा चर्चा गरिएको छ ।

त्यसरी नै प्रस्तुत कृतिमा अध्याय दुईमा बज्जिका लोकसंस्कृति पृष्ठ सङ्ख्या २५ देखि ८० सम्म संरचना गरिएको छ । लोकको संस्कृति भन्नाले परम्परागत

रूपमा लोकमा प्रचलित, लोकमा व्याप्त संस्कृति हो भनेका छन् । यस क्रममा लोकले भोगेका दुःख, सुख, हर्ष, विषाद, आँसु र हाँसोका अनेक अनुभवहरू मनमा उनेर, गुनेर र बुनेर राख्ने गरेका हुनाले लोक विश्वासमा परिणत त्यस्ता धारणा, भावना, मान्यता र अनुभवहरू व्यापक सांस्कृतिक चास्नीमा चोपलिँदै समाजमा भावी पिँढीका निम्ति उपहार बनेर लोक संस्कृतिका रूपमा सङ्गृहीत, सम्प्रसारित र प्रत्यर्पित हुँदै जाने गर्छन् भनी गिरीले उल्लेख गरेका छन् । यही आधारमा शीतल गिरीले बज्जिका लोक संस्कृति सहज रूपमा बुझ्नका लागि बज्जिका लोक साहित्यलाई मुख्य आधार बनाएका छन् । उक्त बज्जिका लोक साहित्यमा गङ्गा, गण्डकी एवं दोन सोमेश्वरका घाटीहरूको प्राकृतिक सौन्दर्य, सांस्कृतिक गरिमा, जनजाति एवं अभिजात्यहरूका सामाजिक जीवन तथा समसामयिक विचार धाराहरूको प्रत्यक्ष छाप परेको पाइन्छ । यहाँका लोकगाथाहरू, लोकगीत, लोककथाहरू, लोकनाटक, लोकोक्तिहरू, बुझौवल, छकौवल आदि यसका ज्वलन्त उदाहरणहरू हुन् । बसावन, कारिख, गनीगाथा, गोविन्द, मलङ्ग आदिका गाथाहरू मूलतः बज्जिकाका गाथाहरू हुन् । यसरी नै केही गीतांशहरू निम्नानुसार प्रस्तुत गरिन्छ :

भारी विपतिया हमरा परलइ बरइला भइया
मोरा पेट हरवा जोताय ।
आबे दहु आबे दहु साओन भदउआ
दहाये हेव गिरहसवा के धान । (पृ. ३०)

अगवा पहिर पहिर दिन काटल, सहली सब अपमान ।
रखली बेखा बेटिया लङ्गेट घरनी के फटल पुरान ॥ (पृ. ३०)

यसरी बज्जिकाको लोक साहित्य शीतल गिरीले उदाहरण सहित प्रस्तुत गरेका छन् । यस बज्जिका लोककथाहरूमा शृङ्गार, करुणा, शान्त एवं हास्य रसको परिपाक रहेको देखिन्छ । त्यसै गरी बज्जिकाका लोकप्रिय लोकगीत पनि रहेका छन् । बज्जिका जातिहरू जन्म, विवाह, प्रेम, विरह, सामाजिक रूपमा मानिने चाड, पर्व आदिका रूपमा गीत गाउने प्रचलन उनीहरूमा पनि रहेको छ भनी उल्लेख गरेका छन् । बज्जिका भाषीको गीत सांस्कृतिक दृष्टिले महत्वपूर्ण हुँदाहुँदै पनि कवित्वको दृष्टिले उल्लेखनीय र चर्चित रहेको पाइँदैन । बज्जिका लोकगीतहरू विविध विषयमा गाउने गर्दछन् । जस्तो सामानय गीत, विशेष अवसरमा गाउने गीत, धार्मिक गीत, भिखारीको गीत, उपदेशात्मक गीत आदि रहेका छन् । बज्जिकाका केही लोकप्रिय गीतहरू निम्नानुसार प्रस्तुत गरिन्छ :

सराब से नफा न कोई
एक्करो से घटा होई
लोगवा होई बरबदिया, काहे धन उराबल
सराब पीपी के सईयौं, काहे धूम मचाबल ।

हम आपन कनिया के हाल, कहू की अपना
शादी क के पछताइले, आज केतना ॥ (पृ. ३५)

त्यसै गरी बज्जिका संस्कार गीत पनि यस अधयायमा प्रस्तुत गरिएको छ । नेपालीय बज्जिका क्षेत्रमा प्रमुख रूपमा जुन पर्वत्योहार मनाइन्छ त्यसमा होली, छठ, दीपावली, दशहरा, नागपञ्चमी, गोवर्धन पूजा, तीज, मकर सक्रान्ति, राखी इत्यादि मनाउने गर्दछन् । यसरी नै बज्जिकाका संस्कार गीतको प्रसङ्गमा सोहर गीत, छठिहारको गीत, अँखरेजाई गीत, बालकको हजुरआमा खुसी भएको गीत, आशीर्वाद माग्ने गीत, मुण्डन गीत, बर्तमनको गीत जस्ता धेरै गीतहरू रहेका छन् । यस भित्रका केही गीतहरू निम्नानुसार प्रस्तुत गरिन्छ :

(१) नीमन देहीया मैं सईयाँ, काहे धुन लगाबल
सराब दीपी के सईया, काहे धूम मचाबल
जे जे सब पीलक जादे दिन न जीलक
ओवकरा भारी भेल बीमरिया, काहे रागे लगाबल
सराब पीपी के सईया, काहे धूम मचाबल । (पृ. ३५)

(२) पहिला महिना मनाइले, मङ्गल गाइले हे ।
ललना विधिनहरन गननायक से मङ्गल हो ।
पहिल महिना जब आएल मन हरखीत भेल हो ।
ललना अतई सुदिनमा त हमहु नहाएव हे ।
दोसर महिना जब आएल त रूप बदलल हे ।
ललना मुँह पीअराएत भूख मरी जाएत हे ।
तीसार महिना जब आए, चित फरिआएत हे । (पृ. ४२)

त्यसै गरी बज्जिका लोक संस्कृति अन्तर्गत लोकजीवनमा जोङ्गटोङ्ग (टोटका, जादु) रहेको पाइन्छ । बज्जिकाको लोक संस्कृतिमा जोग-टोङ्गको आफ्नै एउटा अलग महत्व रहेको छ भनी उल्लेख गरेका छन् । प्राचीन कालदेखि नै मानव जीवनको सम्पूर्ण संस्कार बज्जिकामा आधारित रहेर यो जन्मदेखि मृत्युसम्म गर्ने गर्छन् । त्यसैले हरेक ठाउँमा आ-आफ्नो संस्कृति अनुसार जोग-टोङ्ग गर्ने कुरालाई उल्लेख गरेका छन् । जोग-टोङ्ग समाजमा निम्न वर्ग, मध्यम वर्ग र उच्च वर्गका मानिसहरूमा समान रूपले देख्न सकिन्छ भनी प्रस्तुत गरेका छन् । यसरी नै शिशु

जन्मेको समयमा बज्जिका समाजमा सहरी घरको ढोकामा मानिसहरू टोटका (जादु) गर्दछन्- जब कुनै बालक कसैको घरमा जन्मन्छ, तब त्यस घरको ढोकामा दाउरा या गुइँठा सल्काएर राख्ने गरिन्छ, त्यहाँ फलामले बनेको फहसुल राखिन्छ, चौवीसै घण्टा आगो राख्ने गरिन्छ । यस्तो गर्दा आमा र बालक दुवैलाई भूतप्रेतको डर हुँदैन भन्ने विश्वास बज्जिका जातिमा रहेको पाइन्छ । यस्ता कार्य धेरै विषयमा गर्ने प्रचलन आज पनि बज्जिका समाजमा थुप्रै किसिमका जोगटोग (टोटका, जादु) ले लोक जीवनमा आफ्नो स्थान कायम राखेको पाइन्छ भनी कवीले प्रस्तुत गरेका छन् । यसरी बज्जिका लोक संस्कृतिमा भक्तिसित सम्बन्धित गीतहरू पनि समावेश गरिएको छ । उक्त लोक संस्कृति बज्जिकाको प्राचीन साहित्य भक्तिमूलक रहेको छ । बज्जिका भूमिमा प्राप्त भक्ति साहित्यमा सगुण तथा समन्वयवादी प्रवृत्तिहरू रहेका छन् । त्यहाँ वस्तुत, राम र कृष्णको भक्तिको क्षेत्र हो भन्ने गरेका छन् । जसमा रामभक्तिको स्थान सर्वोपरि रहेको छ । यहाँका भक्त कविहरूले रामको सगुण एवं निर्गुण दुवै किसिमको उपासना गरेका छन् । रामलाई आफ्नो इष्ट मान्ने बज्जिकाको सगुण भक्त कविहरूमा रामखेलावन पण्डित (१७५४-१८२१ इ.), बनवारी (१८०३-१८५६ इ.), बाबुलाल झा (१८५०-१९२८ इ.), सुकेश्वर प्रसाद (१८७२-१९६३ इ.) आदि उल्लेखनीय छन् । बज्जिकाको लोक संस्कृति भक्तिसित सम्बन्धित केही गीतहरू यस प्रकार रहेका छन् :

> भानु कुल कुमुद चंद चन्द कुल कमल भानु
> दोऊ को उदै जासो नारायन ध्यानये ।
> कमल मध्य कुमुदु आदि नाम रूप मुख सरूप
> लीला गुन कर्म काहे पृथक करि गाइये । (पृ. ७३)
> औचक ही प्रभु सपन मैं टेरि सनायौ बेनु ।
> जागु जागु रे हलधरा, चन्द्र चूड पद रेनु ॥ (पृ. ७६)

यसरी बज्जिका जातिमा भक्तिसित सम्बन्धित गीतहरू रहेको पाइन्छ भनी शीतल गिरीले प्रस्तुत कृतिमा उल्लेख गरेका छन् ।

यसरी नै अध्याय तीनमा बज्जिकाको लोकनाट्य पृष्ठ सङ्ख्या ८१ देखि ९३ सम्ममा संरचना गरिएको छ । यस बज्जिकाको लोकनाट्य ऐतिहासिक दृष्टिकोणबाट बज्जि गणराज्य धेरै प्राचीन रहेको कुरालाई साबित भएको उल्लेख गरेका छन् । बज्जिका लोकनाच र सङ्गीतको दिशामा समृद्धिशाली एवं आफ्नै मौलिकपन रहेको छ । साथै बज्जिका एवं सांस्कतिक जीवनको ऐना हो भनी शीतलले चर्चा गरेका छन् ।

नृत्य, गीत, सङ्गीत एवं अभिनयको त्रिवेणीको साथमा मुक्ताकाशीय मञ्चमा परम्परादेखि लोकनाट्यमा जनपदीय हाँसो, खुशी एवं दुःख, पीडा अभिव्यक्त गर्ने गर्दछन् । त्यसै अनुसार बज्जिकाको लोक नाट्यमा जट-जटिन, डोमकछ, झिझिआ, सामाचकेवा, सीतामता आदि यसका ज्वलन्त उदाहरण हुन् । जटजटिन दाम्पत्य जीवनको बहुरङ्गी चित्रको एलबम हो । डोमकछ विवाहको सामाजिक व्यवस्थालाई व्यङ्ग्य गर्दछ भने सामाचकेवा भाइ बहिनीको अगाध प्रेम, नन्द भाउजूको घोचपेच, पतिपत्नीको दाम्पत्य प्रेम र कुरौटेको कुराले बनाएको कथानमा आधारित छ । यसरी झिझिआ बज्जिका जातिमा दुर्गामाताको पूजा बडो धूमधामका साथमा गर्ने गर्छन् । घटस्थापनादेखि दशमीसम्म प्रतिरात यो लोकचा चल्दछ । समूह समूहमा ग्रामीण आइमाईहरू दीप बालेर नाच्ने गर्दछन् । झिझिआ लोकगीतमा देवी दुर्गाको आराधना, झिझिआ झिझिआ बनाउने प्रक्रिया, बोक्सीहरूलाई गाली, टुना मुना आदिको सङ्केतको रूपमा प्रस्तुत गर्दछन् । केही झिझिआ लोकगीत यस्ता रहेका छन् :

तोहरे भरोसे माई हे झिझिआ बनउली
माई हे झिझिआ पर होइ अउन सहाए । (पृ. ८१)

त्यसै गरी सामाचकवा गीतिनाटक बज्जिका भाषीमा पनि विशेष गरी मनाउने गर्छन् । यस पर्वका लागि बज्जिका भाषी आइमाईहरू धेरै दिनदेखि प्रतीक्षा गर्दछन् । यो लोकनाटक, जनजीवनको जिब्रोमा गीत बनेर बसेको हुन्छ भनी उल्लेख गरिएको छ । यो लोकनाटक दाजु भाउजू र बहिनीको त्रिकोणात्मक सङ्गीतका रूपमा उल्लेखनीय रहेको छ । यो लोकनाटक विशेष गरेर भाइबहिनी बीचको प्रेमको प्रतीक यस पर्वमा घरबाट खेतसम्म प्रतिमाहरूलाई डालोमा राखेर दीयो बालेर लग्दा र ल्याउँदा आइमाईहरू यो गीत यसरी गाउने गर्छन् :

डाला ले बाहर भेलीन खरीच बहिनो
चकवा भइआ लेलन डाला छीन्
सुन गे राम सजनी । (पृ. ८५)

यस्ता धेरै गीत गाउने प्रचलन बज्जिका जातिमा रहेको छ । त्यस्तै गरी बज्जिकाको लोकनाट्यमा जटजटिन लोकनाट्यका गीतहरू पनि रहेका छन् । यो गीतिनाटक वर्षा ऋतुमा गाउने गर्दछन् । कृषि नै प्रमुख पेसा अपनाएको बज्जि समाजमा अत्यन्तै उत्साह साथ युवतीहरू खेल्ने गर्दछन् । यस लोकनाट्यका केही गीत यस्ता छन् :

जन जन टिका मङ्गलिअऊ रे जटा
टिका न काहे लाएले रे, टिकने कारन
जटनिआ तरस ओले रे टिकने कारन । (पृ. ८९)

त्यस्तै डोमकछ पनि बज्जिकाको लोकनाट्य अन्तर्गत रहेको छ । यस डोमकछ लोकनाट्य घरमा विवाह छ भने र दुलही ल्याउन जन्ती प्रस्थान गरेको रात विवाहको शुभ अवसरमा यो लोकनाट्य मञ्चन गर्ने गर्छन् भनी शीतलले उल्लेख गरेका छन् । यस नाट्य परम्परामा महिलाले पुरुषको कपडा लगाएर पुरुष बनेको र सम्भोग गरेको अभिनय गर्छन् । यस लोकनाट्यमा पुरुषहरूका लागि पूर्णतः निषेध गरी अभिनेरी महिला भई खेल्ने गर्छन् । यसरी डोमकछले विवाहको सामाजिक कुप्रथाहरूलाई रेखाङ्कित गर्ने गर्छन् भनी शीतलले प्रस्तुत गरेका छन् ।

त्यस्तै गरी अध्याय चारमा बज्जिका लोकगीत र वाद्य पृष्ठ सङ्ख्या ९४ देखि १०९ सम्ममा संरचना गरिएको छ । जसमा ४ वटा उपशीर्षक दिएर प्रष्ट पारिएको छ । बज्जिका लोकगीतमा होली शीर्षकमा फागु (होली) को सांस्कृतिक पर्व सबै ठाउँतिर मनाइन्छन् भनी सामान्य चर्चा गरिएको छ । होलीको सुमधुर सम्भनामा उमङ्गमय मादकतामा बज्जिका तन्नेरी र तरुनीहरूको अनुरञ्जित आँखामा गाजलको रूपमा खेल्ने र प्रवाहित हुने कुरा उल्लेख गरिएको छ । सत्यको पक्षधर प्रह्लादलाई मार्न खोज्ने असत्यका प्रतिमूर्ति होलिका आगोमा भस्म भएको सम्भनामा गरिने होलिका दाहमा सबै ग्रामीणहरू ईर्ष्या, द्वेष, मनोमालिन्य आदि दुर्भाव त्यागेर ढोलक, डम्फा, झ्याल तथा मृदङ्गको स्वरमा समूहमा बनाई गीत गाउँदै भगवान् श्रीरामको वीरगाथाको वर्णन बज्जिहरूमा रहेको हुन्छ र वीरगाथा यसरी गाउने गर्छन् :

हो राम से हमहु खेलन होरी ।
जकेरा पीठ धनुस विराजे, एक गोरीआ शाम जोरी ।
जेकर लरीका रूप अनुप बनलहए सोमा सिन्धु खरेटी ।
हो राम से हमहु खेलन होरी ।
राच्छस के सबमात गिराएलक, जनकपुर मे धनुखा तोरी ॥ (पृ. ९५)

यसरी बज्जिकामा गाइएको कुरालाई शीतलले देखाएका छन् । त्यस्तै गरी बज्जिका लोकनाट्यमा धनकटनी लोकगीत पनि चर्चित रहेको छ भनी उल्लेख गरेका छन् । हाम्रो देश नेपाल मूलतः कृषिप्रधान देश हो । त्यस कारण विभिन्न ठाउँमा धान पाके पछि धनकटनीको आयोजना सम्पूर्ण तराई प्रदेशमा अत्यन्त

महत्वपूर्णका साथ कृषि उत्सव मनाउने गर्छन् । धोवी, हजाम, बाहुन, लोहार, मालि आदि जातिहरूको लागि धनकुटनी वर्षभरि कमाएको एवं सेवा गरेको प्रतिफल वा प्रतिपादन पाउने शुभ अवसरमा गाउने गर्छन् । पुस महिनाभरिमा धनकटनी समाप्त भएपछि आफ्नो खुसियाली लोकगीतबाट प्रकट गर्दछन्, त्यसरी नै आनन्दपूर्ण धनकटनीको अवसरमा पनि लोकगीत बज्जिका क्षेत्रमा प्रतिध्वनित रूपमा रहेको छ भनी प्रस्तुत गरेका छन् । यसरी बज्जिका महिलाहरू धान पाकेपछि मङ्सिरमा धान काट्न खेतमा जान्छन्, त्यस बेला महिलाहरूले धान काट्दै यस्तो गीत गाउँने गर्दछन् :

भादो-भादो कटली आएल अगहनमा ।
धनमा मैं लगलई कटनिआ हो राम ।
धनमा कटबई पसही सुखबई ।
बान्ही-छान्ही लबई खलीहान हो राम । (पृ. ९८)

यस प्रकार बज्जिका लोकगीतमा समाहित काव्यरस धेरै अर्थपूर्ण एवं भावपूर्ण रहेको हुन्छ । त्यस्तै गरी लोकवाद्य संसारका प्रत्येक संस्कृतिमा लोकबाजाको आफ्नै वैशिष्ट्य मौलिकता र महत्व रहेको हुन्छ । लोकगीतमा माधुर्य, सौन्दर्य, स्वर भर्ने काम लोकबाजाले नै गर्ने गर्दछ भनी चर्चा गरेका छन् । बज्जिका गाउँको चौपाल (वैठका घर) मा रामाणिको गायन, सांस्कृतिक सभा, सङ्कीर्तन, होली, चैतावर आदि पारस्परिक सङ्गीत रहेका हुन्छन् । प्राचीन वाद्ययन्त्र त प्रायः विलुप्त भैसकेको छ, तर पनि शीतल गिरीले केही वाद्ययन्त्र गाउँमा यदाकदा रहेका छन् भनी यस प्रकार देखाएका छन् :

(१) बाँस तरङ्ग, (२) पेंचबजना (खुरदक), (३) कठताल, (४) एकतारा, (५) डुगडुगी, (६) घडीघन्ट, (७) दुन्दुभि, (८) नगाडा, (९) मानर, (१०) बाँसुरी, (११) डमरु, (१२) सिङ्गा, (१३) झाल, (१४) डम्फु, (१५) शङ्ख ।

यी लोकबाजाहरू बज्जिका क्षेत्रका लोकबाथा हुन् भनी उल्लेख गरेका छन् । तराईवासीहरू नववर्षको पुनीत दिवसलाई जूड शीतल पर्व चाडकै रूपमा मनाउने गर्दछन् । यो पर्व चैत्र मसान्तको दिन पकाइएका वस्तुहरू बैशाख सङ्क्रान्तिको दिन खाने गर्दछन् । यस पर्वमा परिवारका सर्वश्रेष्ठ व्यक्तिले सानाको शिरमा पानीले सिञ्चन गर्दै 'भाग्यमानी भएस्, तेरो दिन सूदिन होओस्, सदा सुखमय जीवन, बिताउन पाएस्' आदि मङ्गलकामना गर्दै शुभकामना एवं शुभआशीर्वाद दिने प्रचलन रहेको कुरालाई प्रस्तुत गरेका छन् । बज्जिकाका केही पर्वउत्सवहरू निम्नानुसार प्रस्तुत

गरिन्छ : (क) चकचन, (ख) जितिया पर्व, (ग) छठपर्व जस्ता पर्वहरू रहेका छन् । उक्त पर्वमा लोकप्रिय लोकमहापर्व छठको सबैभन्दा प्राचीन गीत बज्जिकामै रहेको छ :

केरना जे फरले घउद से,
ओह पर सुगा मेडराए ।
मारवउ रे सुगना धेनुक से,
सुगा गिरे मुरछाए ।

यसरी बज्जिकाका पर्वहरूमा गीत गाउने प्रचलन रहेको छ ।

त्यसै गरी अध्याय पाँचमा विविध शीर्षक दिएर पृष्ठ सङ्ख्या ११० देखि १६१ सम्म संरचना गरिएको छ । यस अध्यायमा बज्जिकाको उखान टुक्काहरूको बारेमा उल्लेख गरेका छन् । बज्जिका लोक साहित्यमा बज्जिका उखान टुक्काको एउटा अलग्गै स्थान रहेको पाइन्छ । बज्जिका भाषी समुदायमा उखान वा लोकोक्तिलाई 'कहावत' भन्ने गरिन्छ भने टुक्कालाई 'टुका' भनिन्छ । त्यही विभिन्न रूप र शैलीमा प्रचलित बज्जिका उखान टुक्काले लोकजीवनमा अभिव्यक्तिको ओज बढाउने कार्य गरेको हुन्छ भनी उल्लेख गरेका छन् । बज्जिका उखान टुक्कामा हास्य, व्यङ्ग्य, गाम्भीर्य, सन्देश, उपदेश, अनुभव र अनुभूतिको सार रहेको हुन्छ र त्यही सारलाई शीतलले प्रस्तुत बज्जिकामा प्रचलित केही उखान टुक्काहरू :

(१) एक पूत के पूत न कही, एक आँखा के आँख न कही । (एउटा आँखालाई आँखा नभनौं, एउटा छोरालाई छोरा नभनौं)

(२) जइसन देस ओइसन भेस । (जस्तो देश छ त्यस्तै भेष धारण गर्नु पर्छ)

(३) लेना एक न देना दूँ । (एउटा लिएर दुइटा दिने काम राम्रो होइन) (पृ. १११) ।

यसरी यस्ता धेरै उखान टुक्काको प्रयोग बज्जिका भाषामा रहेको छ । त्यस्तै गरी गाउँखाने कथा पनि बज्जिका समाजमा प्रशस्त रहेको छ भनी शीतलले उल्लेख गरेका छन् । बालकदेखि वृद्धसम्म सबै वर्ग, पेसा तथा समुदायमा गाउँखाने कथाहरू उत्तिकै अभिरुचिका साथ प्रयोग गरिन्छन् ।

प्रस्तुत बज्जिकामा प्रचलित केही गाउँखाने कथा :

(१) तनिका गो बाछी तरप गेल गाछी । (लेखक)

(२) लाल घोडा खर खाए, पानी पीए मर जाए । (आगो)

(३) बिना जीभ के कहे कहानी ।
अँइठ कान त बोले बानी ॥ (रेडियो)

(४) फरे न फुलाए, ढकिए बिकाए । (नून) (पृ. ११८)

यसरी यस्ता धेरै बज्जिका भाषामा गाउँखाने कथाहरू रहेका छन् । त्यसरी नै बज्जिका भाषामा केही मुहाबराहरू रहेका छन् । मुहाबरा कुनै भाषण, बोलीमा, व्यवहारमा आउने वाक्यांश हो ।

(१) अगिया लगउनी; झगडा गराउन सिपालु ।

(२) चढल जुआनी = यौवनले उन्मत्त ।

(३) टँगरी गरइत हओ = ईर्ष्याको भाव आउनु ।

(४) मुँह देखी पनचाइत = पक्षपात गर्नु ।

यस्ता धेरै बज्जिका समाजमा मुहाबरा उल्लेखनीय रूपमा रहेका छन् । यसरी नै बज्जिका भाषा विकास र स्वरूप बारा, रौतहट र सर्लाही जिल्लाका बासिन्दालाई मुख्य रूपमा लिएका छन् ।मैथिली र भोजपुरी जाति समुदायको बसोबास रहेको भौगोलिक क्षेत्रको बीचमा आफ्नै भाषा, रीतिरिवाज, संस्कृति र जीवन परम्परा भएको बज्जि जातिलाई वि.सं. २०५८ मा सम्पन्न जनगणनामा बेग्लै भाषा र संस्कृति भएको जातिको रूपमा उल्लेख गरेपछि तत् विषयका अध्येताको यस जाति र यसका भाषा संस्कृतिप्रति विशेष ध्यानाकर्षण गरिएको पाइन्छ (उप्रेती) । शीतल गिरी बज्जि जाति र तिनको भाषा बज्जिका बारे राम्रो जानकार भएकाले गर्दा बज्जि र बज्जिका कृति कृतिकारको रूपमा प्रकाशित गरेर बज्जिका भाषा विकास र स्वरूपको अध्ययन गर्न र गराउने आग्रह गरिएको छ । बज्जिका अति समृद्ध, व्यापक र व्याकरणसिद्ध भाषा हो । विद्यापति, जायसी, कबीर, सूर र तुलसीका काव्यात्मक कृतिहरूमा बज्जिकाको शब्दको प्रयोग भएको कुरालाई उल्लेख गरेका छन् । गोरखापत्रमा प्रकाशित हुन थालेको बज्जिका पृष्ठले यसको ऊर्जा शक्तिको बोध गराएको छ । शुद्ध बज्जिका, जसमा कुनै अन्य भाषाका शब्दको प्रयोग हुँदैन । जो व्यक्ति नेपालीमा पनि तत्सम शब्दको प्रयोगको अभ्यस्त छन् त्यस्ताले बज्जिकामा तत्सम शब्दको प्रयोग गर्न सक्छन् भनेर उल्लेख गरेका छन् । यसरी बज्जिका भाषाको प्रयोग यस्ता रहेका छन् । जस्तो :

(१) पाणि = हात
पानि = जल

(२) बाण = तीर
बान = आदत (पृ. १२४) आदि ।

त्यसरी नै बज्जिको लोक इतिहास बज्जि गरणराज्य प्राचीन कालदेखि नै प्रतिष्ठित रहेको थियो । सबभन्दा पहिले गणतन्त्रको स्थापना वैशालीमा भएको थियो । हिजाआज गण्डक भनिने सिही नदी सो प्राचीन सभ्यताको भग्नाशेष रहेको स्थानभन्दा केही कोस उत्तरबाट पूर्व हानिएर बगिरहेको छ तर ती दिनहरूमा यो नदी त्यस वैभवशाली महानगरकै दक्षिण तर्फबाट बगेर दिधिवाराको नजिक गङ्गामा मिसिएको प्रसङ्ग उल्लेख गरेका छन् । त्यस महानगरको नाम वैशाली थियो र त्यहाँ लिच्छविहरूका बज्जि सङ्घको राजधानी थियो । विदेहराज्य छिन्न भिन्न भएपछि त्यो बज्जि सङ्घ बनेको हो भनी उल्लेख गरेका छन् । त्यस सङ्घमा विदेह, लिच्छवि, क्षत्रिका, बज्जि, उग्र, भोज, इक्ष्वाक र कौरव यी आठ कुल सम्मिलित थिए, जो अष्टकुलका नामले प्रख्यात रहेका छन् भनी प्रस्तुत गरेका छन् । विदेहका राजधानी मिथिला, लिच्छविहरूको वैशाली, क्षत्रिकहरूको कुण्डपुर र बज्जिहरूको कोल्लाग थियो । वैशाली भने अष्टकुल सङ्घको नै राजधानी थियो । यसरी विविध घटना र परिघटनाको उल्लखे गरेर शीतल गिरीले बज्जिको लोक इतिहासको चर्चा गरेका छन् र यस बज्जि र बज्जिका कृति सफल र सक्षम देखिएको छ ।

## ५.३ अनुसन्धानमूलकता

प्रस्तुत गरिएको बज्जि र बज्जिका जाति र भाषासँग सम्बन्धित कुराहरूलाई समेटेर शीतल गिरीले अनुसन्धान गरेका छन् । बज्जि र बज्जिकाको लोक संस्कृति, लोकजीवन र लोक इतिहासको अनुसन्धान गरी बौद्ध, जैन साहित्य र इतिहासको अध्ययन गर्दा गौतम बुद्धको समयमा वैशाली केन्द्रविन्दु रहेको शक्तिशाली बज्जि गणराज्य भएको भनी उल्लेख गरेका छन् । प्राचीन बज्जिको गरिमा खोज्ने कडी नै अनुसन्धान हो । यही अनुसन्धानबाट बज्जिका लोक संस्कृतिको सर्वाङ्गीण स्वरूपलाई संक्षेपमा प्रस्तुत गर्ने कार्य गिरीले गरेका छन् । यस अध्ययनबाट बज्जिका विषय सत्यतथ्य धेरैले थाहा पाउन सक्ने कृतिको रूपमा उपस्थित भएको छ । मैथिली र भोजपुरी जातिका भाषा र संस्कृतिसँग नजिकको सम्बन्ध रहे पनि बज्जि एउटा छुट्टै भाषा भएको जाति हो भन्ने कुरा प्रमाणित गरेको छ । यही विषयलाई लिएर शीतल गिरीले बज्जि र बज्जिकामा पाइने लोक संस्कृति, लोकनाट्य, लोकगीत र बाद्य जस्ता कुरालाई संक्षिप्त रूपमा अनुसन्धान गरी सूचना प्रवाह गरेका छन् ।

प्रस्तुत बज्जि र बज्जिका (लोक साहित्य) मा प्रत्येक जाति, जनजातिमा पाइने संस्कृति उत्तिकै उत्कृष्ट छन् र भौगोलिक परिवेशमा लोक परम्परा, लोक संस्कृति तथा लोक विश्वासले सम्बन्धित समाजलाई विशिष्ट बनाएको छ भनी शीतलले उल्लेख गरेका छन् । यही कुरालाई चरितार्थ पार्न शीतल गिरीले बज्जिकाको लोक संस्कृति, लोक नाट्य, लोकगीत र वाद्य, उखान टुक्का, गाउँखाने कथा जस्ता विषयको अनुसन्धान गरेका छन् । यस बज्जि र बज्जिकाको अहिलेसम्म कुनै पनि अनुसन्धान नभएकाले नेपाली लोकवार्ताको क्षेत्रमा बज्जि र बज्जिका सम्बन्धी यो कृति विशेष रूपमा रहेको छ । यस बज्जि र बज्जिकाको लोक संस्कृति, लोक नाट्य, लोकगीत जस्ता विषय अनुसन्धान हुँदाहुँदै पनि अनुसन्धान विधिको पालना गरिएको छैन । किनभने यस कतिमा पादटिप्पणी उल्लेख गरिएको छैन ।

## ५.४ भाषाशैली

प्रस्तुत बज्जि र बज्जिका (लोक साहित्यमा) सरल र सहज भाषाको प्रयोग गरिएको छ । तत्सम र तत्भव भाषाको प्रयोग भएको पाइन्छ । विश्वास, शासक, प्रशंसा, सङ्घर्ष, अष्टाबक्र, निष्ठा, अनुष्ठान, विषाद, पश्चात् गीत, शीत, पीडा, सीता, ऊर्जा, भूत, भूमि, अभिनेत्री, प्रणाली, पृथ्वी, साधारण, विधा, सम्बन्ध, कर्तव्य जस्ता प्रशस्त तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ । त्यस्तै बैस, बुढो, ठाउँ, दाइ, भाइ जस्ता धेरै तत्भव शब्दहरूको प्रयोग भएको पाइन्छ । त्यस्तै बज्जिका लोकगीतहरू पनि आएका छन् :

ए से लीवरो खराब भेल
गुरदो खराब भेल
भेल कैंसर बीमरिया, काहे उमर घटाबल
सराब पीपी के सईया, काहे धूम मचाबल

जस्ता धेरै लोकगीतहरू पनि आएका छन् । यसरी नै केही उखान टुक्काहरू आएको पाइन्छ । जस्तै : न ऊधो से लेना, न माघो को देना । अमुआँ झझोरै, बहे पुरबइ आ । तब गेशुँ मे पीअरी, घइआ । जेठ के दूपहरिआ, भादौं के अन्हरिआ जस्ता उखान टुककाहरूको पनि प्रयोग भएको पाइन्छ । यसरी केही गाउँखाने भाषाको पनि प्रयोग भएको पाइन्छ । जस्तै : परल लाठी उठाएत के । बन मेम हँसुआ टाँगल हए । कोठी पर कँगना, झलक मारे अँगना । फरे न फुलाए, ढकिए बिकाए । यस्ता धेरै उखान टुक्काको प्रयोग भएको पाइन्छ । यस लोक साहित्यमा संस्कृतिको प्रयोग, चाड

पर्वहरू, लोकबाजाहरू जस्ता भाषाको प्रयोगले लोक साहित्यलाई रोचकता र कलात्मकतामा थप टेवा पुऱ्याएको पाइन्छ । यसमा लोक संस्कृति, लोकजीवन र लोक इतिहास भएकाले साहित्यकारले वर्णनात्मक शैलीको प्रयोग गरेका छन् ।

## ५.५ निष्कर्ष

प्रस्तुत बज्जि र बज्जिका (लोक साहित्य) मा शीतल गिरीले लोक संस्कृति, लोक जीवन र लोक इतिहासको संक्षिप्त रूपमा परिचय दिएका छन् । यसमा बज्जि र बज्जिका जाति र भाषा हुन् भनेर चर्चा गरिएको छ । तराई क्षेत्रमा उल्लेख्य सङ्ख्यामा रहेका बज्जि जातिको लोक जीवन, लोक संस्कृति एवं लोक साहित्यको रूपमा रहेको लोक नाट्यकलासँग सम्बन्धित रोचक सूचना प्रवाह गर्न यो पुस्तक सक्षम रहेको छ । मैथिली र भोजपुरी जाति समुदायको बसोबास रहेको भौगोलिक क्षेत्रको बीचमा आफ्नै भाषा, रीतिरिवाज, संस्कृति र जीवन परम्परा भएको बज्जि जातिलाई वि.सं. २०५८ मा सम्पन्न जनगणनामा बेगल, भाषा र संस्कृति भएको जातिको रूपमा उल्लेख गरेपछि तत् विषयमा बज्जि र बज्जिका सम्बन्धी नेपाली भाषामा लेखिएको पहिलो कृति मानिएको छ । यसरी यस कृतिले बज्जि र बज्जिका एउटा छुट्टै भाषा भएको जाति हो भन्ने कुरा प्रमाणित गरेको छ (उप्रेती, २०७० : ३-१५) । त्यसैले नेपाली लोकवार्ताको क्षेत्रमा बज्जि र बज्जिका सम्बन्धी यो कृति विशेष पहिचानको कृति हुन सकेको छ ।

यस लोक साहित्यमा शीतल गिरीले छ अध्यायमा विभाजन गरी अनुसन्धान परिचय, बज्जिका लोक संस्कृति, बज्जिकाको लोक नाट्य, बज्जिकाको लोकगीत र बाद्य, उखान टुक्का, गाउँखाने कथा जस्ता शीर्षक उपशीर्षकमा प्रस्तुत गरेका छन् । बज्जि र बज्जिकामा गाउने लोकगीत, होली गीत, धनकटनी गीत, बज्जिकाका लोकपर्वहरू उल्लेख गरेका छन् । बज्जिकामा प्रचलित संस्कारगीत अन्तर्गत सोहर गीत, आइमाईहरूले गाउने छठिहार गीत, आँखामा गाजल लगाउने गीत, छोरा जन्मिएको खुसियालीमा गाउने गीत, मुण्डन गीत, वर्तमनको गीत जस्ता धेरै संस्कार गीतहरू उल्लेख गरेका छन् । यसरी यस कृतिमा बज्जि र बज्जिकामा पाइने लोक संस्कृति, लोक जीवन र लोक इतिहास कस्तो छ भनी गिरीले अध्ययन अनुसन्धान गरेका छन् ।

# परिच्छेद - छ

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

प्रस्तुत शोधको पहिलो परिच्छेद परिचय खण्ड हो । यसमा शोधको समष्टि सङ्गठन पक्षको संक्षिप्त स्वरूपलाई यस अन्तर्गत विषय परिचय, समस्याकथन, उद्देश्य कथन, पूर्वकार्यको समीक्षा, शोधविधि, अध्ययनको सीमाङ्कन, अध्ययनको औचित्य र समग्र सङ्कलन र शोधविधि समेटिएको छ । यस क्रममा समस्याकथनमा मुख्य समस्या, उद्देश्य कथनमा शोधको मुख्य उद्देश्य, पूर्वकार्यको समीक्षामा कृतित्व सम्बन्धी अध्यनसँगै सम्बन्धित र निकट किसिमका विश्लेषणको प्रारूपको उल्लेख छ । शोधविधिका रूपमा सामग्री सङ्कलन र विश्लेषणात्मक विधि अपनाइएको छ । त्यसै गरी अध्ययनको सीमाङ्कनमा शीतल गिरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन एवम् विश्लेषण गरिएको छ र औचित्यमा शोधको आवश्यकताको विषयमा संक्षिप्त परिचय दिइएको छ ।

प्रस्तुत शोधको दोस्रो परिच्छेदमा शीतल गिरीको जीवनी र व्यक्तित्वका विभिन्न पक्षको समग्र विश्लेषण गरिएको छ । यस अन्तर्गत विषय प्रवेश, जन्म र बाल्यकाल, शिक्षादीक्षा, पारिवारिक स्थिति, पेशा, रुचि र स्वभाव, लेखनका लागि प्रेरणा र प्रभाव, संस्थागत संलग्नता, सम्मान र पुरस्कार, जीवनी, व्यक्तित्व र कृतित्व बीचको सम्बन्ध र प्रकाशित कृतिहरूलाई प्रष्ट्याइएको छ । त्यसै गरी शीतल गिरीको व्यक्तित्व, उनका व्यक्तित्वका विभिन्न पाटाका रूपमा साहित्यिक र साहित्येत्तर व्यक्तित्वको चर्चा गरिएको छ ।

तेस्रो परिच्छेदमा कविता सङ्ग्रहको विश्लेषण गरिएको छ । यस कविता सङ्ग्रह अन्तर्गत 'महाकाल', 'नारी', 'मजदूर', 'कविता', 'कानखोलेर सुन व्याभिचारीहरू हो ?', 'नदिको भनाई', 'फर्केर हेर', 'म उपहार हुँ', 'जनताकी छोरी', 'किसान', 'आजको आवाज' र 'जनता परिवर्तन चाहन्छ' गरी जम्मा बाह्रवटा कविता रहेका छन् । यी कविताहरूलाई विषयवस्तु, भाव वा विचार र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

चौथो परिच्छेदमा दुईवटा निबन्ध सङ्ग्रहको अध्ययन गरिएको छ । पहिलो निबन्ध सङ्ग्रह 'पत्रमित्रता युगको आवश्यकता' र दोस्रो 'प्रसङ्‌वस' निबन्ध सङ्ग्रह गरी दुईवटा रहेका छन् । यी दुईवटा निबन्ध सङ्ग्रह भित्रका निबन्धहरू 'मूर्तिया', 'जटजटिन', 'थारू', 'समाजमा', 'नेपाली भाषामा उर्दू भाषाको प्रभाव', 'पत्रमित्रता युगको आवश्यकता', 'राजदेवी', 'समाचकवा', 'अशोक वाटिका', 'आभीर', 'गोपाल', 'चिप्लाङ', 'जनकवंशी राजाहरू', 'डोयराज्य', 'धर्मयात्रा', 'भेडापाल', 'रनिवास', 'रुद्रसिंहको मुक्ति', 'रौतहट', 'भिक्षुनास', 'तथागतको आगमन', 'नेवार जाति र भाषा बारे केही टिप्पणी' गरी जम्मा बीसवटा निबन्धहरू रहेका छन् । यी निबन्धहरूलाई विषयवस्तु, भाव वा विचार र भाषाशैलीका आधारमा विश्लेषण गरिएको छ ।

पाँचौं परिच्छेदमा बज्जि र बज्जिका (लोक साहित्य) कृतिको विश्लेषण गरिएको छ । यस कृतिमा अनुसन्धान परिचय, बज्जिका लोकसंस्कृति, बज्जिकाको लोकनाट्य, बज्जिका लोकगीत र वाद्य, विविध र अनुसन्धान गरी जम्मा छ अध्याय रहेका छन् । यी अध्यायहरूलाई विषयवस्तुको आधारमा संक्षिप्त रूपमा अध्ययन गरिएको छ ।

वि.सं. २०१३ चैत्र ३ गते कञ्चनपुर जिल्लाको बेलौरीमा स्व. कमलबहादुर गिरी र माता धनदेवी गिरीका तीन जना छोरा मध्येका जेष्ठ सुपुत्र शीतल गिरी हुन् । उनले नेपाली साहित्यमा विविध विधामा कलम चलाएर साहित्य व्यक्तित्व फराकिलो बनाएका छन् । शोधनायक शीतल गिरीले आफ्नो बाल्यकाल पूर्णतया आफ्नै गाउँमा बिताएका हुन् । उनी मध्यम वर्गीय परिवारमा जन्मेकाले आर्थिक अभावमा खासै दुःख थिएन । शिक्षादीक्षाको गाउँमा त्यति प्रशस्त स्कुल नभएकाले उनको दिदी तुलसीबाट शिक्षा आरम्भ गरेका हुन् । उनले दिदीको साथसाथै एकै चोटी कक्षा पाँचमा नाम लेखाइ अध्ययन गरेका हुन् । यसरी समयवित्दै जाँदा २०३४ सालमा प्राइभेटबाट परीक्षा दिएर एस.एल.सी. उत्तीर्ण गरे र २०४७ सालमा आइ.ए. सम्मको प्रमाण पत्र भारत विहार विश्वविद्यालयबाट लिएका छन् ।

शीतल गिरीले साहित्य लेखन र प्रभाव चन्द्रनिगाहपुरमा रहेको सूर्योदय पुस्तकालयलाई लिएका छन् । त्यस पुस्तकालयले लक्ष्मी जयन्तीको अवसर पारेर प्रत्येक वर्ष साहित्यिक गतिविधि हुने गर्थ्यो । त्यही अवसरमा वृहद कवि गोष्ठि भयो र शीतल गिरी पनि सहभागी भई आफ्नो 'नारी' शीर्षक कविता वाचन गरी प्रथम

भएका हुन् । सो कविता 'महाकाली' कविता सङ्ग्रहमा समावेश गरिएको छ । त्यस पछि निरन्तर रूपमा साहितय लेखनमा उपस्थित भई कुनै न कुनै रूपबाट जनाउँदै आएका छन् । शीतल गिरीलाई पुराना कुराहरूले ठूलो प्रभाव पारेको छ । त्यसैले उनका रचनामा सामाजिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक कुरा पर्याप्त रूपमा आएका छन् । नेपालका मदनमणि दीक्षित, जनकलाल शर्मा, नयराज पन्त लगायतका लेखनीबाट प्रभावित भएका छन् भने भारतीय लेखकमा राहुल सांस्कृत्यायन, अमृतलाल नागर, कमलेश्वर, यशपाल, नागार्जुन लगायतका लेखकबाट प्रभाव परेको बताउँछन् । यसरी शीतल गिरीले नियमित लेखन २०४४ सालदेखि नेपाली साहित्यमा योगदान दिँदै आएको छन् । उनका कृतिमा सामाजिक, आर्थिक, राजनीतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक कुराहरूलाई समावेश गरी उल्लेख गरेका छन् । उनले देखेका, भोगेका, सुनेका कुरालाई ठाडो विरोध नगरी साहित्यिक तर्कद्वारा प्रस्तुत गर्नु उनको महत्वपूर्ण विशेषता रहेको छ । उनले आफ्नो जन्मभूमि महाकाली अञ्चलको सेरोफेरोलाई समेटेर निबन्ध लेखेका छन् । उनले निबन्ध सङ्ग्रहमा गाउँ, शहर, समाज आदिको यथार्थ चित्रण गरेका छन् । समाजमा रहेको अन्धविश्वास, रुढीवादी, परम्परा जस्ता कुराहरू निबन्धमा प्रस्तुत गरेका छन् । शीतल गिरीका मनमा जसरी भनाई आउँछन् र समाजले जसरी भोगेका छन् त्यसरी नै 'पत्रमित्रता युगको आवश्यकता' निबन्ध सङ्ग्रहमा प्रस्तुत गरेका छन् ।

## ६.२ निष्कर्ष

शीतल गिरीले कृति प्रकाशन गर्ने क्रममा दुईवटा निबन्ध सङ्ग्रह प्रकाशित गरी सकेका छन् । उनको पहिलो निबन्ध सङ्ग्रह 'पत्रमित्रता युगको आवश्यकता' रहेको छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा सामाजिक यथार्थ, पुराना मूल्य र मान्यता, संस्कृति, संस्कार जस्ता कुराको खोजी गर्दै तथ्यपरक सत्य पहिल्याउने खालका विषयवस्तु रहेका छन् । जस्तो उनका 'पत्रमित्रता युगको आवश्यकता' राजदेवी, मूर्तिया, सामा चकवा जस्ता निबन्धमा सामाजिक यथार्थको चित्रण, संस्कृति, संस्कारको स्वरूप जस्ता कुराको उल्लेख गरेका छन् । त्यस्तै उनको अर्को 'प्रसङ्वस' निबन्ध सङ्ग्रहमा जिज्ञासामूलक र उत्सुकताजन्य विषयको खोजीलाई बढी महत्व दिएका छन् । उनको जसरी कृतिको नाम प्रसङ्गवस रहेको छ त्यसरी नै त्यस कृति भित्रको निबन्धले पाठकलाई सङ्ग्रह कोट्याउने र जिज्ञासा देखाउने प्रवृत्ति उनको

कृतिमा रहेको छ । जस्तो उनको गोपाल, भेडापाल, धर्मयात्रा जस्ता निबन्धमा उल्लेख गरेका छन् । यसरी उनको निबनधमा एकातिर कुविचार बोकेकाहरूको कुत्सित मनसाय उदाङ्गो पारेको छ भने अर्कोतिर सशक्त ढङ्गले नयाँपन रस्थापित गर्नु पर्छ भन्ने दृष्टिकोण अघि सारेका छन् । उनका निबन्धले विगतको पीडालाई देखाउँछ भने वर्तमानको विसङ्गतिलाई ओकल्दछ अनि नेपालीपन र संस्कृति लोप हुन लागेको हुँदा आक्रान्त बनेको सचेत नेपालीको रोदनलाई व्यक्त्याउनु उनको कृतिको मुख्य विशेषता रहेको पाइन्छ । पुरानो युगको सत्यलाई टिपेर सरल भाषाशैलीमा दुरुस्तै निबन्धमा उतारेर निबन्धमा छर्लङ्ग पारिदिनु उनको अर्को गिरीको अर्को सबल पक्ष रहेको देखिन्छ । त्यस्तै गरी निबन्ध सङ्ग्रहमा कृति भित्रकै विचारप्रधान निबन्धको शीर्षकलाई कृतिको शीर्षक बनाएकोले उनको कृतिले सार्थकता बोकेको छ ।

शीतल गिरीका कविताहरू गद्यलयमा संरचित छन् । उनका कविताहरूमा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगका साथै सरल र सहज भाषाको प्रयोगले कविता पाठकसामु उत्कृष्ट बनेको छ । उनले देश, काल र परिवेश अनुरूप विविध सन्दर्भ र विषयहरूलाई आफ्नो विषय बनाएका छन् । उनका कवितामा राष्ट्रियता, समानता, असमानता, सांस्कृतिक जागरण, मानवतावादी चिन्तन, विकृति र विसङ्गतिप्रति विरोध, परिवर्तनको चाहना जस्ता विषयहरूलाई समेटेका छन् । यसरी समाजका गरीब, दीन, दुःखी, अन्धविश्वास कुराको यथार्थ चित्रण गरी आफ्ना रचना मार्फत व्यङ्ग्य गरेका छन् । यसरी शीतल गिरीले आफ्नो लामो साहित्य सङ्घर्ष र सिर्जनालाई जीवन्तता दिँदै नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएका छन् ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौँ : विद्यार्थी प्रकाशन ।

उप्रेती, गङ्गाप्रसाद (२०७०), **प्रकाशकीय भूमिका**, “बज्जि र बज्जिका”, लेखक शीतल गिरी, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

कानु, रामविश्वास साह (२०६४), “रौतहट साहित्य सर्वेक्षण”, अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन, वीरेन्द्र बहुमुखी क्यामपस, भरतपुर ।

गड्तौला, नारायण (२०६९), **शाकुन्तल महाकाव्यको विवेचना**, काठमाडौँ : शुभकामना प्रकाशन ।

गिरी, शीतल (२०४५), **महाकाली**, रौतहट : कमला भारद्वाज ।

----------, (२०५७), **पत्रमित्रता युगको आवश्यकता**, वीरगंज : प्रतीक प्रकाशन ।

----------, (२०६३), **प्रसङ्गवस**, रौतहट : रश्मि प्रकाशन ।

----------, (२०७०), **बज्जि र बज्जिका**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गिरी, शीतल र गिरी, जिवेन्द्रदेव (२०५७), **हाम्रा लोकगाथा**, काठमाडौँ : एकता प्रकाशन ।

गौतम, देवीप्रसाद (२०६७), **भाषाविज्ञान**, काठमाडौँ : पाठ्य सामग्री पसल ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), **समकालीन नेपाली कविताका प्रवृत्ति**, काठमाडौँ : पैरवी प्रकाशन ।

दीक्षित, मदनमणि (२०६३), **आशीर्वचन**, “प्रसङ्गवस”, लेखक शीतल गिरी, रौतहट : रश्मि प्रकाशन ।

धराबासी, कृष्ण (२०६३), **भूमिका**, “प्रसङ्गवस”, लेखक शीतल गिरी, रौतहट : रश्मि प्रकाशन ।

‘परिश्रमी’, घनश्याम न्यौपाने (२०५७), **पत्रमित्रता युगको आवश्यकता**, ‘प्राक्कथन, लेखक शीतल गिरी, वीरगंज : प्रतीक प्रकाशन ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य**, काठमाडौँ : एकता बुक्स ।

'मित्र' सञ्जय साह (२०७०), **रौतहट परिचय**, वीरगंज प्रतीक प्रकाशन ।

--------------, (२०७१), **नेपालमा बज्जिका भाषा**, 'बज्जि र बज्जिका', लेखक शीतल गिरी, वीरगंज : प्रतीक प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, नगेन्द्रराज (२०६३), **प्रसङ्गवस**, 'मन्तव्य', लेखक शीतल गिरी, रौतहट : रश्मि प्रकाशन ।

शर्मा, मोहनराज (२०६३), **शब्दरचना र वर्णविन्यास वाक्यतत्व, अभिव्यक्ति र पाठहरू**, काठमाडौँ : नवीन प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६८), **शोधविधि**, पाँचौँ संस्करण, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०६४), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, बाह्रौँ संस्करण, काठमाडौँ : साझा प्रकाशन ।

'समर्थन', रमेशहरि ढकाल (२०५७), **पत्रमित्रता युगको आवश्यकता**, लेखक शीतल गिरी, वीरगंज : प्रतीक प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६३), **नेपाली निबन्ध भाग २**, चौथो संस्करण, काठमाडौँ : पाठ्य सामग्री पसल ।

शीतल गिरीसँग लिइएको अन्तर्वार्ता मिति २०७२/८/८ ।

शीतल गिरीसँग लिइएको अन्तर्वार्ता मिति २०७२/८/१५ ।

शीतल गिरीसँग लिइएको अन्तर्वार्ता मिति २०७२/८/२५ ।

शीतल गिरीसँग लिइएको अन्तर्वार्ता मिति २०७२/९/२० ।

शीतल गिरीसँग लिइएको अन्तर्वार्ता मिति २०७२/९/२५ ।

शीतल गिरीसँग लिइएको अन्तर्वार्ता मिति २०७२/१०/५ ।

शीतल गिरीसँग लिइएको अन्तर्वार्ता मिति २०७२/१०/१० ।